# अध्याय – छ
# चिडिमार जातिको संस्कृति र यसमा आएका परिवर्तनहरू

## ६.१ संस्कृतिको परिचय

'संस्कृति' भन्ने शब्द सस्कृत भाषाबाट आयातित भएर नेपाली भाषामा प्रयोग हुँदै आएको तत्सम शब्द हो । यो शब्दको मूल धातु 'कृ' हो । यो 'कृ' मूल धातुमा 'सम्' उपसर्ग र 'ति' प्रत्यय जोडिएर संस्कृति शब्द बनेको हो । यो 'कृ' संस्कृत धातुको अर्थ 'गति' भन्ने हुन्छ । यो मूल धातुमा उपसर्ग र प्रत्यय लागेर बनेको संस्कृति शब्दको अर्थ चलायमान, गतिशील वा परिमार्जित हुनु भन्ने हुन्छ (आप्टे, १९९७ ई., पृ. १०५१) । सभ्यताको विकाससँगै मानिसले आर्जन गरेको ज्ञान, अनुभव र व्यवहारलाई परिमार्जन र परिस्कृत गर्दै त्यसमा अन्य नयाँ ज्ञान र अनुभव थप्दै संगालेको विगतदेखिको अनुभव नै संस्कृति हो । यो 'संस्कृति' लाई जनाउने अङ्ग्रेजी शब्द 'कल्चर' हो । कल्चर भन्ने शब्दको अर्थ टु कल्टिभेट वा विजारोपण गर्नु भन्ने हुन्छ । मानव मस्तिस्कमा रहेको खराव विचार र भावनाको ठाउँमा असल भावना र विचारको प्रत्यारोपण संस्कृति शब्दको मूल आसय हो । संस्कृतिले मानिसलाई सहज र सरल जीवन जीउँन मद्दत पुऱ्याउने गर्दछ ।

कुनै पनि जातजाति, वर्ग, समुदाय, सम्प्रदायका मानिसहरूको पहिचानको प्रमुख आधार भनेको उसको संस्कृति हो । संस्कृति कुनै व्यक्ति विशेष वा जाति विशेषमा मात्र सिमित नभएर आम मानव समुदायमा निहित खानपान, भाषा, धर्म, रहनसहन, आचारविचार, वेशभूषा, भाषा, आदिमा उदृत भएको हुन्छ । संस्कृतिको निर्माण तत्काल नभएर हजारौं हजार वर्षको त्याग र क्रमबद्ध ऐतिहासिक विकासबाट अभिव्यक्त हुँदै आइरहेको हुन्छ । यसले मानव जीवनलाई परिस्कृत, शुद्ध, निखार, बनाउँदै, खार्दै आफ्नोपना र आत्मपहिचानको अवस्थामा पुऱ्याउदछ । हरेक मानव समुदाय, वर्ग, सम्प्रदाय तथा जातजातिका आ-आफ्नै विशिष्ट र मौलिक संस्कृतिहरू रहेका हुन्छन् (बराल, २०५० वि.सं., पृ. २) । नेपालमा त्यस्ता प्रसस्त जातजाति, वर्ग र समुदायका मानिसहरूको बसोबास रहेको हुनाले ती सबै जातजातिका आ-आफ्नै संस्कृतिहरू कायम रहँदै आएका पाइन्छन् । त्यसै गरी नेपालको तराई क्षेत्रमा बसोबास गर्दैआएको चिडिमार जातिको पनि आफ्नै स्वतन्त्र र मौलिक संस्कृति कायम रहँदै आएको पाइन्छ ।

संस्कृति कुनै विशेष मानव समुदायको पहिचानको आधार हो । यो भौतिक र अभौतिक गरी दुई प्रकारको हुन्छ । भौतिक संस्कृति आँखाले देख्न सकिने हुन्छ जसमा मानिसका बास्तुकला, मूर्तिकला, चित्रकला, लवाइखवाई, रहनसहन, औजारहरू, गरगहनाहरू, उपयोगका सामानहरू तथा वस्तुहरू आदि रहेका हुन्छन् (मेरिल, १९६१ ई., पृ. १२९-३१) । त्यसै गरी अभौतिक संस्कृतिहरू आँखाले नदेखिने हुन्छन् । त्यसको नाप, तौल, रूप, आकार केही पनि हुँदैन । त्यस्तो संस्कृति अनुभूति वा महसुस गर्न र पालना मात्र गर्न सकिन्छ । मानिसका विचार, विश्वास, व्यावहार, सामाजिकप्रथा, नैतिकता, मनोरन्जन आदिको अनुभूति जुन मानव मस्तिस्कले मात्र ग्रहण गर्ने र नदेखिने गरी व्यक्त हुने हुनाले त्यस्तो संस्कृतिलाई अभौतिक संस्कृति भन्ने गरिएको हो (मेकाइभर र पेज, १९५० ई., पृ. ४९९) । यी दुवै प्रकारका संस्कृतिहरू विश्वका जुनसुकै मानव समुदायमा पनि पाउन सकिन्छ ।

संस्कृति मानवीय समाजका सदस्यहरूको ज्ञान, विश्वास, कला, नैतिकता, व्यावहार, धर्म, क्षमता तथा दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने क्रियाकलापहरू हुन् (टेलर, १९७४ ई., पृ. १) । संस्कृति मानिसको परम्परागत सामाजिक, पैत्रिक तथा पुर्ख्यौली सम्पत्ति हो । जसलाई समाजका सदस्यका हैसियतले मानिसले आफ्नो पूर्खाबाट उपहारका रूपमा ग्रहण गर्दछन् र आफ्नो जीवनमा त्यसको अभ्यास गर्दछन् (निक्स, १९६७ ई., पृ. १) । संस्कृति वास्तवमा मानिसको भौतिक तथा बौद्धिक साधनहरूको पूर्ण योग हो जसद्वारा मानिसले आफ्नो सामाजिक आवश्यकताको सन्तुष्टि प्राप्त गर्दछन् अथवा संस्कृतिको माध्यमबाट आफ्नो सामाजिक पर्यावरणको अनुकुल रहने प्रयास गर्दछन् (पेडिङ्टन, १९५२ ई., पृ. ३) । यस अर्थमा परम्परागत संस्कृतिले मानिसलाई सभ्य र सुसंस्कृत बनाउन मद्दत गर्दछ ।

संस्कृति मानवीय समूहको पहिचानको प्रमुख आधार हो । यसले मानव समुदायका बीचमा हुने क्रियाकलापका भिन्नतालाई प्रस्ट्याउने कार्य गर्दछ । यो एउटा निश्चित समूह, वर्ग वा जातिमा निहित हुन्छ । संस्कृति सम्पूर्ण मानव समूहमा भिन्न हुँदाहुँदै पनि अधिकाधिक समानता पनि रहेको हुन्छ । त्यसो हुनाका कारण यसले छिट्टै मानव मस्तिस्कमा समान रूपले प्राकृतिक प्रभाव पार्ने काम गर्दछ (क्रोइवर, १९५२ ई. , पृ. ५) । संस्कृतिकै कारणले गर्दा मानिस अर्को समूह वा जातिभन्दा भिन्न भएर देखा पर्दछ । मानिसको जीवनयापनको आधारभूत कुरामा संस्कृतिले गहिरो प्रभाव पारेको हुन्छ । संस्कृतिकै कारण एउटा मानव समुदायलाई मान्य हुने कार्य अर्को मानव समुदायका लागि वर्जित पनि हुने गर्दछ (होनिङमेन, १९५४ ई., पृ. २४) । यथार्थमा संस्कृतिले मानिसको वर्ग, समूह र सम्प्रदायको पहिचान गराउनाका साथै समाजमा उसको अस्तित्व स्थापना गर्नमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

संस्कृति भनेको मानिसले आफ्नो जीवनयापन गर्ने विधिलाई सजिलो र सरल तुल्याउनका लागि बनाएको मौलिक नियम हो । मानिसले आफ्नो निश्चित समूहका लागि निर्माण गरेका त्यस्ता नियमहरू सधैं परिवर्तनशील अवस्थामा रहेका हुन्छन् । जङ्गली युग, बर्बर युग र त्यसपछि सभ्य युगका चरणहरूमा फरकफरक संस्कृतिको विकास गर्दै आएको पाइन्छ । त्यसरी मानव संस्कतिमा हुने परिवर्तनको प्रमुख कारण जीवनयापनका साधनहरूको उत्पादनमा भएको प्रगतिलाई मानिदै आएको छ (प्रश्रित, २०७१ वि.सं., पृ. ८४) । ती संस्कृतिका प्रागैतिहासिक चरणहरूमध्ये सभ्य युगमा प्रवेश गरेपछि मानिसले कृषि, पशुपालनको संस्कृतिमा फड्को मारेको हो (एन्गेल्स, २०६५ वि.सं., पृ. २७) । समयको परिवतसँगै मानिसका अत्यावश्यक प्राविधिक ज्ञान, अत्याधुनिक सञ्चारका साधनहरूको उपभोग, परम्परागत भाँडावर्तनको प्रयोगमा आएको परिवर्तन र विकास, दैनिक कार्यशैली, खाना पकाउने र खानेदेखि लिएर मानिसको दैनिक क्रियाकलापमा आएको भिन्नताले संकृतिमा समेत ठूलो परिवर्तन देखापर्दै गइरहेको छ (मेड, १९७८ ई., पृ. १३) । त्यस्तो अवस्थामा नेपालमा रहेका पिछडिएका, अल्पसङ्ख्यक अवस्थामा रहेका जातजातिहरूका संस्कृतिको जगेर्ना गर्नु एकातिर चुनौतिको विषय भएको छ भने अर्कातिर उनीहरूलाई आफ्नो संस्कृतिको महत्वका बारेमा जानकारी हुनु पनि नितान्त आवश्यक बन्दै गइरहेको छ ।

संस्कृति जहिले पनि गतिशील र परिवर्तनशील अवस्थामा रहिरहने गर्दछ । यो एउटा समूह, वर्ग वा जातिबाट अर्को समूह, वर्ग वा जातिले समेत अनुशरण गर्न सक्दछ । मानिसले समयको अन्तरालमा आफ्ना पुराना हुँदै गएका र समयानुसार परिवर्तन हुन नसकेका संस्कृतिको त्याग गरी अर्काको संस्कृति नक्कल गर्दै जाने गरेको पनि पाइन्छ । विश्वव्यापीकरणका कारण वर्तमान विश्वमानव समुदायमा एउटा वर्गले मान्दै आएको संस्कृति अर्को वर्गले ग्रहण गर्ने वा त्यसको नक्कल गर्ने प्रवृत्ति निकै बढेर गएको पाइन्छ । मानवीय अन्तरघुलनका कारण पनि संस्कृति एकापसमा अन्तरग्रहण हुने गरेको हो (माइकेल, १९८६ ई., पृ. १२) । मानिस अर्काको संस्कृतिप्रति सधैं जिज्ञासु, आकर्षित र उत्सुक भइरहने हुनाले कतिपय आदिवासिका परम्परागत संस्कृतिहरू लोप भएर गइसकेको अवस्था छ । संस्कृति यसरी लोप हुनुभन्दा अगावै सम्बन्धित वर्गलाई त्यसको महत्वको पहिचान हुन सके लोप भएर जान लागेका संस्कृति पनि पुनः जगेर्ना हुन सक्दछन् । नेपालमा केही पिछडिएका जातजातिका संस्कृतिहरू पनि लोपोन्मुख हुँदै गएका छन् । त्यसो हुनुको कारण सम्बन्धित पक्षलाई आफ्नो संस्कृतिको महत्व थाहा नहुनु र सरकारले पनि त्यस्ता संस्कृतिको जगेर्ना गर्नेतर्फ ध्यान नपुऱ्याउनु हो ।

## ६.२ चिडिमार जातिको संस्कृतिका विविध पक्षहरू

नेपालमा १२५ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६९ वि.सं., पृ. २२-२९) । ती प्रत्येक जातजातिका आ-आफ्नै किसिमका संस्कृतिहरू रहेका हुन्छन् । संस्कृतिको निर्माणमा उनीहरूको वरिपरि रहेको पर्यावरणले ठूलो प्रभाव पारेको हुन्छ । पर्यावरण खासगरी प्राकृतिक र सामाजिक गरी दुई प्रकारको हुने गर्दछ । प्राकृतिक पर्यावरणको निर्माता प्रकृति हो भने त्यसमा मानवीय क्रियाकलाप मिसिएर सामाजिक पर्यावरणको निर्माण भएको हुन्छ । प्राकृतिक पर्यावरणसँग मानिसको अन्तरघुलन भएपछि मानवीय संस्कृतिको निर्माण हुने गर्दछ (हर्षकोविट्स, १९५६ ई., पृ. १७) । नेपालको हिमाली, पहाडी र तराई क्षेत्रको पर्यावरणमा विविधता भएका कारण ती तीनै ठाउँमा बस्ने मानिसहरू मात्र होइन फरकफरक ठाउँमा विकसित भएर आएका मानिस र जातजातिहरूका बीचमा पनि फरकफरक संस्कृति हुने गर्दछ । चिडिमार नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आएको जाति भएका कारण उसले त्यहीँको वातावरण र हावापानी सुहाउँदो संस्कृतिको विकास गर्दै आएको पाइन्छ ।

नेपालको तराई क्षेत्र खासगरी बाँके जिल्लामा बसोबास गर्दैआएका चिडिमार जातिका मानिसहरूको संस्कृतिका बारेमा जानकारी लिदा उनीहरूको संस्कृतिका विभिन्न आयामहरूको अध्ययन आवश्यक देखिएको छ । चिडिमार जातिको संस्कृतिलाई मौलिक, परिवर्तित र मिश्रित अवस्थामा रहेको पाइएको छ । समग्र चिडिमार जातिको संस्कृतिको अध्ययन गर्दा यस जातिको भाषा, धर्म, देवदेवीहरूको पूजाआजा, चाडपर्व, वेषभूषा र गरगहना, रीतिरिवाज, खानपान, स्वास्थ्य र सरसफाई, मनोरन्जन तथा गीतसङ्गीत, भाँडावर्तन, सम्मान र सत्कार, प्रचलित विश्वास तथा धारणा, नाचगान, संस्कार जस्ता विविध कुराहरूको अध्ययन गरेर मात्र पूर्ण जानकारी हासिल गर्न सकिने हुनाले यी विभिन्न पक्षको यहाँ पृथकपृथक रुपमा अध्ययन गरिएको छ ।

### ६.२.१ भाषा

चिडिमारहरू नेपालको तराई क्षेत्रमा बसोबास गर्दैआएका दलित समुदायका मानिसहरू हुन् । आजभन्दा भण्डै पाँच-छ पुस्ता अगाडि भारतबाट थानान्तरित हुँदै पश्चिम नेपालको तराई क्षेत्रमा आई बसोबास गरेका थिए । भारतमा अहिलेसम्म पनि त्यहाँको राष्ट्रिय भाषा हिन्दी रहँदै आएको हुनाले भारतबाट बसाइँ सरेर आएका चिडिमार जातिका मानिसहरूको भाषा पनि हिन्दी हुने अनुमान

गर्न सकिन्छ । तर यी चिडिमार जातिका मानिसहरूको मातृभाषा हिन्दी होइन अवधी हो (चौलागाई, २०६३ वि.सं., पृ. ६) ।  नेपालको तराई क्षेत्रमा हिन्दी भाषा पनि परम्परागत रूपमा बोलिने र तराई क्षेत्रमा बस्ने मानिसहरूको लेनदेन तथा विहावारीसमेत भारतको उत्तरी सीमावर्ती क्षेत्रका मानिसहरूसँग हुने गरेका कारण चिडिमार जातिका मानिसहरूले पनि हिन्दी भाषासमेत राम्रोसँग बोल्ने र बुझ्ने गरेको भने पाइन्छ ।

नेपालमा बसोबास गर्ने मानिसहरूले आफ्नो मातृभाषाका रूपमा प्रयोग गर्दैआएका भाषाहरूलाई प्रमुख रूपमा इण्डो-युरोपीयन समूह, सिनो-टिवेटीयन समूह, एस्ट्रो-एसियाटिक समूह र द्रविडियन समूह गरी चार भागमा विभाजन गरिएको पाइन्छ । यी भाषा समूहहरूमध्ये नेपालको तराई क्षेत्रमा बोलिने मैथिली, भोजपुरी, थारु, अवधी, राजवंशी, हिन्दी र उर्दूजस्ता भाषाहरू इन्डो-युरोपीयन समूहभित्रै पर्दछन् । नेपालमा बोलिने राष्ट्रिय भाषा नेपाली पनि यही इन्डो-युरोपीयन भाषा समूहमा पर्दछ (गुप्ता, २०६१ वि.सं., पृ. १४) । केही समय अगाडिसम्म पनि नेपाली भाषा बोल्न हिचकिचाउने तथा कम मात्र बुझ्ने चिडिमार जातिका मानिसहरू आफ्नो पेसा परिवर्तन हुँदै गएपछि बाध्य भएर नेपाली भाषा बुझ्ने र बोल्ने हुँदै गएको पाइन्छ ।

चिडिमार जातिका मानिसहरू चरा समात्ने/मार्ने व्यवसायबाट विमुख हुँदै गएपछि उनीहरूले जीविकोपार्जनका लागि श्रमजन्य कामहरू खोज्न नेपालगन्जलगायतका सहरी क्षेत्रमा बढी आवतजावत गर्न थालेका थिए । त्यसरी काम खोज्न जाँदा पहाडी मूलका मानिसहरूसँग उनीहरूको सम्पर्क बढ्दै गएपछि नेपाली भाषाको पनि राम्रो प्रभाव पर्दै गएको पाइन्छ । वर्तमान समयमा चिडिमार जातिका बालबालिकाहरू स्कुलमा भर्ना हुने र नेपाली भाषीहरूसँग सँगै बसेर अध्ययन गर्ने, बोल्ने, हेलमेल हुने हुनाले पुरानो पुस्तामा भन्दा नयाँ पुस्तामा नेपाली भाषाको प्रभाव बढी नै पर्ने गरेको पाइन्छ । नेपाली भाषाको ज्ञानले चिडिमार जातिका मानिसलाई धेरै कुरामा सजिलो भएको छ (चिडिमार(द्वारका), प्रश्नोत्तर, १ चैत्र २०६९) । नयाँ पुस्ताका मानिसहरू नेपाली भाषा सहजै बोल्न सक्छन् भने पुरानो पुस्ताका मानिसहरू नेपाली भाषा बोल्न जाने पनि हिचकिचाहटका कारण आफ्नै भाषा बोल्दा सहजताको अनुभुति गर्ने गर्दछन् ।

नेपालको तराई क्षेत्रमध्ये खासगरी पूर्वी र मध्य-तराई क्षेत्रमा मैथिली, मध्य र पश्चिमी तराई क्षेत्रमा भोजपुरी तथा पश्चिम र मध्य-पश्चिम तराई क्षेत्रमा अवधी भाषाको बाहुल्यता रहँदै आएको पाइन्छ । सोहीअनुरूप चिडिमार जातिका मानिसहरूको प्रमुख बसोबासस्थल पनि नेपालको मध्य-पश्चिमी तराई क्षेत्र भएका कारण उनीहरू अवधी भाषाको बाहुल्यता भएको क्षेत्रमा नै बस्दै आएको पाइन्छ । वर्तमान समयमा चिडिमार जातिका मानिसहरू घर बाहिर जाँदा आवश्यकतानुसार नेपाली,

अवधी र हिन्दी भाषासमेत बोल्न सक्दछन् भने घर परिवारमा रहँदा उनीहरू बाँके जिल्लाको जुनसुकै स्थानमा बस्ने भए पनि अवधी भाषा नै बोल्ने गरेको पाइन्छ ।

### ६.२.२ धर्म र धार्मिक जीवन

वौद्धिक विकासका कारण अन्य प्राणीभन्दा भिन्न भएदेखि नै मानिसमा धार्मिक आस्थाले महत्वपूर्ण स्थान लिदै आएको छ । विश्वका जुनसुकै स्थानमा बसोबास गर्ने भए पनि मानिसले कुनै न कुनै धर्म ग्रहण गर्दै र त्यसको पालना गर्दै आएको पाइन्छ । नेपालमा बसोबास गर्ने हरेक जातजातिका मानिसहरूले पनि आ-आफ्नै किसिमका परम्परागत धर्मको पालना गर्दै आएको पाइन्छ । वास्तवमा अलौकिक शक्तिमाथिको आस्था र विश्वास नै धर्मको उत्पत्तिको प्रमुख आधार मानिदै आएको छ । आपस्तम्भ धर्मसूत्रमा ‘धर्मज्ञ व्यक्तिहरूका सहमतिबाट व्यवस्थित हुन पुगेको दैनिक आचारसम्बन्धी कार्य नै धर्म हो’ भनिएको छ (पौडेल, २०५८ वि.सं., पृ. १) । धर्म भन्नु नै मानिसको नीति, आदेश, नैतिकता, आत्मा, इश्वर तथा अदृष्य शक्तिमाथिको पूर्ण विश्वास पनि हो । धर्मको बारेमा चर्चा गर्ने क्रममा म्याक्समूलर नामक विद्‌वानले ‘धर्मलाई सजिलै परिभाषित गर्न सकिदैन किनकी यसको अर्थ समयानुसार परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ । ऐतिहासिक दृष्टिले धर्मको बारेमा अध्ययन गरेमा यसको प्रयोग ज्यादै व्यापक अर्थमा भएको पाइन्छ । कुनै एक जाति, समूह वा वर्गले गर्ने दैनिक क्रियाकलापमा धर्मको व्याख्या गर्न खोज्नु मुर्खता हुनेछ’ भन्ने धारणा व्यक्त गरेका छन्  (१९६४ ई.), पृ. १०) । चिडिमार जातिका मानिसहरूको सामाजिक, सांस्कृतिक जीवन पद्धतिलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अलौकिक शक्तिको प्रभाव रहेको पाइन्छ । तिनीहरूले हिन्दू धर्मअन्तर्गतका देवीदेवताहरूलाई पूजा गर्दछन् । चिडिमार जातिका मानिसहरूको विचारमा देवीदेवताको पूजा गर्नु र आफूमा आइपर्ने दु:ख कस्टहरूबाट मुक्ति पाउनु नै धर्म हो (चिडिमार(मैकु) २४ फाल्गुण २०७०) । यस जातिमा हिन्दू देवदेवीका अतिरिक्त प्रकृतिको पनि पूजा गर्ने प्रचलन छ ।

धर्म मानिसलाई आचरणयुक्त र नैतिकवान बनाउने एउटा साधन हो । खराव आचरण र पथभ्रस्ट हुन धर्मले नै मानिसलाई रोक्दै आएको पाइन्छ । कमलराज शर्माका अनुसार ब्रम्हाण्ड तथा जीवनको सृष्टि, मृत्यु र त्यसपछिको रहस्यका साथै जीवनलाई पूर्ण र गतिशील बनाउने कुरा के हो त भन्ने मानिसका मनमा उत्पादित जिज्ञासाको परिणाम स्वरूप नै धर्मको उत्पत्ति भएको थियो ( २०५६ वि.सं., पृ. ३०) । नेपालको पहाडी क्षत्रेमा बसोबास गर्दै आएका हिन्दू धर्मावलम्वी मानिसहरूका धार्मिक संस्कारभन्दा चिडिमार जातिमा धर्मको पालना गर्ने विधिमा भिन्नता भएको

पाइन्छ । त्यसो हुनुको कारण स्थान विशेषका आधारमा संस्कारमा देखिदै जाने अन्तरभेद हो । चिडिमार जातिका मानिसहरूले विभिन्न धार्मिक चाडपर्वमा नजिकका देवदेवीका मन्दिरहरूमा गएर हिन्दू विधिअनुसार पूजाआजा गर्ने, धुप बत्ती चढाउने, रातो अक्षता, टीका, फूल ग्रहण गर्ने गरेको पाइन्छ । यिनीहरूले शाक्त, शैव र वैष्णव जस्ता हिन्दू धर्मका सम्प्रदायहरूलाई समान रुपले मान्ने गर्दछन् । त्यस्ता सम्प्रदायहरूमध्ये देवी पूजालाई यिनीहरू विशेष महत्वका साथ सम्पन्न गर्ने गर्दछन् ।

वर्तमान अवस्थामा विभिन्न जातजातिका मानिसहरूको सम्पर्कले गर्दा चिडिमार जातिका मानिसहरूले पनि धर्मको दायरालाई केही फराकिलो बनउदै लगेको पाइन्छ । अहिले उनीहरू समाजमा राम्रो काम गर्ने मानिस मृत्युपछि स्वर्ग जान्छ र चोरी, ठगी, हत्याजस्ता नराम्रा कामहरू गरी अर्कालाई दुःख दिने मानिसहरू मृत्युपछि नर्क जान्छन् भन्ने मान्यता राख्ने गर्दछन् (चिडिमार (ठोरि), २५ फाल्गुण २०७०) । यी चिडिमार जातिका मानिसहरूले देवीदेवताहरूले आकासबाट सदाकाल मानिसका कर्महरूको निरीक्षण गरिरहेका हुन्छन् भन्ने मान्यता राख्दछन् । मानिसको जन्म, मृत्यु, धनी, गरिव, दुःख, सुख, कष्ट इत्यादी झेल्नु सबै इश्वरीय देन हो भन्ने विश्वास गर्दछन् (चिडिमार(बेला), प्रश्नोत्तर, १ चैत्र २०६९) । यी देवीदेवताहरू मानिसभन्दा अति शक्तिशाली हुन्छन् र उनीहरू प्रकृतिमा विचरण गर्ने हुनाले उनीहरूले बास गर्ने त्यो प्रकृतिको पूजा गर्नुपर्दछ भन्ने कुरामा पनि चिडिमार जातिका मानिसहरूले विश्वास गर्ने गरेको पाइन्छ ।

चिडिमार जातिमा आफ्नै किसिमका कुलदेवता रहेका हुन्छन् । ती कुलदेवतालाई उनीहरू घरको कुनै कुनामा सुरक्षित साथ राख्ने गर्दछन् । यस जातिका मरेका पितृका अस्तुहरूलाई पनि ठूला नदी वा तीर्थस्थलमा लगेर नसेलाउँदासम्म माटाको सानो भुड्की वा कुनै भाँडामा राखेर आँगनको एक छेउमा गाडेर राख्दछन् र श्राद्द कर्म गर्ने बेला र सोह्र श्राद्दको समयमा समेत मूलढोकाको बाहिरपट्टी आगोको भुंग्रोमा सोह्रै दिन खाद्यान्न होमन गरेर पितृ देवताको पूजा गर्ने गर्दछन् । यसलाई प्रस्ट्याउन परिशिष्टमा फोटो पनि दिइएको छ । चिडिमार जातिका मानिसहरूले हिन्दू देवीदेवता, कुल देवताका अतिरिक्त भूतप्रेतको पनि पूजाआजा गर्ने गर्दछन् । मानिस बिरामी भएमा भूत लागेको ठानी दोबाटो, चौबाटोमा गएर भूतको पूजा गर्ने पनि गर्दछन् । पूजाआजाको माध्यमबाट देवीदेवता वा दैवी शक्तिलाई सन्तुष्ट तुल्याउन नसकेमा तिनले मानिसलाई दुःखकष्ट दिने तथा आपतविपत ल्याउन सक्दछन् भन्ने मान्यता राख्दछन् । त्यसैले चिडिमार जातिका मानिसहरू पृथ्वी, आकास, हावा, सूर्य, चन्द्र, पानी, नदी, तलाउ, कुवा, आगो, वन-जङ्गल, मृत्यु भइसकेका पितृहरू आदिलाई सर्वशक्तिमान मानेर विभिन्न फरक-फरक विधिबाट पूजाआजा गर्ने गरेको पाइन्छ ।

बाँके जिल्लामा बसोबास गर्दैआएका चिडिमार जातिका मानिसहरूले हिन्दू धर्मअनुरूपका मूल्य, मान्यता, संस्कार, रीतिरिवाज तथा चाडपर्वहरूलाई अङ्गिकार गर्दै आइरहेका छन् । यस चिडिमार जातिका मुख्य देवताहरू दुर्गा, शिव, गणेश र सूर्य हुन् । यी देवीदेवताहरूका साथै अतिवृष्टि र अनावृष्टि नहोस् भनी प्रकृतिको पनि पूजा गर्ने गर्दछन् । प्रकृतिको पूजा गरेमा दैवी प्रकोप, आगलागी, अनिकाल तथा रोगव्याधीबाट बच्न सकिन्छ भन्ने मान्यता राख्दछन् । चिडिमार जातिका मानिसहरूले जङ्गलमा गएका बेला धेरै चराचुरुङ्गीहरू भेटिउन् भनी चरा मार्ने जाल तथा अन्य आयुधहरूको पनि पूजा गर्दछन् । कुनै दिन जङ्गलमा शिकारका लागि गएका बेला धेरै चराचुरुङ्गी फेला परेमा उनीहरूले वनदेवीलाई भाकल गरी रक्सी, ल्वाङ्, सुकमेल, तथा अन्य मरमसला चढाएर ती देवीको पूजा गर्ने प्रचलन पनि रहँदै आएको छ (चिडिमार(चुडकिया), १३ भाद्र २०६९) । यसरी वनदेवीको पूजा गर्नाले फेरीफेरी पनि धेरै शिकार प्राप्त हुँदैजाने विश्वास उनीहरूमा रहेको पाइन्छ ।

वर्तमान समयमा यस चिडिमार जातिका मानिसहरूको पेसा बिस्तारै परिवर्तन हुँदै गएका कारण वनदेवी र चराचुरुङ्गी समात्ने जालको पूजा गर्ने प्रचलन सहरी क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूमा बिस्तारै कम हुँदै गएको र ग्रामीण क्षेत्रमा भने यथावत रहँदै आएको पाइन्छ । यस चिडिमार जातिका मानिसहरू धेरै परम्परावादी र अन्धविश्वासीसमेत रहेको भए पनि केही युवायुवतीहरूमा भौतिकवादको प्रभाव पनि परेको देखिन्छ । उनीहरूमा खानपान र सरसफाइको अभावमा मानिस बिरामी हुन्छ । असक्त र असहायको सेवा गर्नु नै धर्म हो न कि देवीदेताको पूजाआजाबाट मात्र मानिस धनी वा गरिव हुन सक्दछ । त्यस्तो हुनका लागि कडा मिहिनेत र आर्थिक बचत गर्न सक्नु पर्दछ भन्ने जस्ता भावनाको विकास हुँदै गएको छ (चिडिमार(रामशंकर), १० आश्विन २०७०) । यसरी चिडिमार जातिका युवा पुस्तामा धर्मप्रतिको बुझाईमा केही परिवर्तन आएपनि आफ्नो संस्कृतिको सङ्रक्षण गर्नु आवश्यक छ भन्ने कुरामा उनीहरू सचेत हुनुपर्दछ भन्ठान्दछन् ।

हिन्दू धर्म अत्यन्त प्राचीन र वैज्ञानिक भएको धारणा पाइन्छ । यस धर्ममा हरेक कुरालाई प्रकृतिसँग जोडेर सकेसम्म विज्ञानसम्मत बनाउने प्रयास गरिदै आएको छ । हिन्दू धर्मका विषयमा ठूलाठूला विद्वानहरूले जीवनभर अध्ययन अनुसन्धान गर्दा पनि यसको वास्तविक तथ्यको प्राप्ति र गहिराइमा पुग्न कठिन भएको मानिदै आएको छ । वास्तवमा धर्मको सही अर्थ यही हो भन्ने निर्क्योल हुन नसके पनि यसको सार पक्ष र क्रियात्मक पक्ष गरी दुईवटा पक्षहरू भएको मानिदै आएको छ ( खत्री, २०५५ वि.सं., पृ. १२०) । यस धर्मको सारपक्ष अन्ततोगत्वा अदृष्य शक्तिमा विश्वास हुन्छ भने क्रियात्मक पक्ष त्यसको प्राप्तिमा लाग्दा गरिने प्रत्यक्ष कर्मलाई मानिन्छ । यो धर्मको दार्शनिक पक्ष

पनि हो । चिडिमार जातिका मानिसहरूमा शिक्षाको कमी भएका कारण हिन्दू धर्म र दर्शनको ज्ञान निकै कम रहने गरेको पाइन्छ । त्यस्तो हुँदाहुँदै पनि उनीहरू परम्परागत मूल्य र मान्यतामा आधारित धर्मको अनुशरण र पालना गर्न पछि परेको देखिदैन । अझ भन्ने हो भने चिडिमार जातिका मानिसहरू आफ्नो धर्मप्रति कर्तव्यनिष्ठ भएर लागेको पाइन्छ ।

## ६.३ **चिडिमार जातिका संस्कारहरू**

नेपालमा बसोबास गर्ने फरकफरक जातजातिका फरकफरक विशिष्ट किसिमका संस्कार र संस्कृतिहरू रहेका पाइन्छन् । त्यस्ता विशिष्ट किसिमका संस्कारहरू भएका जातिहरूमध्ये चिडिमार पनि एक हो । नेपालमा रहेका अन्य जातजातिहरूका जस्तै चिडिमार जातिका पनि आफ्नै मौलिक किसिमका संस्कारहरू रहेका हुन्छन् । नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने हिन्दू धर्मावलम्बी र तराई क्षेत्रमा बसोबास गर्ने हिन्दूहरूका संस्कारहरू मनाउने विधिमा सामान्य भिन्नताहरू रहेको पाइन्छ । जस्तै, पहाडी क्षेत्रमा जनै पूर्णीमाका दिन ब्राह्मण पुरोहितहरूबाट नाडीमा मन्त्रेको डोरो बाँध्ने प्रचलन छ भने तराई क्षेत्रमा त्यही दिन दिदीबहिनीहरूले दाजुभाईलाई राखी बाँधिदिने प्रचलन छ । चिडिमारहरू नेपालको तराई क्षेत्रमा बस्ने हिन्दू धर्मावलम्बी जाति भएका कारण उनीहरूले मान्ने संस्कारहरू नेपालका मधेशी मूलका हिन्दू समुदायका मानिसहरूले मान्ने संस्कारसँग धेरै मेलखाने गरेको पाइन्छ । तर केही संस्कारहरू सम्पन्न गर्ने क्रममा यस जातिका संस्कारहरूमा आफ्नै मौलिक र भिन्न स्वरूप पनि रहेका छन् (ऐर, २०६७ वि.सं., पृ. ६७) । त्यस्ता भिन्न र मौलिक संस्कारहरू छोरा र छोरी दुवैको कपाल मुण्डन गर्ने, विवाहका बेला दुलहीको घरबाट दुलाहाका घरमा जन्ती लैजाने आदि हुन् । यस्ता भिन्न संस्कारहरू भएकै कारण चिडिमार जातिका मानिसहरूले नेपालको तराई क्षेत्रमा बसोबास गरेर पनि भिन्न पहिचान कायम राख्न सफल भएको पाइन्छ ।

चिडिमार जातिका मानिसहरू नेपालको तराई क्षेत्रमा बसोबास गर्ने दलित समुदायमध्येका एक जाति भएको हुनाले उनीहरूका संस्कारहरू पनि दलित समुदायमा विद्यमान संस्कारअनुरूपकै भएको पाइन्छ । नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने दलित समुदायका मानिसहरूमा जस्तो चिडिमार जातिका आफ्नै जातीय पुरोहितहरू हुँदैनन् । उनीहरूले ब्राम्हण पुरोहितहरूबाट आफ्ना कर्मकाण्डहरू सम्पन्न गराउँदछन् (तिवारी, २२ भाद्र २०६७) । नेपालमा बसोबास गर्ने अन्य हिन्दू धर्मावलम्बीहरूले जस्तै चिडिमार जातिका मानिसहरूले पनि १६ संस्कारहरू पुरै सम्पन्न गर्दैनन् । तर त्यहीअनुरूपका केही प्रमुख संस्कारहरूलाई भने उनीहरूले परम्परागत रूपमा मान्दै आएका छन् । ती

संस्कारहरूलाई निम्नानुसार छुट्टाछुट्टै शीर्षकहरूमा विभाजन गरेर विश्लेषण गर्दा अझै उपयुक्त हुने देखिन्छ ।

### ६.३.१ नामाकरण संस्कार

चिडिमार जातिका मानिसहरू अधिकाङ्शले आफ्नै घरमा सुत्केरी गराउने गर्दछन् (तिवारी, २२ भाद्र २०६८) । अहिलेसम्म पनि यस जातिमा अस्पतालमा लगेर सुत्केरी गराउने परम्पराको विकास हुन सकेको पाइँदैन । केही धनी मानिएकाहरूले भने नजिकैको अस्पतालमा लगेर सुत्केरी गराउन थालेका छन् (चिडिमार(सुगी), २२ फाल्गुण २०७०) । घरमा शिशु जन्माउँदा यस जातिका मानिसहरूले आफ्नै परम्परागत सुडेनीहरूको सहयोग लिने गर्दछन् अथवा सुडेनीहरू स्वयंसेविकाको रूपमा रहने गरेको पाइन्छ । बच्चा जन्माउने समयमा भुटेको तोरी पिसेर बनाइएको बुकुवा बच्चा जन्माउने आमालाई ‘सुढी’ भनिने जातका महिला, जसलाई परम्परागत सुडेनी मानिन्छ, उनैले लगाइदिने गर्दछन् । सुत्केरी हुने समयमा तेल, बुकुवा मालिस गरिदिनाका साथै सुत्केरी हुन लागेका महिलालाई दाल, भात, माछा, मासुलगायतका खानेकुराहरू खान दिने गर्दछन् । विशेष गरी सुत्केरी भएपछि छदिनसम्म मिठाई, सौंठ, पिपर, मुनक्का, मुर, नरिवल, छोहडा आदि पिसेर दूधमा उमालेर दिनको तीन पटकसम्म खान दिने प्रचलन रहँदै आएको पाइन्छ । चिडिमार जातिका मानिसहरूले बोल्ने अवधी भाषामा यस्तो खानालाई ‘हरेरा’ भन्ने गरिन्छ (चिडिमार(इतवारि), २२ फाल्गुण २०६९) । यसको साथमा पुरी पनि खान दिने गरिन्छ । शिशुको जन्म भएको छैठौं दिनपछि सुत्केरीलाई रक्सी पनि खान दिने प्रचलन छ (चिडिमार(राधाराम), २० फाल्गुण २०७०)) । यस चिडिमार जातिमा सुत्केरीलाई दिने पौष्टिक आहार सुत्केरीको अवस्था र घरको आर्थिक स्थितिअनुसारको हुने गरेको पाइन्छ ।

महिला सुत्केरी हुँदा चिडिमार समाजमा अन्य हिन्दू धर्मावलम्वीहरूमा जस्तै सुतक बार्ने प्रचलन रहेको छ (चिडिमार(चुड्किया), १३ भाद्र २०६८) । आफ्नै परिवारका मानिसहरूले र उनीहरूका नजिकका दाजुभाइहरूले सुतक परेको ११ दिनसम्म घरमा तथा मठमन्दिरहरूमा गएर कुनै पनि शुभकार्य वा पाठपूजा गर्न हुँदैन भन्ने मान्यता राख्दै आएको पाइन्छ । यस्तो समयमा उनीहरू मठमन्दिरका अगाडि देवीदेवताको दर्शन गर्न पनि उपस्थित हुँदैनन् । सुतक बारेका बेला कसैले शुभकार्य गरेमा त्यसको फल प्राप्ति हुँदैन र अशुभ हुन्छ भन्ने परम्परागत मान्यता रहिआएको छ । शिशुको जन्म हुनासाथ चिडिमारहरू ‘डोम’ भनिने एकप्रकारको व्यावसायिक रूपमा नाभी काट्ने

जातिका मानिसलाई घरमा बोलाएर शिशुको नाभी काट्न लगाउँदछन् (चिडिमार(राजबलम), २० भाद्र २०६८) । चिडिमार समाजमा डोम जातिका महिलाहरू नै सुडेनी भएको पनि पाइन्छ । डोम जातिका महिला नै सुडेनी भएमा उसैले शिशुको नाभी काटिदिने गर्दछन् । त्यसपछि शिशुलाई नुहाइदिएर न्यानो कपडामा बेरेर राख्ने गर्दछन् । यस जातिमा हिन्दू धर्मको विधिविधान अनुसार शिशुको नामाकरण संस्कार सम्पन्न गर्ने प्रचलन भने रहेको हुँदैन (चिडिमार(महेश), १५ आश्विन २०७०) । तर शिशु जन्मेको छैठौं दिनलाई यस जातिका मानिसहरूले विशेष खुसियालीका रूपमा लिने प्रचलन छ ( चिडिमार(देविदिन) १६ भाद्र २०६८) । चिडिमार जातिका मानिसहरूले बोल्ने अवधी भाषामा छैंटीलाई 'छठ्ठी' भन्ने गरिएको पाइन्छ ।

छठ्ठी संस्कार सम्पन्न गर्दा चिडिमार जातिमा छोरा र छोरीमा कुनै भेदभाव गरिएको पाइँदैन । छठ्ठीका दिन सुडेनीले सुत्केरी बस्ने कोठा वा ठाउँ वरिपरि लिपपोत गरी, शिशुलाई नुहाइदिएर वा चिसो कपडाले पुछेर चोखो बनाइदिने गर्दछन् । त्यस दिन धोबिनीले घरका सबैजसो लुगाहरू धोईदिएर शुद्ध पानी छर्केपछि मात्र सुत्केरी चोखो भएको मानिन्छ । त्यसै दिन शिशुलाई कुनै विषालु किरा, सर्प आदिले नडसोस् भनेर बिच्छी, सर्पको काँडा र मानिसको कपाललाई एक ठाउँमा राखी आगोमा पोलेर त्यसको धुवाँ सुँघाइदिने गर्दछन् (चिडिमार(हुस्सेन), २२ भाद्र २०६८) । त्यसो गरेमा शिशुलाई कुनै अनिष्ट पनि नहुने जनविश्वास रहेको पाइन्छ ।

चिडिमार समाजमा शिशु जन्मेको छैटौं दिनका दिन उसलाई घरबाहिर ल्याएर सूर्यको दर्शन गराइन्छ । त्यतिबेला शिशुलाई घरबाहिर लैजाँदै गर्दा फुपूले ढोकामा बाटो छेक्छन् र केही दस्तुर तिरेपछि छाडिदिन्छन् (चिडिमार(हौसिलाल), २२ भाद्र २०६८) । फुपू वा दिदीले शिशुलाई गाजल, लुगा गहना आदि लगाइदिन्छन् । त्यस्तो काम गरेबापत उनीहरूले दक्षिणा पनि पाउँदछन् । दक्षिणामा क्षमताअनुसार उनीहरूलाई रूपैयाँपैसा, कुखुरा, बाखा, भैसी आदि पेवा धन पनि दिने प्रचलन छ । यस चिडिमार समाजमा त्यस दिन दिदी वा फुपूहरूले मागेजति दक्षिणा दिनुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । त्यसैबेला सन्तजा (सात प्रकारको अन्नबाट बनेको परिकार) भुटेर घरमा आएका पाहुनाहरू र सुत्केरीलाई समेत प्रसादको रूपमा खान दिने प्रचलन छ । त्यसदिन धेरै थरी मिसाएर बनाइएको तरकारी (घमन्जा) सुत्केरीलाई खान दिने गरिन्छ । यसको उद्देश्य शिशुलाई पछि कुनै पनि खानामा रहने मन्द विषले असर नगरोस् भन्ने मान्यता रहेको पाइन्छ । छैंटीका दिन सक्नेहरूले आफ्ना इस्टमित्र तथा नाता कुटुम्बहरूलाई घरमा बोलाएर मिठो मसिनो खान दिने र रातभरी वरपरका महिलाहरूलाई जुटाएर 'सोहर' भनिने खुसीयालीको गीत गाएर जाग्राम बस्ने र रमाइलो गर्ने गर्दछन् । छैंटी सकिएपछि सुडिनी, धोविनी, डोम आदि सुत्केरीहुँदा सहयोग गर्ने मानिसहरूलाई क्षमतानुसार

पैसा, दाल, चामल आदि दिएर बिदावादी गर्ने प्रचलन छ । सामान्यतः चिडिमार समाजमा छोरा जन्मेमा केही बढी र छोरी जन्मेमा केही कम पैसा सुत्केरी गराउँदा सहयोग गरेवापतको ज्यालाका रूपमा सुडेनीलाई दिने प्रचलन रहेको पाइन्छ । यस चिडिमार समाजमा सुत्केरी हुँदा अनिवार्य उपस्थित हुनैपर्ने त्यस्ता सुडेनी, धोबिनीहरू परम्परागत रूपमा नै कायम रहँदै आएका हुन्छन् अथवा उनीहरू बालीघरेप्रथाकै रूपमा रहेका हुन्छन् । आवश्यक परेको समयमा वर्षैभरी काम गरिदिने र केही जिन्सी ज्याला स्वरुप लैजाने प्रचलनलाई 'बालीघरे प्रथा' भन्ने गरिएको पाइन्छ ।

चिडिमार समाजमा अन्य हिन्दू समाजमा जस्तो शिशु जन्मेको एघारौं दिनका दिन विधिवत रूपमा वावन(पुरोहित)लाई घरमा बोलाएर शिशुको नामाकरण संस्कार सम्पन्न गर्ने प्रचलन छैन (चिडिमार(शान्ति), २५ फाल्गुण २०७०) । केही धनीमानी परिवारका मानिसहरूले भने वावन (पुरोहित)हरूले जन्मको आधारमा जुराइदिएको नामका आधारमा शिशुको नाम बोलाउने गर्दछन् । केहीले जन्मेको दिन, बार वा कुनै घटनाका आधारमा शिशुको नाम आफैले जुराएर राख्ने गर्दछन् । त्यस्ता नामहरू आइतबार जन्मेको भए इतवारी, मंगलबार जन्मेको भए मंगले वा मंगली, बुधबार जन्मेको भए बुधै वा बुधी, त्यस्तै शुक्रबार जन्मेको भए सुकइ वा सुकी आदि राख्दछन् (चिडिमार (साधना), १४ आश्विन २०७०) । यस चिडिमार जातिमा गाउँटोलका बुढापाका तथा मान्यजनहरू मिलेर शिशुको नाम जुराउने पनि प्रचलन रहेको पाइन्छ । चिडिमार जातिमा धेरैजसो मानिसहरूका यस्तै नामहरू प्रचलनमा रहे तापनि वर्तमान समयमा भने फिल्मका हिरो हिरोइनहरूका नामसँग मिल्दाजुल्दा नामहरू राख्ने प्रचलन पनि बढ्दै गइरहेको छ (चिडिमार(मंगले), १६ भाद्र २०६८) । त्यसैले यस जातिका नयाँ पुस्तामा आधुनिक नामहरू राख्ने प्रचलनको विकास भएको पाइन्छ ।

### ६.३.२ मुण्डन संस्कार (छेवर)

जसरी हिन्दू धर्मावलम्बीहरूले शिशुको जन्म हुनुभन्दा अगाडि उम्रिएको कपाललाई अशुद्ध मान्दछन् त्यसै गरी चिडिमार जातिमा पनि यो मान्यता कायम रहेको पाइन्छ । हिन्दू धर्म मान्ने अन्य जातिहरूमा भन्दा चिडिमार जातिमा यो संस्कार त्यस अर्थमा भिन्न रहेको पाइन्छ कि उनीहरू छोरा र छोरी दुवैको कपाल मुण्डन गर्दछन् (चिडिमार(मीलन), १८ भाद्र २०६८) । यय चिडिमार जातिमा शिशुको कपाल मुण्डन संस्कार बिजोर वर्षमा गर्नुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । एक, तीन वा पाँच वर्षमा प्रायःजसो बालबालिकाहरूको कपाल मुण्डन गर्ने प्रचलन रहिआएको छ । त्यो उमेरभित्र कुनै कारणबस कपाल मुण्डन संस्कार सम्पन्न गर्न नसकिएमा त्यसपछिका बिजोर वर्षमा पनि त्यो

संस्कार सम्पन्न गर्न सकिन्छ (तिवारी, २२ भाद्र २०६८) । तर सकेसम्म पाँच वर्षभित्रमा कपाल मुण्डन गरिसक्नु पर्दछ भन्ने मान्यता कायम रहेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूले कपाल मुण्डन संस्कार सम्पन्न गर्दा नवरात्री, तिहार, चैते दसैँजस्ता विशेष पर्वका बेला मात्र सम्पन्न गर्ने गर्दछन् (चिडिमार(बुधनी), १५ आश्विन २०७०) । यस जातिमा बालबालिकाको कपाल मुण्डन गर्दा प्रायः घरमा गर्ने प्रचलन छैन । उनीहरूले नजिकैको मठमन्दिरको प्राङ्गणमा गएर सत्यनारायणको पूजा गरी आफ्ना शिशुको कपाल मुण्डन गर्ने गर्दछन् (चिडिमार(सोनम), १६ भाद्र२०६८) । मन्दिरमा गएर वावन(पुरोहित)ले ठहऱ्याएको शुभ दिनका दिन पूजाआजा सकेपछि नाईलाई बोलाएर बालबालिकाको कपाल मुण्डन गर्ने गर्दछन् । पहाडी क्षेत्रमा प्रचलित बालीघरे प्रथाजस्तै यो जातिमा वार्षिक रूपमा कपाल कटाउने र वार्षिक रूपमा नै जिन्सीमा ज्याला लिने-दिने प्रचलन रहेको पाइन्छ । बालबालिकाको काटिएको कपाल भुइँमा खस्न नपाउँदै बीचैमा थाप्न गहुँको पिठोको पिण्ड बनाइएको हुन्छ । काटेको कपाल भुइँमा खस्न नपाउँदै फुपू वा दिदीले हातमा पिण्ड राखेर वा आँचलमा थाप्ने गर्दछन् । त्यति बेला आएका इष्टमित्रहरूले ती बालबालिकालाई दक्षिणाका रूपमा पैसा र अन्य उपहार दिने गर्दछन् । त्यहाँ जम्मा भएको पैसा र बच्चाको बुबाले दानको रूपमा दिएको दक्षिणा (औंठी, धोती, पैसा आदि) कपाल थाप्ने दिदी वा फुपू चेलीहरूलाई बाँडिदिने गर्दछन् । गहुँको पिठोमा राखेको कपाल मन्दिरको ढोकामा लगेर चढाइदिनु पर्दछ (लम्साल, २३ भाद्र २०६८) । पछि त्यो कपाललाई तीर्थस्थल वा कुनै नदीमा लगेर बगाउने गरेको पाइन्छ ।

मुन्डन कार्य समाप्त भएपछि ती बालक वा बालिकालाई शुद्ध कपडा, टीका, फूलमाला, अबीर लगाईदिने प्रचलन रहेको पाइन्छ । यस जातिमा अन्य हिन्दू जातिहरूमा जस्तै शिखा राख्ने प्रचलन भएका कारण नाईले कपाल मुण्डन गर्दा टाउकोमा शिखा मात्र बाँकि राखेर अरू सबै कपाल मुण्डन गरिदिन्छन् । कपाल मुण्डन गरिदिने नाईलाई त्यसदिन क्षमतानुसार रूपैयाँ पैसा दिएर बिदावादी गर्ने प्रचलन रहेको छ । कपाल मुन्डनमा आएका पाहुनाहरूलाई मीठामीठा भोजन, परिकारहरू खान दिएर विदा गरिन्छ । यस जातिमा केहीले गर्भमा रहँदादेखि नै शिशु स्वास्थ्य रहोस् भनेर देवीदेवताको भाकल गरेका हुन्छन् । त्यसैले शिशु गर्भमा छँदा जुन देवीदेवतालाई भाकल गरेको हो त्यही देवीदेवताको मन्दिरमा लगेर कपाल मुन्डन गर्नुपर्दछ भन्ने मान्यता छ (चिडिमार(फुलङ्गी), १६ भाद्र २०६८) । यसरी बालबालिकाको कपाल मुण्डन कार्य समाप्त भएपछि सबैजना घरमा फर्केर आफ्ना नातागोता तथा छरछिमेकहरूलाई समेत बोलाएर भोजभतेर गर्ने गर्दछन् । यो मुन्डन संस्कारमा भोजभतेरलाई अनिवार्य मानिदैन । सक्नेले मात्र भोजभतेर गर्दछन् । खासगरी चिडिमार जातिमा कपाल मुण्डन

संस्कारलाई ठूलो र महत्वपूर्ण संस्कार नमानिए पनि अनिवार्य संस्कारको रूपमा रहिआएको भने पाइन्छ ।

### ६.३.३ विवाह संस्कार

हिन्दू समाजमा गृहस्थाश्रमका लागि विवाहलाई एउटा अनिवार्य संस्कार मानिदै आएको छ (प्रभु, २००४ ई., पृ. १४८) । अन्य हिन्दू धर्मावलम्बीहरूमा जस्तै चिडिमार जातिका मानिसहरूमा पनि विवाह संस्कारलाई अनिवार्य संस्कार मान्ने प्रचलन रहिआएको पाइन्छ । त्यसैले चिडिमार जातिमा यो संस्कारको ठूलो महत्व रहेको छ । चिडिमार समाजमा प्रेम विवाह त्यति प्रचलनमा छैन । तर वर्तमान समयमा केही युवायुवतीहरूले प्रेम विवाहलाई पनि विस्तारै महत्व दिन थालेका छन् । तथापि यस जातिमा अधिकांस रूपमा मागी विवाह नै गर्ने प्रचलन रहिआएको पाइन्छ ।

चिडिमार समाजमा विवहयोग्य उमेरका केटाकेटीका अभिभावकहरूले मगनी गरी आफ्ना छोराछोरीको विवाह गरिदिन्छन् । यस समाजमा प्रचलित नियमानुसार केटा विवाहयोग्य भएपछि केटी हेर्न वा माग्न जाने प्रचलन रहँदै आएको छ (शर्मा(प्रतिमा), २६ भाद्र २०६८) । चिडिमार जातिमा विवाह संस्कार चरणचरणमा गरी लामो हुने भएकाले केहीवर्ष अगाडिसम्म पनि केटाकेटीको उमेर सानो छँदै विवाह संस्कारको सुरूवात गर्ने गरिन्थ्यो तर आजभोलि १३-१५ वर्ष उमेर पुगेपछि मात्र अभिभावकहरूले विवाहको प्रक्रिया सुरू गर्दछन् र छोटो समयमा नै त्यो प्रक्रियालाई पूरा गर्ने प्रयास गर्दछन् (चिडिमार(मायावती), २४ फाल्गुण २०७०) । यस समाजमा छोरी चौध-पन्ध्र वर्ष पुगेकोलाई विवाह गर्ने उमेर कटिसकेको भन्ने प्रचलन छ । चिडिमार समाजमा निम्न चरणमा विवाह कार्य सम्पन्न गर्ने प्रचलन रहिआएको पाइन्छ ।

#### (क) मगनी

चिडिमार जातिका मानिसहरूको परिवारमा केटा विवाहयोग्य भएको अनुभव गरिएपछि आफूले चिनेजानेको आफ्नै जातका केटी भएका घरमा अभिभावकहरू छोराका लागि विवाहयोग्य कन्या माग्न जाने गर्दछन् (गौतम र थापा मगर, १९९४ ई., पृ. १३०) । पहिलो पटक कन्या माग्न वा हेर्न जाँदा पाँच किलो माछा, पाँच किलो मिठाई (बतासा) आदि सगुनका रूपमा लिएर जानु पर्दछ । ती लगेका माछा, बतासा मगनीमा गएका मानिसहरू र छिमेकीहरूलाई बाँडेर खुवाउने प्रचलन छ । कन्या माग्न जाँदा केटालाई पनि साथैमा लैजानु पर्दछ । दुई-चार जनाको सङ्ख्यामा परिपक्क उमेर

भएका मानिसहरू आफ्नो कन्या माग्न आएपछि केटी पक्षका मानिसहरूले पनि आफ्ना विश्वासिला दाजुभाइहरूलाई घरमा बोलाएर छोरीको विवाहका सम्बन्धमा छलफल गर्ने गर्दछन् । त्यस दिन केटा पक्षका मानिसहरू केटीका घरमा पाहुना भएर बस्दछन् । भोलिपल्ट बिहान छोरी नदिने निर्णय भएमा बिहानै आफ्ना पाहुनालाई बिदा गर्दछन् भने छोरी दिने निर्णय भएमा आफ्ना वावन(पुरोहित)लाई घरमा बोलाएर विवाहको शुभ दिन र लग्न जुराउने गर्दछन् (चिडिमार(रामकिसुन), २० भाद्र २०६८) । यसरी शुभ दिन जुराइदिएवापत चिडिमार जातिका मानिसहरूले पुरोहितलाई दाल, चामल, नुन, बेसार र क्षमतानुसार रूपैयाँ पैसा दान दिने गर्दछन् (चिडिमार(तिलक), ११ आश्विन २०७०) । मगनीभन्दा पछाडिका विवाह कार्यहरू सादी, गौना र थौना हुन् ।

**(ख) विवाह (सादी)**

चिडिमार जातिका वावन(पुरोहित)ले ठहऱ्याएको शुभ दिनका दिन कन्याको घरबाट दुलाहाको घरमा जन्ती जाने प्रचलन छ । यस चिडिमार जातिका मानिसहरूले इस्टमित्र र नातागोताहरूलाई निमन्त्रणा गरी बीस/तीस जनादेखि चाली-सपचास जनासम्मको समूह भएर दुलहीको घरबाट दुलाहाको घरमा दुलहीलाई सिंगारपटार गरी साथैमा लिएर जन्ती जाने प्रचलन छ (ऐर, २०६७ वि.सं., पृ. ७३) । ती जन्तीहरूलाई दुलाहाको घरमा स्वागत सत्कार गरी भोज भतेर खुवाउने प्रचलन छ । यस जातिमा विवाह कार्य प्रायःजसो राती सम्पन्न गर्ने परम्परा रहिआएको छ (चिडिमार(सुरजित), २२ भाद्र २०६८) । दुलहीको घरबाट जन्ती दुलाहाको घरमा आएपछि विवाह सम्पन्न गराउन पुरोहितको निर्देशनानुसारका कार्यहरू गरिन्छन् । वावन(पुरोहित)ले हिन्दू संस्कारको विधिविधानानुसार कन्याका अभिभावकलाई छोरीको पाउ पुजेर कन्या दान गर्न लगाउँदछन् । चिडिमार समाजमा नजिकका नातेदारहरूले पनि कन्याको पाउ पुज्ने प्रचलन छ ।

विवाहकार्य सम्पन्न गर्नका लागि विवाह घरको आँगनमा सिँगारिएको एउटा विवाह मण्डप निर्माण गरिएको हुन्छ । त्यो विवाहमण्डपमा बसेका दुलाहा र दुलही दुबैको पाउ पुज्नु पर्दछ । माइतीले दुलाहा र दुलहीको खुट्टा पित्तलको थालीमा राखेर धुने गर्दछन् । पाउ पुज्ने क्रममा नै कन्यादान कार्य पनि सम्पन्न गरिन्छ । दुलहीका अभिभावकले दुलाहाको गोडामा ढोग गरी सम्मान प्रकट गर्दछन् (चिडिमार(राधे), २० आश्विन २०७०)) । हिन्दू समाजमा बहिनी वा छोरीका दुलाहालाई गोडामा ढोग गर्ने प्रचलन भएअनुरूप चिडिमार समाजमा पनि ज्वाइँलाई खुट्टमा ढोग गर्ने प्रचलन छ ।

विवाहमण्डपमा सातपटक परिक्रमा गरेपछि दुलाहाले दुलहीलाई सिउँदोमा सिन्दूर लगाई दिन्छन् । दुलहीका भाइले माथिबाट लावा हाल्छन् भने दुलहीका भिनाजु वा फूपाजुले त्यति बेला दान दिने गर्दछन् (चिडिमार(सरद), २२ भाद्र २०७०) । अन्य हिन्दू धर्मावलम्बीहरूमा जस्तै यस चिडिमार जातिमा दुलही पक्षका मानिसहरूले सिन्दुर हालेको हेर्न हुँदैन भन्ने प्रचलन छैन (चिडिमार (यसोदा), २० आश्विन २०७०) । सिन्दूर हालेको समयमा सबैले रमाइलो मानेर हेर्ने र ताली बजाउने गर्दछन् । सिन्दुर हालिसके पछि दुलहीका आफन्तहरूले ल्याएको दाइजो तथा गोडधुवाका सामानहरू दुलाहा पक्षलाई प्रदान गर्दछन् । प्रायःजसो दाइजोमा घडी, रेडियो, भाँडावर्तन, लुगाफाटो जस्ता बस्तुहरू दिने प्रचलन रहिआएको छ (चिडिमार(रामचलन), २० फाल्गुण २०७०) । पहिलापहिला चिडिमार जातिमा चरा मार्ने सामानहरू वा औजारहरू पनि दाईजोमा दिने प्रचलन थियो । तर आजभोलि त्यस्तो प्रचलन रहेको पाइदैन । एकजना नचिनेका मानिसले दुलहीको टाउकोमा पछाडिबाट चुनरी राखिदिन्छन् (चिडिमार(ओमप्रकाश), १४ आश्विन २०७०) । यस चिडिमार समाजमा बुहारीले जेठाजुलाई कपाल देखाउन हुँदैन वा विवाहका बेला पनि जेठाजुले कपाल नदेखुन् भनी टाउकोमा चुनरी राख्ने गरिएको हो भन्ने मान्यता रहेको पाइन्छ । तथापि विवाहका बेला प्रायः तराईका सबै जातजातिहरूमा यो प्रचलन कायम रहेको पाइन्छ ।

विवाह भएको रात सबैजसो जन्ती र अन्य मानिसहरू जाग्राम बसेर नाचगान गर्ने, रमाइलो गर्ने गर्दछन् । त्यही रात वावन(पुरोहित)ले सत्यनारायणको कथा पनि सुनाउँदछन् । भोलिपल्ट विवाहकार्य समाप्त भएपछि जन्तीलाई सुँगुरको मासु, रक्सीजस्ता परिकार निर्माण गरी भोजभतेर ख्वाएर स-सम्मान फूलमाला, अबीर लगाईदिएर बिदा गर्ने गरिन्छ । त्यसै दिन दुलहीलाई पनि जन्तीसँगै बिदा गरेर उनको माइतीघरमा नै पठाइदिने प्रचलन छ (चिडिमार(रामवती), ११ आश्विन २०७०) । यस चिडिमार जातिमा विवाहको समयमा मात्र अबीरमा मोलेको रातो अक्षेताको टीका लगाउने र लगाईदिने प्रचलन छ । यसबाहेक अन्य उत्सव र चाडपर्वमा भने बेसारमा मोलिएको पहेँलो टीका लगाउने प्रचलन छ (चिडिमार(रामदिन), १९ आश्विन २०७०) । यस जातिका मानिसहरूले दसैं जस्ता उत्सवहरूमा पनि पहेँलो टीका नै लगाउने गर्दछन् ।

विवाह वा सादी कार्य सम्पन्न भएपछि दुलहीका बाबुले दुलाहाका बाबुलाई केहीदिनपछि आफ्नो घरमा आँगन कुच्न आइदिन निमन्त्रणा गर्दछन् । यस्तो आगन कुच्ने संस्कारलाई अवधी भाषामा ‘मान गोडन’ भनिन्छ (सिग्देल, २०६८ वि.सं., पृ. ८०) । यसरी विवाह भएको केही दिनपछि आँगन कुच्न दुलाहाका बाबु र अन्य दुई-तीन जना बूढापाका दाजुभाइहरूले दुलाहालाई साथमा लिएर जाने गर्दछन् । यस जातिमा विवाहमा भन्दा बाहेक अघिपछि ज्वाँइको खुट्टा ढोग्ने प्रचलन रहेको

पाइँदैन । सम्धिसम्धिमा गाला मिलाएर स्वागत सत्कार गर्ने प्रचलन रहेको पाइन्छ । त्यसपटक पाहुनालाई स्वागत सत्कार गरिन्छ भने ज्वाँइलाई पनि केही दाइजो दिएर खुसी पार्ने गरिन्छ ।

आँगन कुच्न दुलहीका घरमा आएका पाहुनालाई साँझ सुँगुर काटेर भोज ख्वाउने र भोलिपल्ट बिहान पनि खाना ख्वाएर बिदा गर्ने गरिन्छ । यसरी आँगन कुच्न गएर फर्किदा दुलहीलाई भने ल्याउने प्रचलन छैन । त्यसपछि पनि गौना संस्कार सम्पन्न नहुँदासम्म दुलही माइतीघरमा नै बसिरहन्छन् । आजभोलि भने चिडिमार जातिमा पनि विवाह कार्य केही छोटो समयमा नै सम्पन्न गर्ने प्रचलन बढ्दै गएको छ (चिडिमार(वर्मा), १६ आश्विन २०७०) । यसो हुनुको कारण चिडिमार जातिमा पनि बालविवाह अवैध हो र यसो गरेमा कानुनी अपराध हुन्छ भन्ने जानकारी हुँदै गएको पाइन्छ ।

**(ग) गौना**

चिडिमार जातिमा 'गौना' विवाह संस्कारको सबैभन्दा महत्वपूर्ण चरण हो (सिग्देल, २०६८ वि.सं., पृ. ८१) । गौना शब्दको अर्थ दुलहीलाई पहिलो पटक दुलहाका घरमा लैजान गरिने विदाई भन्ने हुन्छ । यो संस्कार सम्पन्न भएपछि मात्र दुलाहाले दुलहीलाई आफ्नो घरमा लैजाने अनुमति पाउँदछन् । यस जातिमा दुलाहाले दुलहीलाई घरमा भित्र्याउँने संस्कारलाई 'गौना संस्कार' भनिन्छ । पहिला-पहिला धेरै सानो उमेरमा विवाहकार्य सम्पन्न गर्ने हुँदा विवाह भएको पाँच-सात वर्षपछि मात्र यो संस्कार सम्पन्न गरिन्थ्यो तर आजभोलि भने छोरीको १३/१४ वर्षको उमेर पुगेपछि विवाह गरिने हुनाले दुईतीन वर्ष वा बढीमा पाँच वर्षभित्रमा गौना संस्कार सम्पन्न गरिसक्नु पर्दछ । विवाह भएको दुई-चार वर्ष बितिसकेपछि वावन(पुरोहित)लाई घरमा बोलाएर गौना गरिने शुभ दिन ठह-याइन्छ । गौना विवाह दुलाहा पक्षले दुलहीको घरमा जन्ती लगेर गरिने संस्कार हो (चिडिमार(राजकुमारी), १७ आश्विन २०७०) । यसलाई चिडिमार समाजमा विवाह सम्पन्न गर्ने दोस्रो चरण मानिन्छ ।

पुरोहितले ठह-याएको शुभ साइतका दिन दुलाहाका घरमा बीस-तीस जना आफन्तहरू जम्मा भएर दुलहीका घरमा जाने गर्दछन् । दुलाहाले दुलहीलाई दिने सबै लुगा तथा गरगहनालगायतका सरसामानहरू त्यही समयमा लिएर जानुपर्ने हुन्छ । त्यस दिन जन्तीले आफ्नो साथमा कम्तिमा पाँच किलोग्राम जति माछा, एक-दुई किलोग्राम बतासा भनिने एकप्रकारको मिठाई, दुई-तीन किलोग्राम जति भेली, मिठाई र अन्य आफ्नो क्षमताअनुसारका परिकारहरू अनिवार्य रूपमा लैजानु पर्दछ (सिग्देल, २०६८ वि.सं., पृ. ८२) । गौना संस्कार गर्दा दुलाहाले दुलहीलाई साडी, चोलिया, फरिया, सल तथा गरगहनाहरू अनिवार्यरूपमा लैजानु पर्ने मान्यता रहिआएको छ । गौना संस्कार सम्पन्न हुने

दिनको साँझपख जन्तीहरू दुलहीको घरमा पुग्दछन् । पहिला-पहिला जन्तीहरू दुलहीको घरमा तीन-चार दिनसम्म बस्ने गर्दथे तर आजभोलि भने भोलिपल्टकै दिनमा फर्किने प्रचलन बढ्दै गएको छ ।

गौना संस्कारका बेला जन्तीले लगेको माछा दुलहीको घरमा पुगेपछि दुलाहाका भिनाजुले काट्नु पर्दछ (ऐर, २०६७ वि.सं., पृ. ७४) । भिनाजु नभएमा फूपाज्यूले त्यो माछा काटेर तयार पार्नु पर्ने मान्यता रहँदै आएको पाइन्छ । त्यसरी तयार पारिएको माछा दुलही पक्षका मानिसलाई बोलाएर बुझाइदिनु पर्दछ । त्यसपछि दुलही पक्षका मानिसहरूले त्यो माछा पकाएर सबै जन्तीहरूलाई ख्वाउँदछन् । दुलहीका घरमा पनि सुँगुर काटेर जन्तीलाई धुमधामसँग स्वागत गरी भोजभतेरको व्यवस्था मिलाउँदछन् । यस चिडिमार जातिमा त्यसदिन दुलहीका घरमा सुँगुर काट्नु अनिवार्य मानिन्छ (चिडिमार(वनवारि), २० फाल्गुण २०७०) । भोजन तयार भएपछि सबै जन्तीहरू खाना खान बस्दछन् तर दुलाहाले नखादासम्म अरू जन्तीले खाना खानु हुँदैन भन्ने मान्यता रहिआएको पाइन्छ । त्यो समयमा दुलाहाले सजिलैसँग खाना खान मान्दैनन् किनकि त्यतिबेला दुलाहालाई दाइजो कति आउँछ भन्नेतर्फ सबैको ध्यान आकर्षण हुने गर्दछ । चित्तबुझ्ने गरी दाइजो नआउँदासम्म दुलाहाले खाना खाँदैनन् । दुलहीका अभिभावकले चित्त बुझ्ने गरी दाइजो दिएपछि मात्र दुलाहाले खाना खान सुरू गर्दछन् र त्यसपछि अरू जन्तीहरूले पनि खाना खान्छन् । कहिलेकाँही दाइजो दिंदा पनि दुलाहाले खानाखान मानेनन् भने दुलहीका आमाबाबुले हात जोडेर दुलाहालाई खाना खान मनाउनु पर्ने हुन्छ (बोहरा, १६ भाद्र २०६८) । गौना संस्कार सम्पन्न गर्ने रातभर जन्तीले नाचगान गरेर रमाइलोसँग बिताउँदछन् ।

गौनाका लागि जन्ती गएको भोलिपल्ट बिहान वावन(पुरोहित)द्वारा दुलहीका घरमा सत्यनारायणको पूजा गराइन्छ । त्यस दिन विहान पनि सबै जन्तीलाई सुँगुर काटेर भोज भतेर ख्वाउनु पर्दछ । दिउँसो दुलाहाले ल्याएका नयाँ लुगाफाटा र गहनागुरियाहरू दुलहीलाई पहिराइदिएर चिटिक्क पारिदिइन्छ साथै नाईलाई बोलाएर दुलहीको हात खुट्टा रङ्गाईदिने, नङ्मा पालिस लगाईदिने, मेहन्दी लगाईदिने गरिन्छ (चिडिमार(सुरेश), २२ फाल्गुण २०७०) । यसरी दुलही सजाउने कार्य सकिएपछि रिक्सा, गाडा, ठेला, टाँगा जुन साधन सहजै उपलब्ध हुन्छ, त्यसैमा दुलहीलाई राखेर दुलाहाको घरमा ल्याउने कार्य गरिन्छ । दुलाहाको घरमा पनि त्यसदिन साँझ वावन(पुरोहित)लाई बोलाएर सत्यनारायणको पूजा लगाइन्छ । त्यतिबेला जन्तीका अतिरिक्त छरछिमेक र सबैजसो नातागोता, इस्टमित्रलाई निमन्त्रणा गरेर पूजाको प्रसाद स्वरूपका सातु र खाना ख्वाउने प्रचलन छ । दुलहीका साथमा उनको माइतबाट कुनै एकजना केटी साथी लोकन्तीका रूपमा सँगै आउने हुनाले दुलही उनकै साथमा बस्ने, सुत्ने गर्दछिन् । यसरी गौना संस्कार सकिएको भोलिपल्ट पनि दुलाहाका घरमा

नाँचगान गरेर रमाइलो गर्ने, भोज भतेर गर्ने प्रचलन छ । तेस्रो दिन दुलहीका माइतबाट दुलहीलाई लिन उनका बाबु वा अन्य आफन्त आइपुग्दछन् । ती लिन आएका आफन्तका साथमा दुलही र उनीसँगै आएकी लोकन्ती दुबैजना चौथो दिनमा माइतीघरमा गएपछि चिडिमार जातिको विवाहमध्येको गौना संस्कार समाप्त भएको मानिन्छ (चिडिमार(करिस्मा), १६ आश्विन २०७०) । यसरी गौना चिडिमार जातिको विवाहसंस्कारको एउटा महत्वपूर्ण खण्ड मानिदै आएको छ ।

## (घ) **थौना**

चिडिमार जातिको विवाहको अर्को चरण 'थौना' संस्कार पूरा भएपछि मात्र यस जातिमा विवाहकार्य समाप्त भएको मानिन्छ । थौना दुलहीलाई दुलहाका घरमा लैजाने विवाहको अन्तिम चरण हो । यो संस्कार गौना संस्कार सम्पन्न भएको पाँच-छ महिनादेखि एक वर्षभित्रमा सम्पन्न गर्ने प्रचलन रहेको पाइन्छ । थौना संस्कार सम्पन्न गर्ने सम्बन्धमा परिवारका बीचमा सरसल्लाह भएपछि वावन( पुरोहित)ले तोकेको शुभ दिनमा यो कार्य सम्पन्न गरिन्छ । दुलहीलाई दुलाहाका घरमा सधैंभरीका लागि ल्याउने वा लैजाने यो थौना संस्कार सम्पन्न गर्न दुलाहाकी फुपू वा दिदी र अन्य त्यही परिवारका एक-दुई जना सदस्यहरू मात्र दुलहीका घरमा जाने गर्दछन् । यस पटक दुलही लिनजाँदा भने दुलहीका घरमा खासै उपहार र लत्ताकपडा लैजानु पर्दैन । यसरी दुलही लिन आएका आफन्तसँग दुलहीका आमाबाबुले उनलाई आवश्यक पर्ने लुगाफाटो, सरसामान राख्ने बाकस आदि दिएर बिदाई गर्दछन् (चिडिमार(मनोहर), १६ भाद्र २०६८) । यो कार्य सम्पन्न गर्दासम्ममा चिडिमार जातिका कन्याहरू वयस्क भइसकेका हुन्छन् ।

चिडिमार समाजमा बुहारीले सासुलाई ढोग्ने प्रचलन छ । तर दुलहीले दुलाहालाई भने प्रायःजसो विवाहको समयमा भन्दा बाहेक ढोग्ने गर्दैनन् । दुलहीलाई लिएर घरमा आएपछि ढोगभेटको कार्य सम्पन्न हुन्छ । त्यसरी विवाहका विधिविधान पूरा गरी आफ्नो घरमा गएकी छोरीलाई थौना संस्कार पूरा भएको दश-पन्घ्र दिनपछि माइतिघरबाट लिन जानु पर्दछ । त्यसपछि मात्र नवविवाहिता दुलही घरमाइत गर्ने गर्दछन् । लोग्ने मन परेन भने पुनर्विवाह गर्ने प्रचलन पनि यस चिडिमार समाजमा रहेको पाइन्छ (चिडिमार(सावित्री), १४ आश्विन २०७०) । तथापि दोस्रो विवाहलाई यस समाजमा त्यति राम्रो मानिदैन । यो थौना संस्कार समाप्त भएपछि यस चिडिमार जातिमा प्रचलित विवाहकार्य विधिविधानअनुसार नै समाप्त भएको मानिन्छ ।

### ६.३.४ मृत्यु संस्कार

मृत्युलाई मानिसले विछोड, त्रासदी र कहाली लाग्दो घटनाका रूपमा लिने गर्दछन् । चिडिमार समाजमा पनि मानिसको मृत्यु हुँदा उनका आफन्तहरू दुःखी हुन्छन् । चिडिमार जातिमा मानिसको घरभित्र नै मृत्यु हुँदा पनि त्यसलाई अशुभ मानिदैन (चिडिमार(बुधइ), १६ भाद्र २०६८) । अन्य हिन्दू धर्मावलम्बीहरूमा जस्तो मानिसको मृत्यु हुन लागेमा घरबाहिर निकाल्ने प्रचलन चिडिमार समाजमा रहेको पाइदैन । मानिस मरिसकेपछि मात्र यस जातिमा घर बाहिर निकालेर मृतकलाई नुहाईधुवाई गरी नयाँ कपडा लगाईदिएर कपडाले छोपेर राख्ने प्रचलन रहँदै आएको छ (चिडिमार(राममिलन), १६ भाद्र २०६८) । मानिस मरेपछि मृतकको सिरानीपट्टि अगरबत्ती बालिदिइन्छ । आफ्ना इष्टमित्र, छरछिमेकका मानिसहरू जम्मा भएर उसका क्रियाकलापहरू सम्झेर रूने कराउने गर्दछन् । मृतक महिला भए कपाल कोरीबाटी गरी सिंगारपटार गरिदिने र पुरुष भए नाउलाई बोलाएर दाह्री कपाल खौरिदिने र शरीरमा तेल घसेर मालिस गरिदिने प्रचलन छ । महिला पनि सधवा र विधवाको भिन्दाभिन्दै तवरबाट सिंगारपटार गर्ने गरिन्छ । सधवा महिलालाई सिन्दुर, टीका लगाईदिने र विधवा भए त्यही किसिमले सिंगारपटार गरिदिने, नयाँ कपडा लगाईदिने गरिन्छ (चिडिमार(दिलिप), १६ भाद्र २०६८) । यसरी चिडिमार समाजमा मृतकको पनि रितअनुसारको सिगारपटार गर्ने प्रचलन रहेको पाइन्छ ।

चिडिमार जातिमा लासको दाहसंस्कार गर्दा कमैले मात्र अग्नि दाह गर्ने गर्दछन् । केही धनी मानिसहरूले मात्र नदी वा जलासयमा लगेर दाह संस्कार गर्दछन् भने अन्यले भएमा आफ्नै जग्गामा र नभएमा नजिकका छिमेकीको जग्गामा तथा छिमेकीको पनि जग्गा नपाएमा सार्वजनिक जग्गामा लगेर खाल्टो खनेर गाडिदिने गर्दछन् । लासलाई घरबाट निकाल्नुभन्दा अगाडि नाईले काटेको नङ, कपाल एउटा माटोको भुड्कीमा राखिन्छ र घर बाहिर निकालेर राखेको लासलाई बाँसको खट निर्माण गरी त्यसमा कात्रो ओडाएर राखिन्छ । त्यसपछि खटमा राखिएको लासलाई मृतकका छोराहरूले र छोराहरू नभएमा भाइ, भतिजा तथा ज्वाइँ चेलाहरूले बोकेर गाड्ने ठाउँसम्म लैजाने गर्दछन् (शर्मा, २८ भाद्र २०६८) । यस जातिको लास अन्य जातिका मानिसहरूले भने बोकेर लाने प्रचलन छैन ।

गाड्ने ठाउँमा लास पुग्नुभन्दा केही समय अगाडि नै मानिसहरू गएर खाल्टो खन्ने कार्य गर्दछन् । त्यसरी खाल्टो खनिसकेको हुनाले लासलाई त्यस ठाउँमा पुऱ्याउनासाथ खाल्टोमा राखेर त्यसमाथि अत्तर आदि बासनादार बस्तु छर्किने, धूप, बत्ती बाल्ने गर्दछन् । त्यसरी खाल्टोमा राखिएको लासलाई मुखमा मिठाई, लड्डु आदि ख्वाइदिने गरिन्छ । खाल्टोमा राखिएको लासलाई कुशको मुठामा

गाईको गोबरले लिपेर त्यसलाई सल्काएर सातपटक घुम्नु पर्दछ । यसरी घुम्ने कार्य मृतकको जेठो छोराले र जेठो छोरा नभएमा कान्छा छोराले गर्दछन् । मृतकको कान्छा छोरा पनि नभएमा मृतकको भाइले कुशको आगो दिने प्रलन छ (चिडिमार(आकादशी), १८ भाद्र २०६८) । यति कार्य सकेपछि त्यहाँ गएका मलामीहरूले लासको मुखमा एकएक मुठी माटो राखिदिन्छन् ।

दाहसंस्कारकै क्रममा मृतकको जेठो छोराले लासलाई ढाकेको एक टुक्रा कात्रो च्यातेर घाँटिमा बेर्दछन् र तिल मिसाएर भरेर राखेको गाग्राको पानी एउटै हातले मात्र उठाई टाउकामा खन्याएर नुहाउँदछन् । त्यसपछि लासको नजिकमा कुशसँगै चामल, दाल, आलु, नुन, गहुँ, खुर्सानी, फलफूल जस्ता सबै खानेकुराहरू राखिदिन्छन् । त्यस्ता खानेकुराहरू मृतकका आफन्तहरूले उसलाई अन्तिम पटक दानका रूपमा चढाएका हुन्छन् । त्यसपछि बिस्तारै मलामीहरूले खाल्टोमा माटो फाल्दै गएर लासलाई पुर्दछन् । माटोले पुरेपछि त्यसमाथि फरुवा, हसिया, ढकिया आदि उसले जीवित छँदा प्रयोग गरेका वतुहरू राखिदिन्छन् । ती वस्तुहरू भङ्गी, बाल्मिकी, मगन्ता आदिले केही समयपछि उठाएर लैजान्छन् । त्यतिबेला नाईले काटेर राखेको मृतकको नङ, कपाललाई लास गाडेको टाउकापट्टि अलिकति माटो खोस्रेर कपडामा वा माटाको भुड्कीमा पोको पारेर गाडेर राखिदिइन्छ (चिडिमार (सोनम), १६ भाद्र २०६८) । पछि निकालेर लैजान सजिलो होस् भनी त्यसको माथि केही चिन्न पनि राखिएको हुन्छ ।

चिडिमार जातिमा महिलाहरू भने मलामी जाने प्रचलन छैन । माटाको भुँड्कीमा राखिएको नङ, कपाल तीन दिनपछि क्रियापुत्री आफैले निकालेर घरमा ल्याउँदछन् । मलामी जाने खास मानिसहरूले वा नातेदारहरूले त्यस घरमा धान, चामल, गहुँ, दाल, नुन, खुर्सानी, आलु आदि ल्याइदिन्छन् । त्यसरी ल्याएको बस्तु भङ्गी(वाल्मिकी), मगन्ताहरूलाई बाँडिदिन्छन् । यति कार्य सकेपछि मलामीहरू नजिकको तलाउ वा धारोमा गएर नुहाइधुवाई गर्दछन् । त्यस नुहाउने ठाउँमा एउटा भाँडोमा चामल र तिल राखिएको हुन्छ । त्यससँगै नाईले कुसको मुठा बनाएर भुईमा गाडिदिन्छन् । त्यसपछि क्रिया बस्ने मानिसले सबैभन्दा पहिला नुहाउँदछन् र उनले त्यहाँ राखेको कुशको मुठामा पानी, तिल र चामल चढाउने गर्दछन् । त्यसपछि अन्य सबैजनाले नुहाउने र पानी चढाउने गर्दछन् ( चिडिमार(आजातसिंह), १६ भाद्र २०६८) । घर फर्केपछि मलामीले खुर्सानीमा टेकेर मुख कुल्ला गरेपछि मात्र घरभित्र पस्ने गर्दछन् । यस्तो कार्य गरेमा प्रेतात्माले मानिसलाई छुन सक्दैन भन्ने विश्वास रहीआएको पाइन्छ । चिडिमार समाजमा लास गाडेको भए नवौं वा दशौं दिनका दिन र जलाइएको भए तेह्रौं दिनका दिन शुद्धशान्ति गर्ने प्रचलन छ । शुद्ध हुने दिनमा मृतकका पुरूष नातेदारहरूले कपाल खौरिने गर्दछन् । क्रियापुत्रीले दश दिनसम्म प्रत्यक दिन लास गाडिएको स्थानमा गएर पानी

चढाउनु पर्दछ (वर्मा, १६ भाद्र २०६८) । यसो गरेमा मृतक स्वर्ग जान्छन् भन्ने मान्यता रहेको पाइन्छ ।

चिडिमार जातिमा परिवारको एकजना छोरा, पति वा पत्नीले मात्र मृतकको काजक्रिया गर्ने प्रचलन छ । चिडिमार जातिमा अन्य हिन्दू समुदायमा जस्तो मृतकका सबै छोराहरूले काजक्रिया गर्नु पर्दैन । त्यस्तो समयमा घरका दैनिक कामकाजहरू गर्न नहुने हुनाले प्रायःजसो मृतकका पति वा पत्नीले वा जेठो छोराले मात्र यस्तो क्रिया बस्ने गर्दछन् । यसरी क्रिया बसेको क्रियापुत्रीले नौ-दश दिनसम्म नुन र अन्य मानिसहरूले पकाएर दिएको खाने कुराहरू खानु हुँदैन । त्यस्ता क्रियापुत्रीलाई अरूले छुन पनि हुँदैन । क्रिया बसेको बेला दूध, फलफूल जस्ता चोखा मानिएका खानेकुराहरू खाने गर्दछन् । यस जातिमा लोग्ने मानिस मरेको भए दश दिन र महिला मरेको भए नौ दिनसम्म मात्र काजक्रिया गरेर बस्नु पर्दछ (चिडिमार(प्रमोद), १६ आश्विन २०७०) । क्रिया बस्ने मानिसभन्दा बाहेक घरका अन्य मानिसहरूले भने नुन बार्नु पर्दैन । क्रिया बस्दा पहिलेदेखि नै लगाईरहेका कपडाहरू नै लगाउने तर घाँटीमा भने सेतो कपडा झुण्ड्याइरहने गर्दछन् ।

मृतकको दाहसंस्कार गरेको तेस्रो दिन लास गाडिएको ठाउँमा राखिएको नङ् र कपाल (लास जलाएको भए खरानी) घरमा ल्याएर एउटा माटाको भुङ्कीमा हाली बाहिरबाट प्लास्टिकले ढाकेर घरको आँगनमा सबैले देख्ने गरी एक फुट जति जमिनभित्र गाडेर राख्दछन् । यसरी गाडिएको नङ् पछि बनारस, गया आदि ठूला मानिएका तीर्थमा लगेर सेलाउनु पर्ने मान्यता रहिआएको छ । चिडिमार समाजमा अस्तु सेलाएपछि मात्र मरेको मानिस स्वर्ग जान्छन् भन्ने मान्यता छ (चिडिमार (तीर्थराम), १५ भाद्र २०६८) । त्यसरी अस्तु सेलाउन जाँदा धेरै खर्च लाग्ने हुनाले कैयौं पुस्तादेखि अस्तु नसेलाएका घटनाहरू पनि प्रसस्तै पाइन्छन् । यदि कुनै चिडिमार जातिका मानिसहरू आफ्ना पूर्खाको अस्तु चढाउन भारतका ठूला तीर्थमा गएमा त्यहाँबाट फर्केपछि घरमा आएर भण्डारा लगाउनु पर्दछ । भण्डारा नलगाएमा त्यस्ता मान्छेले अर्काको घरमा गएर खाना खानु हुँदैन भन्ने मान्यता रहिआएको छ (चिडिमार(बहकाउ), १६ भाद्र २०६८) । यस्तो भण्डारा लगाउन नसक्ने हुनाले धेरै चिडिमारहरूले आफ्ना मृतक पूर्खाको अस्तु नसेलाएका पनि भेटिन्छन् ।

क्रियापुत्रीको शुद्धशान्तिका लागि लास गाडेको भए र मृतक महिला भए नवौं दिनका दिन र पुरूष भए दशौं दिनका दिन तथा लासको दाह नदी वा जलासयमा गरेको भए तेह्रौं दिनका दिन नाईलाई घरमा बोलाएर त्यस घरका सबै लोग्ने मानिसको दाह्री कपाल मुण्डन गर्ने, नङ् काटिदिने गरिन्छ भने महिलाको पनि नङ् काटिदिइन्छ । यतिकार्य समाप्त भएपछि त्यसघरका सबै मानिसहरू नुहाइधुवाई गरेर धोबीले पानी छर्किदिएपछि शुद्ध हुन्छन् (चिडिमार(गयादिन), २२ आश्विन २०७०) ।

सबै शुद्ध भएपछि नाई, धोबीहरूलाई क्षमतानुसार पैसा, दाल, चामल, कपडा आदि उनीहरूलाई परिश्रमअनुसारको खर्च दिने प्रचलन छ ।

चिडिमार समाजमा मानिसको मृत्यु भई शुद्धशान्ति गर्ने दिन आफ्ना इष्टमित्र, नातागोता, छरछिमेक, साथीभाइ सबैलाई घरमा निमन्त्रणा गरी खाना ख्वाउने गरिन्छ । त्यस दिन घरमा पाकेको खाना सबैभन्दा पहिला मृतकका लागि टपरीमा पस्किएर क्रियापुत्रीले आँफै लगेर लास गाडेको ठाउँ नजिक राखिदिने गर्दछन् । त्यसपछि खाना खानेबेलामा सर्वप्रथम लास बोकेका र त्यसपछि अन्य मलामीहरूलाई ख्वाउनु पर्दछ । मलामीसँगै अन्य छरछिमेक र पाहुनाहरूले पनि खाना खान्छन् । चिडिमार समाजमा खाना खाने र ख्वाउने काममा रोलक्रम र मर्यादाको विशेष ख्याल हुने र मर्यादाको पालना गर्नुपर्ने प्रचलन छ (चिडिमार(आजातसिंह), १६ भाद्र २०६८) । खाना खान सुरू गर्दा सबैले पहिलो गास मृतकको नाममा झिकेर भुईंमा वा आगोमा राख्दछन् । मलामीहरू र अन्य अतिथिहरूलाई खाना दिइसकेपछि मात्र घर परिवारका मानिसहरूले खानुपर्ने मान्यता रहेको छ । त्यस दिन अन्य कार्य सकेपछि पञ्चायतको बैठक बस्दछ र त्यो बैठक समाप्त भएपछि मात्र खाना खाने गर्दछन् (श्रेष्ठ, ६ आश्विन २०६८) । चिडिमार जातिको समाजमा सामाजिक अपराध गर्नेलाई दण्डित गर्न र समाजलाई व्यवस्थित, अनुशासित तथा मर्यादित बनाई राख्न अदालतको काम गर्नका लागि पञ्चायतको स्थापना गरिएको हुन्छ । त्यो पञ्चायतको सभा गाउँमा मानिस मरेर शुद्ध शान्ति हुने दिनमा मात्र बस्ने प्रचलन छ (शाह, ४ आश्विन २०६८) । पञ्चायतको सभाको विसर्जनसँगै चिडिमार जातिमा मृत्यु संस्कार पनि समाप्त हुन्छ । यो समाजमा बरखी बार्ने प्रचलन छैन । तर छ महिनासम्म त्यो परिवार अशुद्ध हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । त्यसपछि वार्षिक तिथि र सोह्रश्राद्दका बेला घरको मूल ढोका नजिक आगोको भुङ्ग्रो राखेर त्यसमा अन्न, मासु आदि होम गरी पितृलाई सम्झिने प्रचलन छ । यसको नमुना तस्विर परिशिष्टमा पनि दिइएको छ ।

### ६.३.५ सम्मान सत्कारको संस्कार

चिडिमार जातिका मानिसहरूले पाहुनापासाको खुवै राम्रो सम्मान सत्कार गर्ने गरेको पाइन्छ । आफूभन्दा ठूला, सरकारी कर्मचारी, पञ्चायतका पदाधिकारीहरू तथा अपरिचित मानिसहरू घरमा आएमा आफ्नो काम छोडेर नमस्कार गर्ने, बस्ने ठाउँको बन्दोबस्त गर्ने, तिर्खा लागेको छ कि ? भनेर सोध्ने र पानी पिउन दिने तथा चिया नास्ताका बारेमा पनि सोधपुछ गर्ने गर्दछन् । साँझमा पाहुना आएमा आफूसँग जे जस्तो छ त्यसलाई सकेसम्म राम्रो, सफा सुग्घर गरी मिठोसँग पकाएर खान दिने

र सुत्ने व्यवस्था मिलाउने परम्परा रहँदै आएको पाइन्छ । आफ्नो घरमा आएका अतिथिलाई चिडिमार जातिका मानिसहरूले आफू सामान्य ठाउँमा सुतेर भए पनि उनीहरूलाई आफू सुत्दै आएको ठाउँमा सुताएर आतिथ्य सत्कार गर्दछन् । यस चिडिमार जतिका मानिसहरूले आफ्ना मान्यजनहरूलाई खुट्टामा नै ढोग गर्ने गर्दछन् भने अन्यलाई नमस्कार गर्ने गर्दछन् । चिडिमार जातिमा बुहारीले सासुलाई, नन्दलाई, देवरलाई खुट्टामा नै ढोग गर्ने गर्दछन् । तर जेठाजु र ससुरालाई भने खुट्टामा नै ढोग्ने प्रचलन छैन (चिडिमार(अनिता), १२ आश्विन २०७०) । यसरी चिडिमार जातिका मानिसहरूले आफ्ना जातीय मर्यादाका आधारमा मान्यजनहरूलाई सम्मान र सत्कार गर्ने तथा सानालाई यथोचित माया दिने गरेको पाइन्छ ।

## ६.४ चाडपर्वहरू

आर्यभूमि, तपोभूमि, देवभूमिजस्ता विभिन्न नामले चिनिने नेपालमा बसोबास गर्ने मानिसहरूले प्राचीनकालदेखि नै प्रसस्त चाडपर्वहरू मनाउदै आएको पाइन्छ । हिन्दू धार्मिक ग्रन्थहरूमा यस्ता विभिन्न चाडपर्वहरूको उत्पत्तिका कारणहरूको चर्चा गरिएको पाइन्छ । सामान्यतः नेपाली समाजमा बोलचालको भाषामा 'चाड' र 'पर्व' दुईवटै शब्दलाई एउटै रूपमा 'चाडपर्व' भनी सम्बोधन गर्ने गरेको पाइन्छ । तथापि यसलाई कहीँ कतै फरक-फरक रूपमा पनि विभाजन गर्ने गरिन्छ । आ-आफ्नो घरमा बसेर परिवारको जमघटमा मनाइने उत्सवलाई 'चाड' र सार्वजनिक स्थलहरूमा भेला भएर मनाइने उत्सवलाई 'पर्व' भन्ने गरिन्छ (उपाध्याय, २०५२ वि.सं., पृ. १४१) । घरमा बसेर परिवारका साथ मनाइने चाडअन्तर्गत दसैं, तिहार, तीज आदि पर्दछन् भने सार्वजनिक स्थलमा जमघट भएर मनाइने पर्वहरूमा शिवरात्री, फागुपूर्णिमा, छठ, लोसार, जात्राहरू आदि पर्दछन् । यसलाई समग्र रूपमा चर्चा गर्दा 'चाडपर्व' भन्नु नै उपयुक्त हुने देखिन्छ । प्राचीनकालदेखि नै चाडपर्वहरू मानव संस्कृतिका अभिन्न अङ्ग बन्दै आएका छन् ।

नेपाल एउटा बहुजातीय एवम् बहुसांस्कृतिक राष्ट्र हो । यसमा निवास गर्ने विभिन्न जातिजातिका मानिसहरूका आ-आफ्नै परम्परागत सांस्कृतिक चाडपर्वहरू रहँदै आएका छन् तापनि ती सबै राष्ट्रिय एकताका अटुट सुत्रमा गाँसिएका छन् । यी सबै सांस्कृतिक परम्पराहरूले सम्पूर्ण नेपालीलाई आ-आफ्नो स्थानमा पहिचान कायम गराउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको पाइन्छ । नेपालको सांस्कृतिक निधिका रूपमा रहेका त्यस्ता चाडपर्वहरूको सामाजिक, धार्मिक भावनासँग पनि उतिकै गहिरो सम्बन्ध रहेको पाइन्छ । त्यस्ता चाडपर्वहरू मनाउदा मानिसलाई अभौतिक रूपमा

मनोरन्जन प्राप्त हुन्छ भने आध्यात्मिक रूपमा पनि सन्तुष्टि प्राप्त हुने गर्दछ । त्यसै गरी ती चाडपर्वहरूले सामाजिक एकता र सद्भाव स्थापना गर्न पनि मद्दत पुऱ्याई रहेको पाइन्छ । नेपालमा केही चाडपर्वहरू राष्ट्रिय रूपमा र केही क्षेत्रीय, जातीय, धार्मिक र स्थानीय रूपमा पनि मनाउदै आउने गरेको पाइन्छ । तर बाँके जिल्लाका चिडिमार जातिका मानिसहरूले मनाउने केही खास, बेग्लै र छुट्टै खालका मौलिक चाडपर्वभन्दा बाहेक अन्य सबै समान खालका हुने गर्दछन् (चिडिमार (विपत), २० फाल्गुण २०७०) । यस जातिका मानिसहरूले पनि नेपालको तराई क्षेत्रमा बस्ने हिन्दू धर्मावलम्बी जातजतिका मानिसहरूले मनाउने समानकै चाडपर्वहरू नै मनाउदै आएको पाइन्छ ।

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने हिन्दू धर्मावलम्बी जातजातिहरूमध्ये पनि दलित समुदायका मानिसहरूले अधिकाङ्स रूपमा समान खालका र समान रूपले चाडपर्वहरू मनाउने गरेको पाइन्छ । यसका अतिरिक्त त्यही क्षेत्रमा बस्ने मुसलमान, शिख, इसाई, जैन आदि धार्मिक समूह र सम्प्रदायका मानिसहरूले भने केही भिन्न चाडपर्वहरू मनाउने गर्दछन् (शर्मा, २५ भाद्र २०६८) । चिडिमार जातिका मानिसहरूले होलीपर्व मनाउदा ताजिया जलाउँदछन् भने अरुले दाउराको चाङ्ग बनाएर जलाउने गर्दछन् । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने हिन्दू धर्म मान्ने जातजातिहरूका मानिसहरूले प्रायःजसो चाडपर्वहरूमा माछा, मासु, जाँड, रक्सीको प्रयोग गर्ने गरेको पाइँदैन भने चिडिमार जातिका मानिसहरूले भने पितृकर्म श्राद्दलगायत अन्य सबैजसो चाडपर्वहरूमा समेत माछा, मासु, जाँड, रक्सीको प्रायोग गर्नै पर्ने प्रचलन छ (चिडिमार(गोपाल), २६ फाल्गुण २०७०) । हेर्दा उस्तै लागे पनि चिडिमारलगायतका केही तराई दलित समुदायका मानिसहरूले तिनै चाडपर्वहरूलाई यसरी भिन्न र मौलिक तरिकाले मनाउदै आएको पाइन्छ । त्यस्ता चाडपर्वहरूलाई निम्नानुसार छुट्टाछुट्टै शीर्षकहरूमा राखेर विश्लेषण गर्दा उपयक्त हुने देखिन्छ ।

### ६.४.१ नयाँ वर्ष

चिडिमार जातिका मानिसहरू भारतबाट बसाइँ सरेर नेपालको तराई क्षेत्रमा आएर बसेका र भारतमा खासगरी अङ्ग्रेजी शासनको बिस्तार भएपछि अङ्ग्रेजी महिना र वर्षलाई गणनाका रूपमा प्रयोग गर्ने प्रचलन बढी भए तापनि यस जातिका मानिसहरूले नेपालमा प्रचलित विक्रम सम्बत्को साल महिनाअनुरूपनै बैशाख १ गतेलाई नयाँ वर्षका रूपमा मनाउने गर्दै आएको पाइन्छ । त्यस दिन चिडिमार जातिका मानिसहरूले विशेष पूजाआजाभन्दा पनि वर्षको पहिलो दिन भएको हुनाले मीठो मसिनो खाने र शुभकार्य गर्ने गरेमा वर्षभरि नै राम्रो खान र लाउन पाइन्छ भन्ने परम्परागत मान्यता

राख्दै आएका छन् (चिडिमार(समिता), १३ आश्विन २०७०) । त्यस नयाँ वर्षका दिनमा चिडिमार जातिका मानिसहरू आफ्नो टोल छिमेकका मानिसहरू मिलेर सुँगुर काट्ने र खाने गर्दछन् । चिडिमार जातिका सबै जासो चाडपर्वहरूमा जाँड, रक्सी, माछा, मासु र विभिन्न मिठाईका परिकारहरू बनाएर खाने परम्परानुरूप नै यस नयाँ वर्षका दिनमा पनि टोलछिमेकका मानिसहरू एकापसमा मिलेर रमाइलो गर्ने, खुसी बाड्ने गरी नयाँवर्षको पहिलो दिनलाई एउटा महत्वपूर्ण चाडका रूपमा मनाउने गरिदै आएको पाइन्छ ।

### ६.४.२ अक्षयतृतीया

चिडिमार जातिका मानिसहरूले मनाउने अर्को महत्वपूर्ण चाड अक्षयतृतीया हो । यस चाडलाई जौको सातु खाने चाडका रूपमा पनि मान्ने गरिदै आएको पाइन्छ । उक्त दिन चिडिमार जातिका मानिसहरूले आफ्ना वावन(पुरोहित)लाई घरमा बोलाएर भुटेको जौको सातु, चिनी पानी, हाते पङ्खाजस्ता सामानहरू दान दिने प्रचलन रहँदै आएको पाइन्छ । यस दिन चिडिमार बस्तीमा वावन (पुरोहित) आफैं आएर त्यस्ता दानका बस्तुहरू ग्रहण गर्ने र आफूले पनि जौको सातु बाँड्ने गर्दछन् । उक्त दिनमा चिडिमार जातिका मानिसहरू आफ्नो टोल छिमेकका मानिसहरूलाई बोलाएर चिनीपानी र जौको सातु खान दिने गर्दछन् (चिडिमार(मैनाप्रसाद), १३ आश्विन २०७०) । यसरी बैशाख महिनामा पर्ने अक्षयतृतीयाका दिन यस चिडिमार जातिका मानिसहरूले गुलियो पानी र जौको सातु खाएर यो चाड मनाउने गरेको पाइन्छ । गुलियो पानी बनाउदा चिनीका अलावा सख्खर वा भेलिको प्रयोग पनि गर्ने गरेको पाइन्छ । नेपालको तराई दलित र अन्य हिन्दू धर्मावलम्बीहरूमा पनि अक्षयतृतीयाका दिन जौको सातु र गुलियो पानी खाने र अरुलाई पनि बाड्ने चलन भए पनि चिडिमार जातिका मानिसहरूले जस्तै पङ्खा आदि दान दिने प्रचलन भने रहेको पाइदैन ।

### ६.४.३ भौंरी

आषाढ महिनामा मनाइने भौंरी चाड एउटा छुट्टै र विशेष खालको रोटीको नामबाट रहेको मानिन्छ । यो चाड आषाढ महिनाको पूर्णिमा(पुर्नमासी) तिथिका दिन मनाउने गरिन्छ । यो चाड कुन दिनमा पर्दछ भनेर चिडिमार जातिका मनिसहरूलाई नै जानकारी हुँदैन किनकी उनीहरूलाई तिथिको जानकारी निकै कम हुने गर्दछ । त्यसैले वावन(पुरोहित)ले भौंरी चाड आएको जानकारी दिने प्रचलन

रहँदै आएको छ । यो चाड मनाउनुभन्दा तीन-चारदिन अगाडि नै वावन(पुरोहित) ले भौंरी चाडका बारेमा जानकारी दिएपछि मात्र उनीहरूले त्यसको तयारी गर्दछन् । भौंरी चाड आएको जानकारी पाएपछि चिडिमार जातिका मानिसहरूले त्यो भौंरी रोटी बनाउने सरसामानहरू जुटाउँदछन् । खासगरी यो रोटी बनाउँदा गहुँको पिठोलाई घिउमा मुछेर गाईको गोवरबाट बनाएको गुइँठाको आगोमा कचनार भनिने एकप्रकारको रुखको पातमा रोटीलाई बेरेर पोल्ने अनि रातो भएपछि निकाल्ने गरिन्छ । त्यस दिन वावन(पुरोहित)लाई दाल, चामल, तेल, नुन, डाल्डा, खुर्सानी, बेसार जस्ता सामानहरूसँगै १०-१५ रूपैया जति पैसा दान गरेपछि मात्र भौंरी रोटी खाने गरिन्छ । भौंरीका दिन चिडिमार जातिका मानिसहरूले आफ्ना नातेदारहरू छोरी, ज्वाई, भान्जा, भान्जी आदिलाई घरमा बोलाएर भौंरी रोटी खाने, खुवाउने र साँझ गीत गाउने, नाचगान गरेर रमाइलो गर्ने गर्दछन् (चिडिमार(सक्कु), २१ फाल्गुण २०७०) । भौंरी रोटी खानुभन्दा अगाडि त्यसलाई आगोको भुङ्ग्रोमा चढाउनु पर्दछ । चिडिमार जातिको भाषामा त्यसलाई 'गगियारी' भनिन्छ । वर्तमान समयमा चिडिमार समाजमा रहेका परम्परागत नाचगानमा पनि बिस्तारै परिवर्तन हुँदै गएको पाइन्छ । अहिले उनीहरू परम्परातगत नाचका सट्टा भारतीय सिनेमाका सिडीहरू ल्याएर रातीको समयमा गाउँटोलका मानिसहरू जम्मा भएर त्यसै गीतका आधारमा नाचगान गर्ने गरेको पनि पाइन्छ ।

### ६.४.४ नागनागिन पूजा

चिडिमार समाजमा आषाढ कृष्ण पक्षको सोमबार वा सुक्रबारका दिनमा यो नागनागिन पूजा चाड मनाउने प्रचलन छ । ती दुईदिनमध्ये वावन(पुरोहित)ले ठम्याएको साइतका दिन नागनागिनको पूजा गर्ने परम्परा कायम रहँदै आएको छ । यस नागनागिन पूजा चाडका लागि चिडिमार बस्तीका सबैजसो घरका एकएकजना महिलाहरू जम्मा भएर चिडिमार बस्तीमा नै भीक्षा माग्ने गर्दछन् । त्यसरी भीक्षा मागेर जम्मा भएको चामल पैसाले नागनागिन पूजाका लागि आवश्यक सामग्री खरिद गर्ने गर्दछन् (चिडिमार(रामकुशेर), २३ फाल्गुण २०७०) । यसरी मागेको पैसाले मात्र पूजा सामग्री खरिद गर्न नपुगेमा आफूहरूले पनि केही पैसा थपेर आवश्यक सामग्री किन्ने गर्दछन् ।

पूजा सामग्रीहरू तयार भएपछि गाउँ वा टोलको कुनै खालि ठाउँमा दश-पन्ध्र घरका मानिसहरू जम्मा भएर गहुँको मुछिएको गिलो पिठोबाट नागको आकृति निर्माण गर्ने, माटाका स-साना भाँडामा दूध भरेर नागनागिन देवतालाई चढाउने साथै मीठामीठा परिकार रोटी आदि बनाएर पनि नागनागिनलाई चढाउने र आगो सल्काएर ध्यूको धुप हाल्ने, बाजागाजा बजाउने, त्यस ठाउँमा

जम्मा भएका मानिसहरूलाई प्रसाद वितरण गर्नेजस्ता कार्यहरू गरेर रमाइलोसँग नागनागिनको पूजा गर्ने परम्परा रहँदै आएको छ (चिडिमार(मुनक्की), १३ आश्विन २०७०) । नागनागिनको यसरी पूजाआजा गरेपछि वर्षभरी नै नागहरू प्रसन्न भइरहन्छन् र उनीहरूले मानिसको रक्षा पनि गरिरहन्छन् भन्ने मान्यता कायम रहँदै आएको छ (ऐर, २०६७ वि.सं., ७८) । चिडिमार समाजमा नागलाई निकै ठूला देवताका रूपमा पूज्ने र वर्षको दुईपटक विशेष रूपमा पूजा गर्ने प्रचलन छ । तराई क्षेत्रमा सर्पको भय बढी नै हुने हुनाले पनि नाग देवतालाई विशेष रूपमा पूजा गर्ने परम्परा रहँदै आएको पाइन्छ । चिडिमार बाहेकका अन्य तराईबासी जातिहरूमा पनि नाग देवतालाई विशेष रूपले पुज्ने गरेको पाइन्छ ।

### ६.४.५ नाग पञ्चमी (गुडिया पूजन) पर्व

श्रावण महिनाको शुक्ल पक्षको पञ्चमी तिथिका दिन यस चिडिमार समुदायमा नाग पञ्चमी वा गुडिया पूजन पर्व मनाउने परम्परा रहँदै आएको पाइन्छ । चिडिमार जातिका मानिसहरू प्रकृति प्रेमी हुने हुनले नाग देवतालाई प्रकृतिका देवता मानेर पूजा गर्ने परम्परा रहँदै आएको छ (चिडिमार (दीपक), १४ आश्विन २०७०) । चिडिमार जातिको समुदायमा नाग देवताले मानिसहरूका हरेक कार्य सिद्धि गर्दछन् भन्ने मान्यता पनि कायम रहँदै आएको पाइन्छ । यस नागपञ्चमी पर्वलाई उनीहरू 'गुडिया पर्व' पनि भन्ने गर्दछन् । त्यस दिन कपडाको गुडिया बनाएर दोवाटोमा राख्ने र त्यसलाई पकाएको चना, चिउरा आदि चडाएर पूजा गर्ने प्रचलन छ । यस दिनमा चिडिमार जातिका मानिसहरूले आफ्ना विवाहिता दिदीवहिनी र छोरीहरूलाई घरमा बोलाएर उपहार दिने प्रचलन पनि रहँदै आएको छ ।

नागपञ्चमीका दिन चिडिमार जातिका मानिसहरू नुहाइधुवाई गरी सफा र शुद्ध हुने गर्दछन् । त्यस दिन यस जातिका महिलाहरूले विशेष रूपमा घरको लिपपोत र सरसफाइमा बढी ध्यान दिने गर्दछन् । यस नागपञ्चमी वा गुडिया पूजनका दिन चिडिमार जातिका मानिसहरूले घरका भित्ताहरू गाईको गोवर र माटोले लिपपोत गर्ने र भित्तामा गाईको गोवरको घेरा लगाउने गर्दछन् । त्यस घेरामा गोवरका नागका आकृति बनाउने र भित्तामा पनि गोवरले लेखेर नागका चित्रहरू बनाउने गर्दछन् । त्यस दिन चिडिमार जतिका मानिसहरूले घरको मूल ढोकामाथि नागका चित्रहरू टाँस्ने, त्यसमा कपासलाई रङ्गाएर नागका आकृति बनाएर चित्रसँगै झुण्याउने गर्दछन् । त्यसरी ढोकामाथि टाँसिएको नागलाई दूध, ध्यू, वा तेलमा भुटेको चना, प्याज आदि चढाउने गर्दछन् (चिडिमार(आर्यन), १४

आश्विन २०७०) । यसरी चिडिमार समुदायमा नागपञ्चमी (गुडिया पूजन)का दिनमा जति शुद्ध र राम्रोसँग नाग देवताको पूजा गर्न सक्यो त्यति नै राम्रो गरी त्यस घरमा वर्षभरी नाग देवताले रक्षा गरिरहने र सर्पदङ्शबाट समेत मुक्ति पाइने जनविश्वास रहँदै आएको पाइन्छ । नेपालको तराईका हिन्दू धर्मावलम्बीहरूमा नागको पूजा विशेष रुपमा गर्ने प्रचलन भए पनि चिडिमार जातिका मानिसहरूले जस्तै गरी गाईको गोवरको नागको आकृति बनाएर पुरै घरलाई घेर्ने प्रचलन भने रहेको पाइँदैन । गोवरको नागको मूर्ति बनाएर भित्ताभित्तामा राख्ने चिडिमार जातिको मात्र भिन्न नागपूजन विधि भएको पाइन्छ ।

### ६.४.६ सनिनो (रक्षाबन्धन)

श्रावण शुक्ल पूर्णिमा हिन्दू समुदायको एउटा महान चाड हो । यस चाडलाई रक्षा बन्धन वा जनैपूर्णिमा पनि भनिन्छ । अवधी भाषामा यस रक्षाबन्धन चाडलाई 'सनिनो' भनिन्छ (चिडिमार (भरत), १४ आश्विन २०७०) । नेपालको तराई क्षेत्रमा यस चाडलाई राखी बाँध्ने चाडका रूपमा पनि लिने गरिएको पाइन्छ । सोहीअनुरूप चिडिमार जातिका मानिसहरू पनि नेपालको तराई क्षेत्रमा बसोबास गर्ने हुनाले उनीहरू पनि यस चाडलाई राखीबाध्ने चाडका रूपमा नै लिने गर्दछन् । यस श्रावण शुक्ल पूर्णिमाका दिन चिडिमार समुदायमा दिदीबहिनीहरूले दाजुभाइलाई हातमा राखी बाँधिदिने प्रचलन छ । त्यसदिन विवाह भइसकेका दिदीबहिनी आफ्ना दाजुभाईलाई राखी बाध्न माइती घरमा जाने गर्दछन् । यसरी माइती घरमा दाजुभाइलाई राखी बाँधिदिन जाँदा रङ्गी विरङ्गीका राखीका साथै मिठाई तथा फलफूल आदि उपहार पनि लिएर जाने गर्दछन् । दिदीवहिनीले राखी बाँधिदिएपछि दाजुभाइलाई 'मलाई नभुल्नु !, हेलाँ नगर्नु !, यस रक्षाबन्धनले हामी दाजुबहिनी तथा दिदीभाइका बीचको सम्बन्ध प्रगाढ होस् !, यस राखीले हाम्रो रक्षा गरोस् !' भन्दै आशिर्वाद दिने गर्दछन् । त्यसपछि दाजुभइ र दिदीबहिनीका बीचमा दिर्घायुको कामना साटासाट पनि गर्ने प्रचलन छ (चिडिमार(बेला), १५ आश्विन २०७०) । त्यसदिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधिदिएपछि दाजुभाइले पनि दिदीबहिनीलाई कपडा, भाँडा वा अन्य उनीहरूलाई मनपर्ने उपहारहरू दिने गर्दछन् । यसरी उपहार दिएपछि चिडिमार समुदायमा दिदीबहिनीलाई खुट्टामा ढोगिदिनुपर्ने प्रचलन पनि रहँदै आएको पाइन्छ ।

चिडिमार समुदायमा यस रक्षा बन्धनका दिन दाजुभाइले दिदीबहिनीलाई राखी बाँधिदिनेभन्दा बाहेक वावन(पुरोहित)ले रक्षाबन्धन वा डोरो बाँधिदिने पनि प्रचलन छ । यस समुदायमा परम्परागत

जजमानी गर्ने पुरोहितहरूले त्यस्ता चाडपर्वका बेला आफ्ना जजमानका घरमा गएर परम्परागत सांस्कृतिक कार्यहरू सम्पन्न गरिदिने गर्दछन् । सोहीअनुरूप यस रक्षाबन्धन चाडका दिन पनि वावन (पुरोहित)हरूले आफ्ना जजमानका घरघरमा पुगेर रक्षाबन्धन बाँधिदिनु पर्ने मान्यता रहँदै आएको पाइन्छ । यसरी रक्षाबन्धन बाध्न आउँदा ती वावन(पुरोहित)का परिवारका महिलाहरूसमेत आउने गर्दछन् । ब्रतबन्ध भइसकेका वावन(पुरोहित)का छोरा पनि रक्षाबन्धन बाँधिदिन चिडिमार बस्तीमा आउँने गर्दछन् । सामान्यतः विहान ८-९ बजेको समयदेखि १२-१ बजेको समयसम्म ती वावन (पुरोहित) परिवारले चिडिमार बस्तीमा आएर मन्त्रेको रक्षाबन्धन वा डोरो बाँधिदिने गर्दछन् । त्यसदिन चिडिमार जातिका बुढापाका मानिसहरू आफ्ना वावन(पुरोहित) घरमा आएर डोरो नबाँधिदिदासम्म खाना खानु हुँदैन भन्ने मान्यता राख्दछन् । यसरी रक्षाबन्धन (डोरो) बाँधिदिएपछि ती वावन वा वावन परिवारलाई चिडिमार जातिका मानिसहरूले आलु, चामल, नुन, बेसार, दालसँगै १०-२० रूपैयाँ पैसा राखेर दान, दक्षिणा दिने गर्दछन् (चिडिमार(हरभजन), १३ आश्विन २०७०) । यसरी सबैजसो चाडपर्वमा चिडिमार जातिका मानिसहरूले पुरोहितलाई दानदक्षिणा पनि गर्ने गरेको पाइन्छ ।

चिडिमार समुदायमा यस जनैपूर्णिमाका दिनमा पहाडी क्षेत्रका तागाधारी हिन्दू समुदायमा जस्तो ज्वाँइचेला र भान्जाभान्जीलाई घरमा बोलाएर डोरो बाध्न लागाउने र दानदक्षिणा दिने प्रचलन रहेको पाइदैन । तर विवाहिता दिदीवहिनी भने अनिवार्य रूपमा त्यस दिन माइती घरमा गएर दाजुभाइलाई राखी बाँधिदिने गर्दछन् । यदि त्यस दिनमा दिदीवहिनी माइती गएनन् भने टोलछिमेकका मानिसहरूले पनि उनीहरूलाई हेलाँ गर्न थाल्दछन् भन्ने मान्यता राख्दछन् (चिडिमार(सरजित), १५ आश्विन २०७०) । अन्य चाडपर्वका दिनमा जस्तै जनैपूर्णिमाका दिनमा पनि डोरो बाँधेपछि चिडिमार जातिका मानिसहरूले माछा, मासु, जाँड, रक्सी खाएर यो चाडलाई खुसियालीका साथ मनाउने गरेको पाइन्छ । कतिपय माछा, मासु नखाने भगत परिवारमा भने खीर, पुरी, तरकारी, चट्नी, सलाद, काजुजस्ता साकाहारी भोजन लिने र साँझ चिडिमार जातिको गाउँटोल तथा छिमेकका मानिसहरू एक ठाउँमा जम्मा भएर नाचगान गर्ने गरेर रमाइलोका साथ यस चाडलाई सम्पन्न गर्ने गर्दछन् । माछा, मासु नखाने साधुजस्ता तथा सात्विक भएका चिडिमारहरूलाई यस समाजमा ‘भगत’ भन्ने प्रचलन छ । नेपालको तराईका दिन्दू धर्मावलम्बीहरूमा राखी बाध्ने प्रचलन भए पनि चिडिमार जातिमा जस्तो अनिवार्य संस्कारका रुपमा रहेको पाईंदैन ।

### ६.४.७ कृष्ण जन्माष्टमी

हिन्दू धर्मावलम्बीहरूका आस्थाका केन्द्र भगवान कृष्णको जन्मदिन भाद्रकृष्ण अष्टमीलाई हिन्दू समाजमा कृष्णअष्टमी पर्वका रूपमा मनाउदै आएको पाइन्छ । हिन्दू मान्यताअनुसार उनले भगवान विष्णुको आठौं अवतारका रूपमा जन्म लिएका थिए । भाद्रकृष्ण अष्टमी तिथि रोहिणी नक्षत्र बुधबारको मध्यराती १२ बजेको समयमा कृष्णको जन्म मथुराको एउटा जेलमा भएको थियो (कोइराला, २०५२ वि.सं., ८८) । त्यसै दिनको सम्झना स्वरूप चिडिमार समुदायमा पनि कृष्णअष्टमी पर्व मनाउने गरिदै आएको पाइन्छ ।

यस कृष्णअष्टमी पर्वका दिन चिडिमार जातिका मानिसहरूले ब्रत बसेर यो पर्व मनाउने गरेको पाइन्छ । चिडिमार समुदायका खासगरी महिलाहरू बिहान सबेरै नुवाइधुवाई गरी दिनभर भोकै ब्रत बस्ने र साँझ नजिकको कृष्ण मन्दिरमा गएर पुष्प, फल, मिष्ठान्न आदि अर्पण गरेर कृष्ण भगवानको पूजा आराधना गर्ने गर्दछन् । त्यस कृष्णअस्टमी पर्वको साँझ चिडिमार समुदायका मानिसहरूले आफ्नै गाउँटोलका सबैलाई पायक पर्ने ठाउँको खाली पार्क वा स्थानमा एउटा मण्डप तयार पारी त्यसमा कृष्ण झुलाउने गर्दछन् (चिडिमार(श्यामवती), १५ चैत्र २०६९) । फलाहार खाई ब्रत बसेका मानिसहरू राती त्यो कृष्ण झुलाउने ठाउँमा जम्मा भएर भजनकिर्तन तथा नाचगान गरी रातभर जाग्राम बस्दछन् र त्यसको भोलिपल्ट विहान सबेरै नजिकको नदी, कुवा, धारो, इनार, तलाउ वा अन्य जलासयमा गएर स्नान गरी घरमा आएपछि मात्र खाना खाने गर्दछन् । यस चिडिमार समुदायमा प्रायः सबैजसो चाडपर्वमा मासु र रक्सीलाई अनिवार्य जस्तै मानिए पनि यस कृष्णअष्टमीका दिनमा भने जाँड, रक्सी खान हुँदैन भन्ने मान्यता राख्दछन् । तथापि ब्रत नबस्ने लोग्ने मानिसहरूले भने कुनै पनि चाडपर्वको पर्यायवाचीकै रूपमा जाँडा, रक्सीलाई लिने गरेका कारण उनीहरूलाई भने कसैले पनि रोक्न नसक्ने गरेको पाइन्छ ।

### ६.४.८ तीज (कजरी)

सत्ययुगमा भगवान शिवलाई पति पाउँ भनी हिमालयकी पुत्री पार्वतीले त्यसदिन निराहार ब्रत बसेको सम्झना स्वरूप प्रत्येक वर्ष भाद्र शुक्ल तृतीयाका दिन हिन्दू नारीहरूले ब्रत बसेर यो चाड मनाउने गर्दछन् (कोइराला, २०५२ वि.सं., ८८) । विवाहिता हिन्दू महिलाहरूले त्यस दिन आफ्ना पतिको आयु लामो होस्, यश, कीर्ति, शील, मान, सम्मान बढोस्, धनधान्य वृद्धिहोस् भनी तीजको ब्रत

उपासना गर्ने गर्दछन् भने अविवाहित कन्याहरूले रूप, गुण, शीलले युक्त पति पाउँ भनी तीजमा भगवान शिवको ब्रत उपासना गर्ने परम्परा रहँदै आएको पाइन्छ । चिडिमार समुदायका महिलाहरूले पनि त्यस दिन शिवको ब्रत उपासना गरेर यो चाड मनाउने गर्दछन् ।

चिडिमार जातिका मानिसहरू पनि हिन्दू धर्मावलम्बी भएका कारण यस जातिका मानिसहरूले उक्त दिन भगवान शिवको पूजा आराधना गरी ब्रत बस्ने गर्दछन् । त्यस दिन महिलाहरू स्नान गरी ब्रत बस्दछन् र साँझपख नयाँ कपडाहरू लगाएर आफ्नै गाउँ टोलको एउटा घरमा जम्मा हुँने र त्यहाँ ध्वजापताकाले सिँगारेर तयार पारिएको पूजा गर्ने ठाउँमा अम्बा, केरा, नरिवल, काँक्रो, कागती तथा अन्य जोडी फूलहरूसमेत शिव भगवानलाई अर्पण गर्ने र अगरबत्ती बालेर पूजा आराधना गर्ने प्रचलन छ । पूजा समाप्त भएपछि त्यस ठाउँमा चढाएका फलफूललाई प्रसादका रूपमा ग्रहण गर्दछन् भने घरमा गएर फलाहार गरी रातभर भजन किर्तन गरेर जाग्राम बस्दछन् । त्यसको भोलिपल्ट विहान सबेरै जलासयमा गएर स्नान गरी वावन(पुरोहित)लाई दान दक्षिणा दिएपछि मात्र खाना खाने गर्दछन् (चिडिमार(विष्मी), १३ आश्विन २०७०) । नेपालको पहाडी क्षेत्रमा बसोबास गर्ने हिन्दू धर्मावलम्बी महिलाहरूले जस्तै तीज पर्वका भोलिपल्ट गणेश चौथी र त्यसको पर्सिपल्ट ऋषिपञ्चमी पर्व मनाउने प्रचलन भने यस चिडिमार समुदायमा रहेको पाइँदैन ।

### ६.४.९ दसैँ (दशहरा)

आश्विन शुक्ल प्रतिपदादेखि दशमी तिथिसम्म धुमधामसँग मनाइने दसैँ हिन्दू धर्माबलम्बीहरूको सबैभन्दा ठूलो चाड हो । चिडिमार समुदायका मानिसहरूले पनि दसैँ वा दशहरा चाडलाई विशेष महत्वका साथ मनाउने गर्दै आएको पाइन्छ । दसैँ चाड आउनुभन्दा १०-१५ दिन अगाडिदेखि नै चिडिमार बस्तीको नजिकमा रहेका खाली पार्क, चौर वा सडकका छेउछाउमा वा अन्य सार्वजनिक स्थानमा रङ्गीबिरङ्गी ध्वजापताकाहरूले सजाएको एउटा मण्डप तयार पार्दछन् । त्यसरी तयार पारिएको मण्डपमा आश्विन शुक्ल प्रतिपदाका दिन देवी दुर्गाको मूर्ति ल्याएर स्थापना गरिन्छ । यस जातिमा देवीको बढी धुमधामका साथ पूजा आराधना गर्ने प्रचलन रहँदै आएको छ । देवीको मूर्ति खरिद र पूजाआजा गर्नका लागि चिडिमार समुदायका युवायुवतीहरूले पन्ध्र-बीसदिन अगाडिदेखि नै घरघरमा गएर चन्दा सङ्कलन गर्ने गर्दछन् र नवदुर्गा सुरू हुनासाथ देवीको मूर्ति स्थापना गरी धुमधामका साथ पूजा, उत्सव, नाचगान गर्ने गर्दछन् (चिडिमार(बुधनी), १६ आश्विन २०७०) । सामान्यतः भारतको सीमावर्ती क्षेत्रबाट देवी दुर्गाको मूर्ति खरिद गरेर ल्याउने प्रचलन रहँदै आएको

पाइन्छ । आजभोली नेपालगन्जका विभिन्न ठाउँमा पनि देवीका मूर्तिहरू निर्माण गरेर दसैँको समयमा बिक्रीवितरण गर्ने प्रचलन बढ्दै गएको छ ।

चिडिमार बस्तीकै नजिक गाउँटोलको बीचमा स्थापना गरिएकी देवी दुर्गाको मूर्ति भएको स्थानमा विहान साँझ वावन(पुरोहित)लाई बोलाएर दुर्गा पाठ गर्न लगाइन्छ । लगातार नौदिनसम्म दुर्गाको मूर्ति नजिक वावन(पुरोहित) बसेर दुर्गा पाठ गर्दा चिडिमार जातिका मानिसहरू जम्मा भएर दुर्गा पाठ सुन्ने र माता दुर्गालाई फलफूल तथा मिठाई आदि प्रसादका रूपमा चढाउने गर्दछन् । त्यस स्थानमा रातिको समयमा भजनकिर्तन गरेर बस्ने र देवीलाई चढाएको फलफूल नरिवल, ल्वाङ्ग, सुकमेल, किसमिस, बदाम, भूजा जस्ता बस्तुहरू रातभर जाग्राम बस्ने मानिसहरूले प्रसादका रूपमा ग्रहण गर्ने गर्दछन् । तर देवी मातालाई चढाएका पैसा भने वावन(पुरोहित)ले नै लैजाने गर्दछन् (चिडिमार(हरिस), १४ आश्विन २०७०) । यसरी स्थापना गरिएकी देवी दूर्गाको मण्डपमा माइक राखेर गाउँटोल भरी नै सुनिने गरी चर्को आवाजमा भजन किर्तनका क्यासेटहरू वा सिडीहरू बजाउने गरिन्छ । यसरी चर्को आवाजका साथ देवी दूर्गाका भजन किर्तन बजाएमा गाउँटोलका मानिसहरूमा बढाइँ वा उत्सव भएको मान्ने गरिन्छ । देवी दूर्गाको रक्षाका लागि गाउँटोलका युवायुवतीहरू मूर्तिको छेउमा पाल टागेर बस्ने र त्यहीँ नाचगान, भजन किर्तन गर्ने गरेको पाइन्छ ।

दसैँ चिडिमार जातिका मानिसहरूले मनाउने निकै ठूलो चाड भएका कारण ऋणधन गरेर भए पनि मीठो खाने र राम्रो लाउने गर्दछन् । चिडिमार जातिका मानिसहरूको आर्थिक अवस्था कमजोर भएका कारण वर्षको एकपटक दसैँको अवसर पारेर जसरी भए पनि नयाँ लुगा हाल्ने प्रचलन छ । यो दसैँ चाडका बेला चिडिमार जातिका मानिसहरू राम्रा नयाँ लुगा लगाएर बाँके जिल्लाका विभिन्न ठाउँहरूमा लाग्ने मेलाहरू हेर्न जाने गर्दछन् । दसैँका बेला रामलीला मैदान नेपालगन्ज, वागेश्वरी मन्दिर घरवारी टोल, बाँकेबगिया जस्ता ठाउँहरूमा दिनहुँजसो मेला लाग्ने गर्दछन् । त्यस्ता मेलामा चिडिमार जातिका मानिसहरू खासगरी युवायुवतीहरू अनिवार्य रूपमा जाने गर्दछन् । दसैँ चाड आउनुभन्दा १-२ महिना अगाडिदेखि नै चिडिमार जातिका मानिसहरू दसैँ खर्च जुटाउन व्यस्त हुन्छन् । नेपालमा काम नपाएमा उनीहरू भारतको बहराइच, गोण्डा, लखनऊ जस्ता ठाउँहरूमा गएर भए पनि मजदुरी गरेर दसैँ खर्च जुटाउँदछन् (चिडिमार(हेमन्ती), १४ आश्विन २०७०) । त्यसरी जुटाएको पैसाले घरपरिवारका सदस्य र आफ्नै लागि समेत नयाँ कपडा किन्ने, घरमा आवश्यक पर्ने अन्य सरसामान र देवी दूर्गाको पूजामा आवश्यक सरसामान खरिद गर्ने गर्दछन् । कतिपय चिडिमार जातिका मनिसहरूले जसले केही बढी पैसा कमाउन सक्दछन्, उनीहरूले त्यही दसैँको अवसरमा टेलिभिजन जस्ता केही महङ्गा बस्तुहरू पनि खरिद गर्ने गरेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूले दसैँका बेला मठमन्दिरमा गएर वा आफ्नै घरमा रहेका देवीदेवतालाई पनि बली दिने गर्दैनन् । नेपालको पहाडी क्षेत्रमा दसैँ चाडको खासगरी महाअस्टमी र महानवमीका दिन हिन्दू समुदायमा देवीका मन्दिरमा बलीदिने जुन प्रचलन छ, त्यसरी चिडिमार जातिका मनिसहरूले बली दिने गर्दैनन् । उनीहरूले मिष्ठान्न, फलफूल आदि चढाएर मात्र देवीको पूजा आराधना गर्ने गर्दछन् । यस जातिका भगतहरू खासगरी नवरात्रीका बेला नौ दिनसम्म फलफूल मात्र खाएर देवीको उपासना, ब्रत गर्ने गर्दछन् भने अन्यले माछा, मासु तथा मदिरा प्रसस्त मात्रामा खाएर यो चाड मनाउने गर्दछन् (चिडिमार(राधे), २० आश्विन २०७०) । सबैजसो चाडपर्वहरूमा माछा, मासुको आवश्यकता पर्ने यस चिडिमार जातिका मानिसहरूका लागि दसैँ माछा मासु र जाँड रक्सी खाने प्रमुख चाडजस्तै मान्ने गरेको पाइन्छ । दसमीको दिनमा यस चिडिमार जातिका मानिसहरूले बेसारमा मोलेको अक्षेताको टीका लगाएर दसैँ चाडको अन्तिम उत्सव मनाउदछन् । चिडिमार जातिमा दसैँ पछिको कोजाग्रत पूर्णिमाको दिनसम्म दसैँ चाड मानेर टीका लगाउने वा उत्सव गर्ने प्रचलन रहेको पाइँदैन । त्यही दसमीका दिनदेखि दसैँ चाड समाप्त भएको मानिन्छ । यस चिडिमार समुदायमा जमरा लगाउने प्रचलन भने रहेको पाइँदैन । यसरी बेसारमा मोलेको अक्षेता लगाउनु, देवीको मन्दिरमा धेरै बली नचढाउनु, जमरा नलगाउनु यस जातिका मानिसहरूले मनाउने दसैँ चाडको एउटा भिन्न पक्ष भएको पाइन्छ ।

### ६.४.१० करवा चौथ

चिडिमार समुदायमा मनाइने चाडहरूमध्ये करवा चौथ पनि एक हो । यो चाड प्रत्यक वर्षको कार्तिक महिनाको कृष्ण पक्षको चौथी तिथिका दिनमा मनाउने गरिन्छ । चौथी तिथिका दिनमा मनाइने र यस चाडमा करूवाको विशेष महत्व हुने हुनाले त्यस चाडलाई करवा चौथ भन्ने गरिएको पाइन्छ । यस करूवा चौथीका दिन चिडिमार समुदायका विवाहिता महिलाहरूले दिनभर ब्रत बसी आफ्ना पतिको सु-स्वास्थ्य र दीर्घायुको कामना गर्दै करवा चौथको पूजा गर्ने गर्दछन् । यस करवा चौथका दिन दिनभर निराहार ब्रत बसेका विवाहिता महिलाहरू राती आकासमा चन्द्रमा देखिएपछि विभिन्न रङ्गले सिँघारिएको करूवाको पूजा गर्ने गर्दछन् (चिडिमार(सन्तोष), २० फाल्गुण २०७०) । 'चौथी' तिथिलाई अवधी भाषामा 'चौथ' मात्र भन्ने गरिएको पाइन्छ ।

यस करवा चौथका दिन चिडिमार जातिका विवाहिता महिलाहरूलाई माइतीबाट माटोको करवामा चामल वा चिउरा भरेर त्यसमाथि पालामा बत्ती बालेर त्यसलाई सिँघारेर राम्रो बनाएर

दाजुभाइले दिदीवहिनीलाई उनीहरूको घरमा पुऱ्याइदिने गर्दछन् । पहिलेपहिले माटोको करुवा मात्र प्रयोग गर्ने यस जातिका मनिसहरूले आजाभोलि भने सक्नेले काँसको करुवा पनि लगिदिने गर्दछन् (चिडिमार(विष्णु), १८ आश्विन २०७०) । यसरी माइतीले ल्याइदिएको करवा लिएर चिडिमार जातिका महिलाहरू गाउँटोलको कुनै एक घरमा जम्मा भएर गोलो घेरामा उभिएर एकअर्कामा दुईहातले समातेको करूवा घुमाउँदै विधिपूर्वक करवा पूजा सम्पन्न गर्ने गर्दछन् । यसरी पूजा सम्पन्न गरेपछि आफ्ना पतिको मुख हेर्ने र खुट्टामा ढोग गर्ने प्रचलन छ । पतिको मुख हेर्नुपर्ने हुनाले त्यस करूवा चौथको चाडका दिनमा चिडिमार जातिका विवाहिता चेली माइती घरमा नगएर आफ्नै घरमा बसेर यो चाड मनाउने गरेको पाइन्छ । चिडिमार समुदायमा करवा चौथको पूजा गर्ने दिनदेखि जाडो यामको सुरूवात हुने वा जाडोको द्वार खुल्ने मान्यता रहँदै आएको पाइन्छ ।

### ६.४.११ **दीपावली (तिहार)**

हिन्दू समाजमा दिपावली वा तिहार चाड पौराणिककालदेखि नै मनाउदै आएको पाइन्छ । कुनै समयमा असुर कुलमा जन्मिएका राजा बलीले स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा शासन गर्दथे । उनी अत्यन्त दानी थिए । एकपटक उनले महायज्ञ गरी जसले जे मागे पनि दिने घोषणा गरेका बेला काश्यप ऋषिका कान्छा छोरा वा इन्द्रका भाई भएर जन्मेका विष्णुरूप बटु वामनले बली राजाकहाँ गएर तीनपाउ जमिन मागेछन् । बलि राजाले पनि प्रतिज्ञा गरी तीन पाउ जमिन दिने बाचा गरेपछि वामनरूप विष्णुले एक पाउले स्वर्ग र अन्तरिक्ष, दोस्रो पाउले पृथ्वी ढाकेपछि तेस्रो पाउ कहाँ राखौं ? भन्दा बली राजाले आफ्नै टाउकामा राख्न अनुरोध गरेपछि वामनरूप विष्णुले उनको टाउकामा टेकी उनलाई धस्याएर सुतल नामको लोकमा पुऱ्याएर त्यहाँको राजा हुने आदेश दिएछन् । त्यसरी आफूले मागेको सबै चिज पुरा गर्ने बलिसँग खुसी भएर विष्णु भगवानले बरदान मागभन्दा बलि राजाले वर्षको चार महिनासम्म हजुरको नित्य दर्शन गर्न पाउँ भनी मागे पछि विष्णु भगवान बलिको दरवारको पाले बस्ने घरमा गएर आषाढ शुक्ल एकादशीदेखि सुतेका र चार महिना पुग्ने अन्तिम पाँच दिन बलिले तीनै लोकमा राज्य गर्न पाउने आसिर्वाद पाएअनुरूप अरूको शासनभन्दा फरक देखाउन राजा बलिले घर, गोठ, आँगन जताततै दिपावली गरी झिलिमिली पार्ने र त्यसो गर्दा देवी लक्ष्मी खुसी भई दिपावली गर्नेको घरघरमा आउदछिन् भन्ने घोषणा गरेदेखि नै हिन्दू समाजमा दिपावली वा तिहार चाड मनाउन थालिएको हो भन्ने पौराणिक मान्यता रहँदै आएको छ (कोइराला, २०५२ वि.सं., पृ.

३२) । अहिले पनि हिन्दू समाजमा घर, गोठमा दिपावली गरेर नै यो चाड मनाउने हुनाले नेपालको तराई क्षेत्रमा यो तिहार चाडलाई 'दिपावली' नै भन्ने गरिएको पाइन्छ ।

कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्म मनाइने यो चाड नेपालको पहाडी क्षेत्रमा भन्दा तराई क्षेत्रमा अझ बढी महत्वका साथ मनाउने गरिएको पाइन्छ । चिडिमार समुदायमा दिपावली चाड सुरू भएपछि घर आँगन लिपपोत गरी सफा सुग्घर पार्ने र तिहारको पहिलो दिन कागलाई चोखो भात दिएर यो चाडको सुरूवात गर्दछन् । तिहारको दोस्रो दिन चिडिमार जातिका मानिसहरू कुकुरलाई माला लगाईदिने र चोखो भात खान दिने गरेर कुकुर तिहार मनाउदछन् । त्यसै गरी तिहारको तेस्रो दिनमा गाईको गोठमा पालामा दियो बाल्ने र गाई नभएकाहरूले आँगनको छेउमा गाईलाई लक्ष्मीको प्रतिक मानेर दियो बालेर राखिदिने गर्दछन् । त्यसको भोलिपल्ट तिहारको चौथो दिन विहान गाईको गोठमा गोवरको सानो थुप्रो बनाएर गोवर्दन पहाडको पूजा गर्दछन् । त्यसदिन चिडिमार समुदायमा गोरुलाई फूलको माला लगाईदिने, दुवो, ढुटो, रोटी आदि खुवाएर पूजा गर्ने प्रचलन छ भने तिहारको पाँचौं दिन भाइ टीका गरेर यो चाड समाप्त गर्ने गरिन्छ (चिडिमार (मगरा), १५ आश्विन २०७०) । यस भाइटीकाका दिन चिडिमार समुदायमा दाजुभाइले दिदीवहिनीलाई उपहार दिने र दिदीवहिनीले दाजुभाइलाई मीठामीठा परिकार बनाएर खान दिने प्रचलन रहँदै आएको पाइन्छ । चिडिमार समुदायमा यस दिपावली चाडका बेला पनि प्रसस्त माछा, मासु, जाँड, रक्सी तथा अन्य मीठामीठा परिकारहरू, खीर, पुरी, हलुवा आदि बनाएर खाने प्रचलन रहँदै आएको पाइन्छ ।

### ६.४.१२ **भुर्की (भुड्की) पूजन**

चिडिमार समुदायमा प्रचलित अर्को महत्वपूर्ण भुर्की पूजनपर्व कार्तिक शुक्ल द्वितीया वा भाइटीकाका दिनमा नै मनाउने गरिन्छ । यस चिडिमार समुदायमा रजश्वला भएका कन्याहरू बिस्तारै आफ्ना दाजुभाइहरूबाट टाढिदै जाने र विवाह भएपछि पराई हुनुपर्ने भए पनि दाजुभाइ र दिदीबहिनीका बीचको सम्बन्ध सधैं राम्रो रहिरहोस् भन्ने कामनाका साथ यो पर्व मनाउने गरिएको पाइन्छ । यस भुर्की पूजन पर्वका दिनमा चिडिमार बस्तीका गाउँटोलका महिलाहरू कुनै एउटा घरको आँगन, चौर, पार्क वा कुनै सार्वजनिक स्थानमा जम्मा भएर त्यस ठाउँको जमिनमा सानो गोलाकार पारी गाईको गोवरले लिपी त्यसलाई गोवरकै घेरा बनाएर त्यस घेराभित्र विभिन्न मिश्रित अन्नहरूको थुप्रो लगाउने गर्दछन् । त्यो अन्नको थुप्रोको छेउमा एउटा कुभिण्डो (लहचेचर)लाई इँटा वा ढुङ्गाले थिचेर राख्दछन् । त्यसरी बनाइएको अन्नको थुप्रोमा विभिन्न फूल, अबीर र प्रसादी चढाएर

श्रद्धाकासाथ पूजा गर्ने गर्दछन् भने त्यसको छेउमा राखिएको लहचेचर वा कुभिण्डोलाई यमराजको प्रतिक तथा त्यसलाई थिचेर राखिएको इँटा वा ढुङ्गालाई यमराजको टाउको मानेर सबैले त्यसलाई कुल्चिने, ढुङ्गाले हान्ने, थिच्ने, ओखलमा कुट्ने गर्दछन् (चिडिमार(पूजा), १७ आश्विन २०७०) । कतिपयले त त्यसलाई थु-थु गरेर पनि घृणाभाव प्रकट गर्ने गरेको पाइन्छ ।

यस भुर्की (भुड्की) पूजन पर्वका दिन चिडिमार समुदायमा दिदीबहिनीहरूले आ-आफ्ना दाजुभाइको दीर्घायु र सु-स्वास्थ्यको कामना गर्दै चिनीबाट तयार पारिएको भुड्कीमा चिउरा तथा अन्य मिष्ठान्न आदि भरेर त्यसमाथि माटाको पालामा बत्ती बालेर त्यो अन्नको थुप्रोको छेउछाउमा राख्दछन् र त्यसलाई पूजा गर्दछन् (चिडिमार(सिम्रिती), १५ आश्विन २०७०) । त्यसरी आफूसँग लगेको भुड्कीको पूजा गरी कुभिण्डोलाई थिचथाच पारेपछि यमराजमाथि विजय भएको र आफ्ना दाजुभाइ पनि सुरक्षित हुने विश्वास गरिएको पाइन्छ । यस चिडिमार समुदायमा विवाहिता महिलाहरू आफ्नो माइती घरमा गएर यो पर्व मनाउने गर्दछन् किनकी यो पर्वलाई चिडिमार समाजमा दाजुभाई र दिदीबहिनीका बीचमा मित्रता अभिवृद्धि गराउने पर्वका रूपमा लिइने गरिएको पाइन्छ । यसरी भुर्की पूजा समाप्त भएपछि आफूले भुड्कीमा हालेको चिउरा तथा अन्य मिष्ठान्न र फलफूलको प्रसादी लिएर घरमा फर्किन्छन् । घरमा फर्केपछि आ-आफ्ना दाजुभाइलाई सु-स्वास्थ्यको आशिर्वाद दिदै टीका लगाईदिने र प्रसाद खान दिने गर्दछन् । त्यस दिन साँझ पुरी, खीर, हलुवा आदि मीठामीठा परिकारहरू बनाएर खाने तथा नाचगान गरेर यो भुर्की (भुड्की) पूजा पर्व सम्पन्न गर्ने गरिएको पाइन्छ । कतिपयले भुड्की पूजा र तिहार पर्वलाई एउटै रुपमा र कतिपयले अलग रुपमा चर्चा गरेको पाइन्छ । एकै दिनमा मनाउने भए पनि यी पर्वहरूको अलग-अलग महत्व रहेको पाइन्छ ।

### ६.४.१३ डिठावन (हरिवोधनी एकादशी) पूजा

कार्तिक शुक्ल एकादशीको दिनलाई चिडिमार समाजमा 'डिठावन पूजा' भनेर मनाउने परम्परा रहँदै आएको पाइन्छ । हिन्दू समाजमा यो दिनलाई हरिवोधनी एकादशीको नामले पनि चिन्ने गरिन्छ । यस पर्वका दिन प्रत्यक चिडिमार परिवारका घरकी सबैभन्दा जेठी महिलाले दिनभर ब्रत बसी साँझपख चामलको रोटी, मासको दालमा चामलको पिठो मिसाएर बनाएको रोटी तथा अन्य परिकारहरू एक ठाउँमा जम्मा गरेर विष्णु भगवानको पूजा गर्ने प्रचलन छ (चिडिमार(सनहि), २१ फाल्गुण २०७०) । त्यसरी ब्रत बसेकी घरकी जेठी महिलाले राती भएपछि जुनेलोको लट्ठीले सुपो ठटाउँदै घरको कुना कुनाबाट 'हे भगवान तिमी आउ र हाम्रो घरको दरिद्रता हटाउ' भन्दै दरिद्रतालाई

ढोकाबाट बाहिर निकाली घरभन्दा केही परसम्म नाङ्लो ठटाउँदै लखेटेर लैजाने गर्दछन् । यसरी लखेटेको दरिद्रतालाई दोवाटो वा चौबाटोसम्म पुऱ्याएर लट्ठी त्यतै फाली सुपो मात्र लिएर घरमा पर्किने गर्दछन् (चिडिमार(लड्डन), १६ आश्विन २०७०) । यो चिडिमार जातिको एउटा छुट्टै र मौलिक चाड भएको पाइन्छ ।

नाङ्लो ठटाएर दरिद्रता धपाएपछि चिडिमार जातिका मानिसहरूको घरमा अलच्छिन नास हुने र गरिवी पनि हटेर जाने जनविश्वास रहेको पाइन्छ । त्यसरी ब्रतालु महिला सुपो लिएर घरमा फर्किंदै गर्दा कुनै चर्मरोगी मानिसले ती महिलाको हातबाट सुपो खोसेर लगी आगोले पोलेर त्यो आगो तापेमा उनको चर्मरोग पुरै निको हुन्छ भन्ने विश्वास पनि रहँदै आएको छ (चिडिमार(हनुमान), २५ फाल्गुण २०७०) । यस्तो समयमा सुपो खोसिने डरले ती ब्रतालु महिलाहरू छिटोछिटो दौडेर आफ्नो घरमा फर्किने र सुपो लुकाउने गर्दछन् ।

### ६.४.१४ खिचडी (माघे सङ्क्रान्ति)

माघ महिनाको पहिलो दिन वा माघे सङ्क्रान्तिको दिनलाई चिडिमार समुदायमा मात्र होइन नेपालको तराई क्षेत्रमा नै विशेष चाडका रूपमा मनाउने गरिदै आएको पाइन्छ । चिडिमार समुदायका मानिसहरूले यस दिनलाई 'खिचडी' पनि भन्ने गर्दछन् । चिडिमार जातिका मानिसहरूले यस पर्वका दिन विहान स्नान गरी तीलको डाँठको आगो बालेर ताप्ने गर्दछन् । माघे सङ्क्रन्तिका दिन आगो ताप्ने भनी पहिलेदेखि नै तिलको डाँठलाई मुठो पारेर बाँधेर घरघरमा राख्ने गरेको पाइन्छ । यसरी आगो तापेपछि घरमा गएर चामल, मासको दाल, नुन, बेसार मिलाएर सुपामा राख्दछन् र त्यसलाई वावन(पुरोहित)ले सिकाएको "ॐ सङ्क्रान्ति नमो नमः" भन्ने मन्त्र उच्चारण गरी ढोग्ने गर्दछन् (चिडिमार(शीला), १६ आश्विन २०७०) । त्यसरी पूजा गरिएको मिश्रित अन्नलाई पकाएर भगवानलाई केही अंश चढाएपछि मात्र ध्यू र खिचडी मिसाएर खाने प्रचलन रहँदै आएको पाइन्छ ।

यस खिचडी वा माघे सङ्क्रान्तिका दिन पवित्र धार्मिक स्थल वा जलासयमा गएर स्नान गरेपछि चिडिमार जातिका मानिसहरूले केही मास, चामल र पैसा एउटा भाँडोमा हालेर आफ्ना वावन(पुरोहित)लाई दानका लागि छुट्ट्याएर राखिदिने गर्दछन् । त्यसदिन चिडिमार जातिका पुरोहित पनि घरघरमा गएर मास, चामल र पैसा आदि सीधा उठाउँदै हिड्ने गर्दछन् (चिडिमार(फूलवा), १६ आश्विन २०७०) । यस माघे सङ्क्रान्तिका दिन ध्यू र खिचडी खानाले पेटसम्बन्धी कुनै रोग लाग्दैन भन्ने जनविश्वास चिडिमार समाजमा रहँदै आएको पाइन्छ ।

यस माघे सङ्क्रान्तिका दिन बाँके जिल्लाको राप्ती नदीभन्दा उत्तरपट्टि रहेको रिहार भन्ने ठाउँमा ठूलो मेला लाग्ने गर्दछ । त्यस ठाउँमा रहेको तप्त कुण्डमा धेरै मानिसहरू स्नान गर्न पनि जाने गर्दछन् । चिडिमार जातिका केही मानिसहरू पनि त्यस दिन रिहारको मेला हेर्न जाने र तप्त कुण्डमा स्नान गर्ने गर्दछन् (यादव, १७ आश्विन २०७०) । यो ठाउँ चिडिमार बस्तीभन्दा केही टाढा भएका कारण पनि अन्य ठाउँका मेलाहरूमा भन्दा रिहारको मेलामा कम मात्र जाने गरेको पाइन्छ । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मानिसहरूले विशेष रूपमा मनाउने यो माघे सङ्क्रान्ति पर्व चिडिमार जातिका मानिसहरूले पनि सखर, तरुल, तिल, भूजा, गुँड, चाकुजस्ता मीठामीठा परिकार खाएर मनाउने गरेको पाइन्छ । तराईमा बसोबास गर्ने मानिसहरूमध्ये थारु जातिका मानिसहरूले यो चाड सबैभन्दा बढी धुमधामसँग मनाउने गरेको पाइन्छ । तर थारू जातिका मानिसहरूले वावन( पुरोहित)ले दिएको निर्देशनका आधारमा नभै आफूखुसी जाँडरक्सी खाएर यो चाड मनाउँदछन् भने चिडिमारहरूले दान दिने, मन्त्र उच्चारण गर्ने विधिका आधारमा यो चाड मनाउने गरेको पाइन्छ ।

### ६.४.१५ सकट पूजा

नेपालको तराई क्षेत्रमा प्रचलित यो सकट पूजा पर्व चिडिमार समुदायका मानिसहरूमा पनि उत्तिकै लोकप्रिय रहँदै आएको पाइन्छ । यो पर्व माघ महिनाको कृष्ण पक्षको चौथी तिथिका दिनमा मनाउने गरिदै आएको पाइन्छ । सकट पूजा पर्व चिडिमार समुदायमा छोरा हुने महिलाहरूले मात्र उक्त दिन ब्रत बसेर मनाउने गर्दछन् (चिडिमार(हरिभजन), १३ आश्विन २०७०) । यस सकट पूजाका दिन चिडिमार जातिका महिलाहरूले आफ्ना छोराको सु-स्वास्थ्य र दीर्घायुको कामना गर्दै दिनभर निराहार ब्रत बस्ने र साँझ आकासमा चन्द्रमा देखिएपछि एउटा ढकिया भरी चामल राखेर विभिन्न फूल, अक्षेता र अर्घले चन्द्रमाको पूजा गर्ने, फलफूल आदि प्रसाद चढाउने र चन्द्रमासँग आफ्ना सन्तानको स्वास्थ्य र दीर्घायुको कामना गर्ने गर्दछन् (चिडिमार(रामचन्द्र), १६ आश्विन २०७०) । चन्द्रमाको पूजा सकेपछि ब्रतालु महिलाहरूले भुटेको तिलमा भेली मिसाएर बनाएको लड्डु र गन्जी (सखरखण्ड) खाने गर्दछन् । चिडिमार समुदायमा यस सकट पूजाका दिन एक आपसमा तिलको लड्डु बनाएर साटासाट गर्ने प्रचलन पनि रहँदै आएको पाइन्छ । यस सकट पूजाका दिन ब्रत बसेका महिलाहरूले भोलिपल्ट विहान स्नान गरी अघिल्लो दिन पूजाका लागि राखिएको ढकियाको चामलको पिठो पिसेर त्यसैको रोटी वा हलुवा बनाएर खाने प्रचलन रहेको पाइन्छ ।

### ६.४.१६ फागुपूर्णिमा (होली)

पौराणिक कथनानुसार दितीका पुत्र असुरराज हिरण्यकशिपुले तीनैलोकमाथि विजय प्राप्त गरी शासन सञ्चालन गरेका थिए । उनका छोरा प्रल्हाद आफ्ना शत्रु देवता विष्णुका भक्त भएकोमा ती प्रल्हादलाई बहिनी होलिकाको सहयोगमा अग्नीदवन गरी मार्ने प्रयत्न गर्दा स्वयम् होलिका नै जलेर भस्म भएपछि त्यसैको खुसियालीमा हिन्दू धर्मावलम्बीहरूले आदिमकालदेखि नै यो होली पर्व मनाउदै आएका छन् (एन्डरसन, २०१० ई., पृ. २५०) । नेपालको पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रमा यो पर्व केही व्यवस्थित र धुमधामसँग मनाउने गरिएको पाइन्छ । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने अन्य हिन्दूधर्मावलम्बी जातजातिका मानिसहरूले जस्तै चिडिमार जातिका मानिसहरूले पनि यो फागुपूर्णिमा पर्वलाई विशेष महत्वका साथ मनाउने गरेको पाइन्छ । चिडिमार जातिका मानिसहरूले यो पर्वलाई 'फागु' वा 'फगुवा' मात्र भन्ने गर्दछन् । यो पर्व फाल्गुण महिनाको पूर्णिमा तिथिमा मनाउने गरिदै आएको पाइन्छ ।

यो फागुपूर्णिमा पर्व आउनुभन्दा केही दिन अगाडिदेखि नै चिडिमार जातिका मानिसहरूले आफ्ना गाउँटोलमा रहेका खाली जमिन, पार्क वा बाटोका किनारमा काठ, गुइँठा आदि जम्मा गरी थुप्रो लगाउँदछन् । त्यसरी जम्मा पारिएको काठ, गुइँठाको थुप्रोलाई 'होलिका' भन्ने गरिन्छ । त्यो होलिका फाल्गुण पूर्णिमाको मध्यरातमा वावन(पुरोहित)लाई बोलाएर विधिपूर्वक पूजापाठ गरी जलाउने प्रचलन छ (चिडिमार(महाबल), २५ फाल्गुण २०७०) । यो समाजमा त्यसै दिन ताजिया पनि जलाउने गरिएको पाइन्छ । त्यस पूर्णिमाको रातभर होलिका जलाएर बस्दछन् र भोलिपल्ट होलिका जलेर खरानी भएको खुसियाली स्वरूप एकापसमा अबीर घसेर विजयोत्सवका रूपमा यो पर्व मनाउने गर्दछन् । त्यस दिन चिडिमार जातिका मानिसहरूले एकापसमा रातो, पहेँलो, हरियो आदि रङ्गहरू लगाईदिएर गला मिलाउँदै यो पर्व मनाउने गरेको पाइन्छ ।

चिडिमार समुदायमा १०-१५ जनाको समूह बनाएर घर-घरमा होलिको गीत गाउने ढोलक, मजिरा, हर्मोनियम बजाएर डुल्ने गर्दछन् । यसरी घर-घरमा पुगेर होलिको गीत गाउने, नाच्ने मानिसहरूलाई घरमालिकहरूले पैसा, चामल आदि दान दिएर विदाई गर्ने गर्दछन् । त्यसरी उठेको पैसाले ढोलक, मजिरा आदि बाध्यवादनका सामग्रीहरू खरिद गर्ने, नाचगान गर्दा जाँडारक्सी खाने र बाँकी रहेको पैसाले सुँगुर काटेर भोजभतेर खाने गरेको पनि पाइन्छ । यस होली पर्वको दिन साँझ विभिन्न मीठामीठा परिकारहरू पुरी, सब्जी, खीर, हलुवा, माछामासु, जाँडरक्सी आदि खाएर रमाइलो गर्ने गर्दछन् (चिडिमार(फूलमती), १६ आश्विन २०७०) । यो होली पर्वका दिन चिडिमार जातिका

मानिसहरूले टोलछिमेकका मानिसहरू र अन्य नातागोतालाई समेत आफ्नो घरमा बोलाएर खाना खुवाउने प्रचलन पनि रहँदै आएको पाइन्छ ।

### ६.४.१७ **रामनवमी (चैते दसैँ)**

हरेक वर्षको चैत्र शुक्ल नवमीका दिन यो रामनवमी वा चैते दसैँ चाड मनाउने गरिन्छ । चिडिमार समुदायमा पनि यो चाडको निकै ठूलो महत्व रहेको छ । त्यसदिन नेपालगन्जको घरवारीटोल नजिक रहेको वागेश्वरी मन्दिर परिसरमा मेला लाग्ने हुनाले चिडिमार जातिका धेरै मानिसहरू त्यहाँ मेला हेर्न र देवीको दर्शन गर्न जाने गर्दछन् । त्यसदिन चिडिमार जातिका केही मानिसहरूले जिब्रो छेडेर देवीको मन्दिरमा दर्शन गर्ने पनि गर्दछन् (चिडिमार(भुनिया), १६ आश्विन २०७०) । यस चिडिमार जातिका मानिसहरूले विभिन्न समस्या परेका बेला देवीको भाकल गर्दछन् र त्यस्तो भाकल गरेका मानिसहरूले मात्र उक्त दिन जिब्रो छेड्ने गरेको पाइन्छ । यो रामनवी पर्वलाई भगवान रामको जन्मदिन मानेर पूजागर्ने गरिएको पाइन्छ । यस समाजमा 'राम' भगवानको पनि विशेष पूज गर्ने प्रचलन छ ।

बाँके जिल्लामा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूले आफूलाई आपत्विपत् परेका बेला माता वागेश्वरीसँग भाकल गरी विपत् हरणको माग गर्दछन् । यस चिडिमार जातिका मानिसहरूले बच्चा जन्मिने बेला राम्रोसँग जन्मोस्, त्यो बच्चाको माता वागेश्वरीको मन्दिरमा लगेर कपाल छेवर गरिदिउँला भनी भाकल गरेको भएमा त्यसदिन मन्दिरमा आफ्ना बालबलिकालाई लगेर कपाल छेवर(मुण्डन) गर्ने पनि गर्दछन् (चिडिमार(राजकुमार), २४ फाल्गुण २०७०) । यसरी दिनभर विभिन्न कार्य गरेर रामनवमी चाड मनाएका चिडिमारहरूले साँझ भने अन्य चाडपर्वमा जस्तै माछा, मासु, जाँडा, रक्सी खाएर धुमधामसँग यो चाड सम्पन्न गर्ने गर्दछन् ।

## ६.५ **खानपान**

स्थानविशेषका आधारमा वा सम्बन्धित ठाउँमा हुने उत्पादित खाद्य बस्तुको बाहुल्यताका आधारमा त्यस स्थानमा बसोबास गर्ने मानिसहरूका फरक-फरक खानपानका बस्तुहरू हुने गरेको पाइन्छ । नेपालको भौगोलिक विविधताका कारण देशभरी छरिएर रहेका सबै मानिसहरूको एउटै प्रकारको खाना भएको पाइदैन । हिमाली क्षेत्रमा र पहाडी क्षेत्रमा बस्ने मानिसहरूको भन्दा तराई

क्षेत्रमा बस्ने मानिसहरूको खानामा केही भिन्नता रहेको पाइन्छ । नेपालको तराई क्षेत्रमा धान, गहुँजस्ता खाद्य बस्तु, मास, रहरलगाएतका गेडागुडी र हरिया सागसब्जी प्रसस्त मात्रामा उत्पादन हुँने हुनाले त्यस क्षेत्रमा बसोबास गर्ने सबैजसो मानिसहरूको मुख्य खाना पनि तिनै खाद्य बस्तुबाट निर्मित हुने गरेको पाइन्छ । चिडिमार जाति पनि नेपालको तराई क्षेत्र, त्यसमा पनि खासगरी मध्यपश्चिमको तराई क्षेत्रमा बसोबास गर्दैआएको जाति भएका कारण यस जातिका मानिसहरूको प्रमुख खाना पनि चामलको भात र गहुँको रोटी रहँदै आएको पाइन्छ । भात र रोटीसँगै यस जातिका मानिसहरूले दाल, गेडागुडी तथा माछा, मासु र सागसब्जीसमेत खाने गर्दछन् । चिडिमार जातिकै मानिसहरूमा पनि बाँके जिल्लाको ग्रामिण क्षेत्रमा बसोबास गर्नेहरूका आफ्ना केही जमिन भएका कारण त्यस्ता सागसब्जी र खाद्य बस्तु आफैँले उत्पादन गरेर प्रयोग गर्ने गरेको पाइन्छ भने सहरी क्षेत्रमा बसोबास गर्नेहरूमा सक्नेले किनेर खाने र नसक्नेले विशेष चाडपर्वमा भन्दा बाहेक अन्य समयमा हरिया सागसब्जी निकै कम मात्र खाने र अन्य खानेकुराहरूमा सामान्य खाना मात्र खाने गरेको पाइन्छ । यस जातिको खानपानमा आर्थिक अवस्थाले पनि निकै प्रभाव पारेको पाइन्छ ।

सामान्यतः चिडिमार जातिका मानिसहरूले विहानको खानामा चामलको भात र दाल तथा चट्नी र साँझको खानामा गहुँको रोटी बढी प्रयोग गर्ने गरेको पाइन्छ । खानपानका सन्दर्भमा सहरी क्षेत्रमा बस्ने चिडिमार जातिका मानिसहरूको आफ्नो जग्गाजमिन अत्यन्त कम हुने र बजारमा तराकारी किन्दा धेरै महङ्गो हुने हुनाले पनि खानामा तराकारीको प्रयोग निकै कम गर्ने गरिएको हो (चिडिमार(मुनक्की, १३ आश्विन २०७०) । यसको सट्टामा उनीहरूले नुन र खुर्सानी मिसाएर पिसेको चट्नीसँग मात्र पनि रोटी वा भात खाने गरेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूको परम्परागत पेसा चरा मार्ने भएका कारण चराको मासु पनि यस जातिको मुख्य खाना मानिदै आएको छ । खासगरी नेपालको तराई क्षेत्रमा बसोबास गर्न थालेदेखि नै यस जातिका मानिसहरूले दिनभर जङ्गलमा गएर चरा समात्ने र बजारमा लगेर बिक्रीवितरण गर्ने गर्दथे भने बिक्री भएर बाँकी रहेका चराचुरुङ्गीको मासु आफैले खाने गर्दैजाँदा चराको मासु पनि चिडिमार जातिको एउटा प्रमुख खाना बन्न पुगेको पाइन्छ । यसरी चराको मासु खादाखादै मासु प्रसस्त खाने यस जातिमा परम्परा जस्तै बनेको देखिन्छ । अहिले चिडिमार जातिका मानिसहरूले प्रायःजसो सुँगुरको मासु खान बढी मन पराउने गरेको पाइन्छ । यसका अतिरिक्त चिडिमारहरूले कुखुरा, खसी, बोका, हाँस, परेवा आदि पशुपङ्छीको मासु पनि खाने गर्दछन् । यस समुदायमा भैंसी वा राँगाको मासु खाने प्रचलन भने रहेको पाइदैन । चिडिमार जातिका मानिसहरू हिन्दू धर्मावलम्वी भएका कारण उनीहरू गाईको मासु खाने कल्पनासम्म पनि गर्दैनन् । तर तराई दलितकै चमार

जातिका मानिसहरूले भने मरेका गाईको मासु खाने गरेको पाइन्छ (चिडिमार(दीपक) १४ आश्विन २०७०) । यस चिडिमार जातिका केही मानिसहरू भगत हुने गरेको पनि पाइन्छ । यसरी भगत भएका मानिसहरूले भने माछामासु, जाँडरक्सी, लसुन, प्याजजस्ता तामसी मानिएका खानाहरू खादैनन् (चिडिमार(रामवरन), ११ आश्विन २०७०) । त्यस्ता भगत भएका मानिसहरूले हरिया सागसब्जी, फलफूतल तथा दाल, भात, रोटी, दूध, दही, ध्यूजस्ता साकाहारी परिकार बनाएर खाने गरेको पाइन्छ ।

रक्सी चिडिमार जातिका मानिसहरूको असाध्य मनपर्ने पेय पदार्थ हो । चाडवाडका बेला उनीहरू ऋण गरेर भए पनि रक्सी पिउने गर्दछन् । रक्सी पिउन नपाएमा उनीहरूलाई चाडवाड आएजस्तो लाग्दैन (चिडिमार(सकुन्ती), ११ आश्विन २०७०) । यसका साथै दैनिक ज्याला मजदुरीमा जाने वा रिक्सा चलाउन जाने मानिसहरू जसले दिनभर काम गरेर केही पैसा कमाउने र साँझ घर फर्किदा रक्सी पिएर आउने गरेको पनि पाइन्छ । केही रिक्सा चालकले त दिनभर रिक्सा चलाउँदा थाकेपछि रक्सी पिए मात्र थकाई कम हुने र भोलिपल्ट फेरी रिक्सा चलाउन सकिने धारणा पनि व्यक्त गरेको पाइन्छ (चिडिमार(महाबल), १६ आश्विन २०७०) । यस जातिमा रक्सी पिएकै कारण कतिपयको घरपरिवारमा दिनहुँ झगडा हुने र परिवारसमेत छिन्नभिन्न हुने गरेका घटनाहरू पनि पाइन्छन् । बाँके जिल्लाको नेपालगन्ज नगरपालिका क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका धेरै मानिसहरू अहिले दैनिक ज्याला मजदुरी गर्ने र साँझ घर फर्किदा बजारबाट दाल चामल, तेल, आँटा खरिद गरेर आउने गर्दछन् । यस चिडिमार जातिका मानिसहरू धेरैजसोले चुरोट पनि पिउने गर्दछन् । यस जातिका केही महिलाहरू पनि रक्सी, चुरोट पिउने तथा सुर्ती सेवन गर्ने गर्दछन् । अर्काको कमाइमा बाँच्नेहरूभन्दा आफैँले कमाउने गरेका चिडिमार जातिका महिलाहरूले यस्ता चुरोट, रक्सीजस्ता बस्तुहरू बढी सेवन गर्ने गरेको पाइन्छ ।

माछा चिडिमार जातिको अर्को मनपर्ने खाद्य बस्तु हो । तराईमा वर्षादको समयमा खाल्टाखुल्टीमा जम्मा भएको पानीमा १-२ महिना भित्रैमा प्रसस्त माछाका भुराहरू देखा पर्दछन् । खासगरी सडक अग्लो बनाउनका लागि सडकका छेउछाउमा माटो खन्दा बनेका खाल्टाखुल्टीमा वर्षादको पानी जम्ने र त्यसै ठाउँमा माछाका भूरा उत्पन्न हुने गरेको पाइन्छ । त्यस्ता ठाउँमा विशेष गरेर भाद्रदेखि मङ्सिर महिनासम्म चिडिमार जातिका मानिसहरू माछा मार्न जाने गरेको पाइन्छ । माछा मार्दा उनीहरू बल्छी, जाल, ढडियाजस्ता साधनहरू प्रयोग गर्ने गर्दछन् । माछा पाइने मौसममा ६-७ वर्षका बालबालिकादेखि ६०-७० वर्षका वृद्धवृद्धासमेत माछा मार्न जाने गरेको पाइन्छ । बजारमा माछा किन्दा धेरै महङ्गो हुने र आफैँले माछा मार्दा पेटभर खान पनि पाइने हुनाले फूर्सदको समयमा माछा मार्न र खान पाउँदा चिडिमार जातिका मानिसहरू निकै खुसी हुने गर्दछन् (चिडिमार(भुनई), १२

आश्विन २०७०) । चिडिमार जातिका मानिसहरू खानामा निकै सौखिन भएका देखिन्छन् । उनीहरूले आफ्नो कमाइको धेरैजसो हिस्सा खानामा नै खर्च गर्ने गरेको पाइन्छ । चाडपर्वका बेला उनीहरू माछा, मासुबाट बन्ने परिकारका साथै हलुवा, मिठाई, पकौडी, समौसा, पुरी, जिलेवी, खीर, तिलौरा, तरुवा, वगरुवाजस्ता परिकारहरू निर्माण गरेर खाने गरेको पाइन्छ । वर्तमान समयमा बजारमा पाइने बिस्कुट, चाउचाउ, कोकाकोला, फ्रुटी, जुस, वियर जस्ता बस्तुहरू पनि खानपान गर्ने प्रचलन दिनदिनै बढ्दै गएको पाइन्छ ।

## ६.६ वेशभूषा र गरगहना

वेशभूषा र गरगहना पनि हरेक जातजाति र समुदायको एउटा महत्वपूर्ण पहिचानको आधार बन्ने गरेको पाइन्छ । भौगोलिक धरातलीय स्वरूप, हावापानी तथा वातावरणका आधारमा पनि फरकफरक समुदाय, वर्ग, जातजातिका फरकफरक पोसाक तथा गरगहनाहरू हुने गरेको पाइन्छ । चिडिमार जाति नेपालको तराई क्षेत्रमा बसोबास गर्ने भएका कारण उनीहरूले त्यहाँको वातावरण र हावापनी सुहाउँदो लुगा तथा गहनाहरू लगाउने गर्दछन् । नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मानिसहरूमा भारतको उत्तरी क्षेत्रमा प्रचलित संस्कृतिको प्रभाव परेअनुरूप चिडिमार जातिका मानिसहरूले पनि तराईका मधेशी समुदायले जस्तै वेशभूषा लगाउने गर्दछन् ।

नेपालको तराई क्षेत्रमा रहेको परम्परागत पुरुषहरूको वेषभूषा धोती, कमीज वा कुर्था, वनियान, लगौंटी आदि हुन् भने महिलाको वेषभूषा लेहङ्गा, कमीज, धोती, समिज, दुपट्टा, कुर्था, सुरूवाल आदि हुन् । यी पोसाकहरू सामान्य तथा तराई क्षेत्रमा गर्मीका समयमा लगाउने गरिएको पाइन्छ भने जाडो मौसममा यी कपडाहरूसँग स्वीटर, कोट, चद्दर, उनीको टोपी, धोतीजस्ता बाक्ला कपडाहरू पनि लगाउने गर्दछन् । त्यसै गरी चिडिमार जातिका युवाहरूले कमिज, पाइन्ट, क्याप, कच्छा, जाँघे, टिसर्ट, पैजामाजस्ता कपडाहरू गर्मीको मौसममा लगाउँदछन् भने जाडो मौसममा ज्याकेट, स्वीटर, पाइन्ट, पैजामा, उनीको टोपीजस्ता कपडाहरू पनि लागाउने गरेको पाइन्छ । यस चिडिमार जातिका युवतीहरूले पनि गर्मीको समयमा धोती, व्लाउज, कुर्था, सुरूवाल, पेटिकोट, सल, म्याक्सीजस्ता कपडाहरू र जाडोको समयमा स्वीटर, सल, धोती, व्लाउज, टाउजरसँगै कुर्था, सुरूवाल पनि लगाउने गर्दछन् (ऐर, २०६७ वि.सं., पृ. ८४-८५) । यस जातिका चालीस वर्षभन्दा माथिका लोग्ने मानिसहरूले प्रायःजसो घाँटीमा गम्छा झुण्ड्याउने र त्यसलाई ज्यादै गर्मीको समयमा टाउकामा बाध्ने गरेको पनि पाइन्छ । यस चिडिमार जातिका बालबालिकाहरूमा छोरी मान्छेले

प्रायःजसो जामा तथा कुर्था सुरूवाल लगाउँदछन् भने छोरा मान्छेले कमीज, जाँघे आदि लगाउने गर्दछन् । वर्तमान समयमा यस जातिका बालबालिकाहरू प्रायःजसोले टिसर्ट लगाउँदछन् । आर्थिक अवस्था र बाबुआमाको त्यसप्रतिको बेवास्ताका कारण यस चिडिमार जातिका बालबालिकाहरू गर्मीको मौसममा नाङ्गेबुङ्गै बाटोघाटोमा खेलिरहेका पनि देटिन्छन् । यस चिडिमार जातिका नयाँ पुस्तामा कुनै निश्चित जातीय पोसाक र त्यसमा यिनीहरूको कुनै चासो हुने गरेको पाइदैन ।

समयको परिवर्तनसँगै यस चिडिमार जातिमा पनि नयाँ फेसनले सामान्य प्रभाव पार्दै गएको पाइन्छ । खासगरी यस जातिका वृद्धवृद्धाहरूमा भन्दा युवायुवतीहरूमा बजारमा पाइने नयाँ फेसनले छिट्टै प्रभाव पार्ने गरेको पाइन्छ । तथापि कमजोर आर्थिक अवस्थाले गर्दा यसमा केही अवरोध पनि पुऱ्याउने गरेको पाइन्छ । यस चिडिमार जातिका पुरानो पुस्ताका मानिसहरू अझै पनि परम्परागत वेषभूषा नै पहिरने गर्दछन् भने नयाँ पुस्ताले बजारमा पाइने सामान्य खालका कपडाहरू सर्ट, पाइन्टहरू नै किनेर लगाउने गर्दछन् । चिडिमार जातिका अविवाहित युवतीहरू प्रायःजसो कुर्था, सुरूवाल लगाउदछन् भने विवाहिता महिलाहरू धेरैजसोले धोती, ब्लाउज लगाउने गर्दछन् । यस जातिमा विवाहिता बुहारीहरूले जेठाजुलाई कपाल देखाउन नहुने र ससुराका अगाडि पनि प्रायः कपडाले टाउको ढाकिरहने प्रचलन भएका कारण ती महिलाहरूले आफूले लगाएको धोतीको एउटा सप्कोले नै भए पनि कपाल ढाकिरहने गर्दछन् । उनीहरूले आफ्नो घरमा कुनै नयाँ मानिस आएमा पनि धोतीले वा साडीको सप्कोले कपाल ढाकेर नै घर बाहिर निस्कने गर्दछन् (चिडिमार(फुलङ्गा) २० फाल्गुण २०७०) । प्रायः यस जातिका महिलाहरू अपरिचित मानिसहरूसँग कुरा गर्दा पनि टाउको ढाक्ने गरेको पाइन्छ ।

गरगहनाका सन्दर्भमा चिडिमार जातिमा पुरुषका तुलनामा महिलाहरूले नै बढी गहना लगाउने गरेको पाइन्छ । चिडिमार महिलाहरूले खासगरी नाकमा कोफी (ठूलो फूली), नथुनी, हातमा टोढीया (चाँदीको बाला), कानमा आइरन (एक प्रकारको चाँदीको गहना), कनौसी र घाँटीमा हसुली (चाँदीको हार) आदि लगाउने गर्दछन् । महिलाहरूले प्रायःजसो खुट्टामा चाँदीको पाउजी पनि लगाउने गर्दछन् । घरमा बस्दा प्रायः चिडिमार जातिका महिलाहरूले खुट्टामा चप्पल वा अन्य कुनै पनि चिज लगाउदैनन् भने बाहिर कतै जानुपरेमा मात्र चप्पल आदि लगाउने गर्दछन् । यस जातिका पुरुषहरूले भने हातका औंलामा औंठी, घडीजस्ता सामानहरू भन्दा बाहेकका गहनाहरू खासै लगाउदैनन् । घरमा बसेको समयमा भने यस जातिका पुरुषहरू पनि प्रायः खाली खुट्टा नै रहेका देखिन्छन् । कहिले काँही खेतवारीमा गएका बेला पनि चिडिमार जातिका बुढापाका मानिसहरू खुट्टामा जुत्ता, चप्पल लगाउदैनन् । घर बाहिर वा बजारतिर घुम्न गएका बेला भने प्रायःजसोले प्लास्टिकका चप्पल लगाउने गरेको

पाइन्छ । यस जातिका युवाहरू भने सबैजसोले जुत्ता, चप्पल लगाउने गर्दछन् । चिडिमार जातिका युवाहरूले सानै उमेरमा विद्यालय छोड्ने र कामको खोजीमा जाने हुनाले आफैले कमाउन थालेपछि भने विभिन्न फेसनदार कपडाहरू पनि लगाउने गर्दछन् (चिडिमार(उषा, प्रश्नोत्तर, ५ चैत्र २०६९) । यसरी वर्तमान समयमा चिडिमार जातिको वेषभूषामा आर्थिक अवस्थाले पनि प्रत्यक्ष प्रभाव पार्दै लगेको देखिन्छ ।

चिडिमार जातिको आफ्नो छुट्टै जातीय पहिचान दर्शाउने वेषभूषा नभए पनि सामन्यतः नेपालको तराईका अन्य जातजातिका मानिसहरूले लगाउने खालकै कपडा लगाउने गरेको पाइन्छ । उनीहरूको पोसाक र गरगहनाहरू वर्तमान समयमा आम्दानीमा भरपर्दै गएको पाइन्छ । यस जातिका बुढापाका मानिसहरूले नेपालको तराई क्षेत्रमा परम्परागत रूपमा कायम रहँदै आएका वेषभूषहरू नै अझै पनि पहिरिदै आएका छन् भने आर्थिक अवस्था राम्रो हुने मानिस तथा युवा वर्गले भने सर्ट पाइन्ट जस्ता सामान्य लुगाहरू नै लगाउने गरेको पाइन्छ । यस जातिका मनिसहरूको विहावारी तथा लेनदेन प्रायःजसो उत्तरी भारतको बहराइच जिल्लाका विभिन्न ठाउँमा बस्ने बहेलिया जातिका मानिसहरूसँग हुने गरेका कारण त्यस ठाउँका मानिसहरूको वेषभूषाको प्रभाव नेपालका चिडिमार जातिका मानिसहरूमा पनि पर्ने गरेको पाइन्छ (चिडिमार(गोबरी), प्रश्नोत्तर, ५ चैत्र २०६९) । यसरी चिडिमार जातिका पोसाकमा पनि समय सापेक्ष परिवर्तन आउँदै गएको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूले प्रायःजसो दसैं, तिहार तथा दिपावली जस्ता चाडपर्वमा ऋणधन गरेर भए पनि नयाँ लुगा किन्ने परम्परा कायम गर्दै आएको पाइन्छ । यस जातिका वयोवृद्धहरू घरमा बस्दा र वाहिर जाँदा एउटै कपडा लगाउँदछन् भने युवायुवतीहरू घरमा बस्दा एक थरी कपडा र बाहिर जाँदा अर्कै थरी कपडा फेरेर जाने प्रचलनको विकास गर्दै गएको पाइन्छ । चिडिमार जातिमा पुरुषहरूको तुलनामा महिलाहरू बढी सफा सुग्घर कपडा पहिरेर बस्ने गरेको पाइन्छ । यस जातिको परम्परागत नियमअनुसार खाना पकाउने महिलाहरूले हरेक दिन विहान खाना पकाउनुभन्दा अगाडि नुहाउनु अनिवार्य मानिन्छ । यसले गर्दा पनि चिडिमार जातिका महिलाहरू पुरूषको तुलनामा केही बढी सफा सुग्घर देखिने गरेका हुन् । यस जातिका महिलाहरू प्रायःजसो घरमा नै बसिरहन्छन् । काममा कम मात्र जाने गर्दछन् र गए भने पनि आफ्नै करेसा बारी वरिपरी मात्र निस्कने गर्दछन् ।

चिडिमार समाजमा पुरुषहरू भने ज्याला मजदुरी गर्न, रिक्सा चलाउन वा अन्य काम काज गर्न घरबाहिर गएर परिश्रम गर्नु पर्ने हुनाले यस जातिका महिलाहरूको तुलनामा पुरुषहरू केही बढी काला र फोहरीजस्ता देखिन्छन् साथै कपडा पनि पुरुषहरूले महिलाको तुलनामा केही फोहरा लगाउने

गरेको पाइन्छ (चिडिमार(गोमती), प्रश्नोत्तर, ५ चैत्र २०६९) । गर्मीको समयमा पुरुष चिडिमारहरू भित्र लगाउने बनियान वा गन्जी मात्र लगाएर पनि काम गरिरहने गर्दछन् । यसले गर्दा घामले डढेर उनीहरूको छाला निकै कालो हुने गरेको पाइन्छ ।

## ६.७ भाँडावर्तन र औजारहरू

चिडिमार जातिका मानिसहरूले केही समय अगाडिसम्म पनि पित्तल र तामाका भाँडाकुडाहरू बढी प्रयोग गर्ने गर्दथे । तर आजभोलि भने परिवारको सङ्ख्या बढ्दै गएको र त्यस्ता भाँडाकुडाहरू एक त बजारमा किन्न नपाइने र अर्कातिर पाइए पनि महङ्गो पर्ने भएका कारण आजभोलि चिडिमार जातिका मानिसहरूले स्टीलका भाँडाकुडाहरू नै बढी प्रयोग गर्ने गरेको पाइन्छ । यस जातिका कुनै कुनै परिवारमा पित्तल र तामाका गाग्रीहरू, तसलाहरू तथा खाना पकाउने कसौंडीहरू प्रयोग गर्दै आएको पाइन्छ । यस चिडिमार जातिका मानिसहरूका घरमा असाध्य कम मात्र भाँडाकुडा हुने गरेको पाइन्छ । पानी पिउनका लागि उनीहरू प्रायःजसो गिलासको सट्टा अङ्खोरा नै प्रायोग गर्ने गर्दछन् । पानी पिउन दिँदा धेरैजनालाई एकै पटक दिन परेमा पनि एउटै भाँडामा पालैपालो गरेर दिने गर्दछन् । यसो हुनुको कारण भाँडाको अभाव र परम्परागत संस्कार समेत रहेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूमा खेतिकिसानीको काम कमैले मात्र गरेको पाइन्छ । त्यसैले उनीहरूले कृषि औजारका अलावा अन्य औजारहरूको पनि कम प्रयोग गर्ने गरेको पाइन्छ । अहिले ग्रामिण क्षेत्रमा बस्ने चिडिमार जातिका मानिसहरू भने बिस्तारै खेतिपातीको काममा आकर्षित हुँदै गएको पाइन्छ । त्यसमा पनि यस जातिका मानिसहरूको आफ्नो जग्गाजमिन निकै कम हुने र अर्काको जग्गाजमिनमा खेतिकिसानी गर्दा आवश्यक पर्ने कृषि औजारभन्दा ज्याला मजदुरी गर्ने र मजदुरीका बेला आवश्यक पर्ने ज्यावलहरू तथा घर निर्माणमा प्रयोग हुने औजारहरू यी चिडिमार जातिका मानिसहरूलाई बढी आवश्यक पर्ने हुनाले उनीहरूका घरमा प्रायःजसो त्यस्ता औजारहरू बढी हुने गरेको पाइन्छ ।

ग्रामिण क्षेत्रमा बस्ने चिडिमारहरू अगेनोमा ओदान र खाना पकाउन किटको कराई वा फलामको कराई बढी प्रयोग गर्दछन् भने बजार क्षेत्रमा बस्ने केही धनी परिवारले खाना पकाउन ग्यास सिलिन्डर, चुल्हो, प्रेसर कुकरजस्ता आधुनिक भाँडावर्तनको पनि प्रायोग गर्न थालेका छन् (चिडिमार(दुरपती), १६ फाल्गुण २०६९) । आर्थिक अवस्था कमजोर भएका चिडिमार जातिका मानिसहरूका घरमा ५-७ वटा मात्र भाँडाकुडा हुने र परिवार ठूलो भएमा एउटै भाँडामा पालैपालो

खाना खाने गरेको पनि पाइन्छ । तथापि यस जातिका महिलाहरूले आफूसँग भएका जे जति भाँडाकुडाहरू छन् ती अत्यन्त सफासुग्घर गरेर राख्ने गरेको पाइन्छ । हसिया, कर्द, कोदालो, चक्कु, चराचुरुङ्गी समात्ने जाललगायतका सामान्य हातहतियार पनि यस जातिका मानिसहरूले प्रयोग गर्दै आएको पाइन्छ ।

## ६.८ मनोरन्जन तथा मेला पर्व

मनोरन्जन मानवीय क्रियाकलापको एउटा अभिन्न अङ्ग रहँदै आएको छ । प्राचीनकालदेखि नै मानिसले मनोरन्जनलाई पनि खाना जत्तिकै महत्व दिँदै आएको पाइन्छ । खानाले मानिसको शारीरिक स्वास्थ्यलाई सन्तुलित राख्न मद्दत पुऱ्याउँदछ भने मनोरन्जनले मानसिक स्वास्थ्यमा महत्वपूर्ण सकारात्मक योगदान पुऱ्याएको हुन्छ । त्यसैले मानिसले सभ्यताको विकासकालदेखि नै शिकार खेल्ने, कुस्ती खेल्ने, साँडे जुधाउने, भाले जुधाउने, नाचगान, भजन किर्तन गर्ने, धनुर्विद्या, अक्षरिका, खेलकुद, पौडी आदिको माध्यमबाट मनोरन्जन लिने संस्कृतिको विकास गर्दै आएको पाइन्छ । नेपालमा मनोरन्जन प्रचीनकालदेखि नै नेपाली जनताको एउटा सामाजिक सांस्कृतिक अङ्ग बन्दै आएको छ (थापा, १९९५ ई., पृ. ८४) । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरूको आ-आफ्नै किसिमको परम्परागत किसिमका मनोरन्जन प्राप्त गर्ने विधिहरू रहँदै आएको पाइन्छ । यसलाई हरेक नागरिकले अनिवार्य आवश्यकताका रूपमा लिने र जीवनको एउटा महत्वपूर्ण पक्ष मान्ने गर्दै आएका छन् (उपाध्याय, २०५२ वि.सं., पृ. ६२-६३) । त्यहीअनुरूप चिडिमार जातिका मानिसहरूले पनि मनोरन्जनलाई आफ्नो संस्कृतिको एउटा अभिन्न अङ्ग बनाउदै आएको पाइन्छ ।

मनोरन्जनका क्रममा चिडिमार जातिका महिलाहरू एकापसमा मिलेर नाचगान गर्ने गर्दछन् भने पुरूषहरूले पनि विशेष पर्वका बेला भजन किर्तन र रामलीला गरेर मनोरन्जन गर्ने गर्दछन् (चिडिमार(केतका), १२ आश्विन २०७०) । बाँके जिल्लामा बसोबास गर्ने यस चिडिमार जातिका मानिसहरूले विभिन्न चाडपर्वका बेला राम्रो लाउने र मिठो खाने गरेर पनि मनोरन्जन लिने गरेको पाइन्छ । बाँके नेपालकै धेरै मेलापर्वहरू भइरहने जिल्लामध्ये एक भएको पाइन्छ । नेपालगन्जको रामलीला मैदान, बागेश्वरी मान्दिर, गुरुवागाउँ, जोगागाउँ, राप्ती पारिजस्ता विभिन्न ठाउँमा फरकफरक समयमा लाग्ने मेलामा चिडिमार जातिका मानिसहरू समूह-समूह बनाएर जाने घुम्ने र मनोरन्जन प्राप्त गर्ने गर्दछन् । बागेश्वरी मन्दिरमा लाग्ने रामनवमी मेलामा चिडिमार जातिका जेष्ठ नगरिकहरू आफूले गरेअनुसारको भाकल पुरा गर्न पूजाआजा गर्ने र महिलाहरू जम्मा भएर सोहर

गाएर मनोरन्जन गर्ने गर्दछन् । सोहर चिडिमार जातिका मानिसहरूले खुसीयालीान गनउे गीत हो । अहिले वडा दसैँको नवरात्रीमा चिडिमार जातिका मानिसहरूले आफ्नो गाउँटोलमा पनि देवी दुर्गाको मूर्ति स्थापना गरी पूजाआजा गर्ने, नाचगान गर्ने गरी धुमधामसँग रमाइलो गर्ने गरेको पाइन्छ ।

समयको गतिसँगै मानिसका परम्परागत संस्कार तथा रीतिरिवाजमा पनि क्रमिक रूपमा परिवर्तन हुँदै जानुलाई स्वाभाविक मानिदै आएको पाइन्छ । सोहीअनुरूप चिडिमार जातिका हरेक संस्कृतिका क्षेत्रमा पनि परिवर्तन वा सुधारहरू हुँदै गएको देखिन्छ । यस जातिका युवाहरू अहिले परम्परागत मनोरन्जनका अतिरिक्त आधुनिक मनोरन्जनका साधनहरू टेलिभिजन हेर्ने, खेलकुदमा भाग लिने, सिनेमा हेर्न जाने, आफ्नै गाउँघरमा सिडी (कम्प्याट डिस्क) का चक्काहरू ल्याएर रातभर जागा बसेर हेर्ने गरेरसमेत मनोरन्जन प्राप्त गर्ने प्रचलनको विकास हुँदै गएको छ (चिडिमार(वरती), १२ आश्विन २०७०) । यस चिडिमार जातिका युवायुवतीहरू मनोरन्जन गर्न मेला भर्न जाँदा समूहमा मिलेर जाने र आपसमा गफिदै छिल्लिने, रमाउने गर्दछन् । आजभोलि यस्तो मेलापर्वमा चिडिमार जातिका युवायुवतीहरूले मायापिरतीका कुरा पनि गर्ने गरेको पाइन्छ । यसरी घर बाहिर स्वतन्त्र घुमफिर गर्न पाउँदा युवायुवतीहरूले एकापसमा आफ्ना मनका कुरा आफ्नै उमेर समूहका साथीभाइलाई भन्न पाउँदा निकै खुसी हुने गर्दछन् । त्यसैले यस जातिका युवायुवतीहरूले बाँके जिल्लामा लाग्ने प्रायः सबै ठाउँका मेलापर्वमा सहभागी हुने गरेको पाइन्छ ।

## ६.९ संस्कृतिमा आएको परिवर्तन

हरेक समाजमा शिक्षा र संस्कृतिका बीचमा गहिरो सम्बन्ध रहने परम्पराअनुरूप चिडिमार समाजमा पनि त्यो सम्बन्ध कायम रहेको पाइन्छ । शिक्षाकै कारण यस समाजमा कायम रहेका परम्परागत संस्कृतिमा समय सापेक्ष रूपमा परिमार्जन र सुधारहरू हुँदै गएका छन् (चिडिमार(नेपाली), २२ फाल्गुण २०७०) । बालविवाहमा कमि आउनु, आफ्ना बालबालिकालाई अध्ययनका लागि विद्यालय पठाउनु, समाजमा महिलाहरू पनि खुलेर कुरा गर्न सक्नु, अन्यायमा परेका बेला त्यसको बिरोध गर्नु, विभिन्न सांस्कृतिक कार्यहरू सम्पन्न गर्दा अनावश्यक फजुल खर्च गर्न नहुने विषयमा जानकारी राख्नु, बचत गर्ने बानी बसाल्नु, एकल परिवारमा विभक्त हुँदै जानु, जाँड रक्सिको प्रयोगमा पनि नियन्त्रण गर्दै जानु आदि चिडिमार जातिका परम्परागत संस्कृतिमा आएका परिवर्तनहरू हुन् ।

## ६.१० स्वास्थ्य र सरसफाई

नेपाल विश्वकै एक गरिव मुलुक भएको र यहाँका २४ प्रतिशत जति जनता गरिवीको रेखामुनी रहेका कारण सबै नागरिकका लागि राज्यले स्वास्थ्य र सरसफाइका क्षेत्रमा यथोचित ध्यान पुऱ्याउन सकेको पाइदैन । अर्कातिर गरिवीकै कारण जनतामा अहिले के खाउँ र भरे के खाउँको समस्या कायमै रहेका कारण शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार जस्ता क्षेत्रमा खासै उन्नती गर्न सकिरहेको पाइदैन । स्वास्थ्य जीवनलाई मानिसको एउटा महत्वपूर्ण सम्पत्ति मानिदै आएको छ । त्यस्तो जीवन जीउँनका लागि आर्थिक अवस्था सुदृढ हुनु आवश्यक मानिन्छ । नेपालको तराई क्षेत्रमा गरिवीको जीवन जीउँन बाध्य चिडिमार जातिका मानिसहरूमा सन्तुलित आहारविहार र सरसफाइको अभावका कारण यस जातिको बस्तीमा विभिन्न खालका स्वास्थ्यसम्बन्धी समस्याहरू देखा परिरहेको पाइन्छ (चिडिमार(दुरपती), १६ चैत्र २०६९) । चिडिमार जातिका मानिसहरूमा न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति हुन सकिरहेको पाइदैन । न्यून आय भएका चिडिमार जातिका मानिसहरूको जीवनस्तर माथि उठ्न सकिरहेको छैन । चिडिमार बस्तीमा सफा पिउने पानीको अभाव रहेको छ । बेलाबखत सरकारी र गैरसरकारी संघसस्थाहरूले स्वास्थ्य र सरसफाईसम्बन्धी विभिन्न खालका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको भए पनि चिडिमार समाजमा त्यसको खासै प्रभाव पर्न सकिरहेको देखिदैन ।

चिडिमार जातिको समाजमा विभिन्न खालका दिर्घ रोगहरू भएका र पक्षघातबाट पिडित भएका मानिसहरूलाई पनि अस्पताल लैजानुको सट्टा झारफूकबाट निको पार्ने प्रयास गर्दागर्दै कतिपयले अकालमा ज्यान गुमाउन बाध्य हुने गरेको पाइन्छ । मध्य-पश्चिमकै सुविधासम्पन्न स्थानमा बासोबास गर्ने भए पनि चिडिमार जातिका मानिसहरूले अस्पताल, स्वास्थ्य चौकी तथा अन्य स्वास्थ्य संस्थाबाट खासै लाभ लिन सकिरहेको पाइदैन । यसो हुनुको प्रमुख कारण जनचेतनाको अभाव हुनु नै हो (चिडिमार(विहारि), २४ फाल्गुण २०७०) । सानातिना रोगव्याधिहरू घरायसी जडिबुटी र परम्परागत उपचार पद्दतीबाट निको पार्न उनीहरू सफल पनि हुने गर्दछन् । तर दिर्घ रोग र ठूला समस्याहरू उनीहरूले समाधान गर्न सक्दैनन् । चिडिमार जातिको बस्तीका टोलटोलमा र गाउँगाउँमा झाँक्री तथा भूइँहारहरू हुने गरेको पाइन्छ । यस समाजमा झारफूक गर्ने मानिसलाई भूइँहार भन्ने गरिएको पाइन्छ । उनीहरूले उपचारका क्रममा देवी देवतालाई खुसी पार्न जिब्रो पनि छेड्ने गर्दछन् । जिब्रो छेड्ने प्रचलन नववर्षको उपलक्षमा मनाइने भक्तपुको बिस्केट जात्रामा नेवार समुदायका

मानिसहरूमा पनि कायम रहेको पाइन्छ । अन्य ठाउँ र जातिहरूमा भने यस्तो जिब्रो छेड्ने प्रचलन रहेको पाइदैन ।

वर्तमान समयमा एकाध मानिसहरूले सुत्केरी गराउन महिलाहरूलाई अस्पताल लैजाने गरे पनि यस जातिका धेरैजसो महिलाहरूलाई अझै पनि परम्परागत सुढेनीहरूबाट घरैमा सुत्केरी गराउने प्रचलन रहँदै आएको पाइन्छ । यस जातिमा विभिन्न समयमा हुने स्वास्थ्यसम्बन्धी जनचेतना, स्वास्थ्य स्वयम्सेविकाहरूको प्रयासका कारण परिवार नियोजनका स्थायी र अस्थायी साधनहरूको प्रभाव पर्दै गएको भए पनि पूर्ण रूपमा भने यसको प्रभाव पर्न सकिरहेको छैन (श्रेष्ठ, २७ फाल्गुण २०७०) । धेरै सन्तान परिवार, समाज, राष्ट्र र विश्वकै लागि बोझ बन्न सक्दछ भन्ने कुराले चिडिमार जातिका मानिसहरूलाई अझैसम्म पनि प्रभाव पार्न सकिरहेको पाइदैन । यसरी विविध कारणले पिछडिएका चिडिमार जातिका मानिसहरूको स्वास्थ्य र सरसफाइको अवस्था पनि कमजोर नै रहेको पाइएको छ ।

### ६.१०.१ स्वास्थ्यको क्षेत्रमा आएको परिवर्तन

चिडिमार समाजमा केही समय अगाडिसम्म पनि स्वास्थ्य र सरसफाइका क्षेत्रमा जनचेतनाको अभावका कारण कुनै परिवर्तनहरू आएको पाइदैनथ्यो । आफू बस्ने घर आँगन सफा सुग्घर राख्नु पर्दछ, झिंगा भन्केको, बासी, सडेगलेको खान खानु हुँदैन, बिरामी परेका बेला अस्पताल वा स्वास्थ्य चौकी जानु पर्दछ भन्नेजस्ता जानकारीहरू चिडिमार जातिका मानिसहरूलाई थिएन । शौचालयहरू निर्माण गर्नु पर्दछ भन्ने कुरा उनीहरूलाई जानकारीसम्म थिएन । मानिस बिरामी पर्दा भूत, प्रेत, बोक्सी, डायनले दुःख दिएको हो भनी उनीहरूलाई धामी, झाँक्री तथा भुँइहारकहाँ लगेर झारफूक तथा घरेलु उपचार मात्र गर्ने गरिन्थ्यो । परिवार नियोजनका बारेमा पनि उनीहरू अनभिज्ञ थिए । सन्तानहरू जति भए पनि भगवानले दिएको स्वीकार गर्नुपर्दछ भन्ने मान्यता यस समाजमा रहेको थियो (चिडिमार(मिलन), २५ फाग्गुण २०७०) । त्यतिबेला चिडिमार समाजमा दीर्घ र असाध्य रोगीहरूको सङ्ख्या प्रसस्त हुने गर्दथ्यो । तर वर्तमान समयमा चिडिमार समाजमा रहेका यस्ता कुरिति र अन्धविश्वासहरू क्रमशः हट्दै गएको पाइन्छ ।

विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सहयोगमा सञ्चालन भएका जनचेतनामूलक कार्यक्रमहरूले पारेको प्रभावका साथै अन्य समजसँगको हेलमेल, सूचना र सञ्चारका क्षेत्रमा आएको सरलीकरण जस्त कारणहरूले अहिले चिडिमार जातिको स्वास्थ्यका क्षेत्रमा हुने क्रियाकलापहरूमा पनि परिवर्तनहरू देखा पर्दै गइरहेका छन् । सहरी क्षेत्रमा बसोबास गर्ने चिडिमार

जातिका मानिसहरूले सके पक्की र नसके कच्ची भए पनि शौचालयहरू निर्माण गरेर त्यसैमा दिशा पिसाव गर्ने बानीको विकास गर्दै आएको पाइन्छ । फोहर पिउने पानीका कारण विभिन्न खालका सरूवा रोगहरू लाग्दछन् त्यसैले सधैं सफा पानी पिउनु पर्दछ भन्ने चेतनाको विकास पनि हुँदै गएको छ (चिडिमार(मुन्नी), २२ फाल्गुण २०७०) । विभिन्न स्वास्थ्यसम्बन्धी जनचेतना अभियान सञ्चालन गरिरहेका सरकारी र गैर सरकारी संघसंस्थाहरूले चिडिमार जातिका बस्तीहरूमा उपभोक्ता र अनुगमन समितिहरू निर्माण गरिदिएका कारण तिनै समितिहरूमा आबद्ध रहेका मानिसहरूले उनीहरूलाई चर्पीको प्रयोग गर्न र ती चर्पीहरू पनि सफा सुग्घर राख्न प्रेरित गर्ने गरेको पाइन्छ । वर्तमान समयमा चिडिमार जातिका मानिसहरूले बिरामी परेका बेला आफ्ना परिवारका सदस्यहरूलाई स्वास्थ्य चौकी वा अस्पताल लैजान थालेका छन् (चिडिमार(शान्ति), २५ फाल्गुण २०७०) । ग्रामीण क्षेत्रमा बस्नेहरूको तुलनामा सहरी क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूमा जनचेतनाको लहर तीव्र गतिमा बढे पनि आम्दानीका स्रोतहरू सिमित भएका कारण उनीहरूले चाहेजति परिवर्तन भने गर्न सकिरहेको पाइदैन ।

यस चिडिमार जातिका मानिसहरूमा घरमै सुत्केरी गराउने र सुत्केरी गराउदा गाउँ टोलकै परम्परागत सुडेनीहरू प्रयोग गर्ने परम्परामा केही मात्रामा भए पनि परिवर्तन आएको पाइन्छ । ग्रामीण क्षेत्रमा अझै पनि झण्डै ९० प्रतिशतले घरमै सुत्केरी गराउने गरे पनि सहरी क्षेत्रमा भने ४० प्रतिशत जतिले अस्पतालमा लगेर सुत्केरी गराउने गरेका छन् (चिडिमार(बुधइ), प्रश्नोत्तर, ५ चैत्र २०६९) । परिवार नियोजन तथा जनसङ्ख्या नियन्त्रणका क्षेत्रमा पनि चिडिमार समाजमा केही सुधार र परिवर्तनहरू देखा परिरहेको पाइन्छ । यस चिडिमार जातिका लोग्ने मानिसहरू कामकाजका लागि घर बाहिर जानुपर्ने, रिक्सा चलाउने, निर्माणसम्बन्धी शारीरिक मिहिनेतका कामहरू धेरै गर्नु पर्दा स्वास्थ्य विग्रिन सक्ने भनी धेरैजसो महिलाहरूले स्थाई र अस्थाई परिवार नियोजनका साधनहरूको प्रयोग गर्ने गरेको पाइन्छ । जनचेतनाको बिस्तारसँगै चिडिमार समाजमा बाल मृत्युदरमा पनि कमी आएको छ (चिडिमार(एकादशी) १५ आश्विन २०७०) । यस चिडिमार समाजमा केही समय अगाडिसम्म पनि स्वास्थ्यका विषयमा कुनै चासो नदिने परम्परा भए पनि वर्तमान समयमा भने यसमा विशेष चासो दिने गरेको पाइन्छ ।

चिडिमार समाजमा पुरूषहरूको तुलनामा महिलाहरूमा स्वास्थ्यसम्बन्धी जनचेतना निकै बढेर आएको पाइन्छ । घर बाहिरका काममा कमै मात्र जाने चिडिमार जातिका महिलाहरू घरको लिपपोत गर्ने, कपडा धुने, भाँडा माझ्ने, कुचो झाडु लगाउने जस्ता कामहरूमा अहिले निकै ध्यान दिने गरेका छन् । फूर्सदको समयमा टेलिभिजन हेरेर बस्ने चिडिमार जातिका महिलाहरूले टेलिभिजनका भारतीय

सिरियलहरू, सिनेमाहरू बढी हेर्ने गर्दछन् (चिडिमार(उषा), २३ फाल्गुण २०७०) । त्यस्ता सिरियल र सिनेमाले पनि उनीहरूका सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनामा धेरै परिवर्तन ल्याइदिएको कुरा स्वयम् चिडिमार जातिकै मानिसहरूको धारणा रहेको पाइन्छ । यस्ता विविध कार्यहरूले चिडिमार समाजलाई नै परिवर्तित तुल्याउन सहयोग पुऱ्याएको देखिन्छ ।

## ६.११ चिडिमार जतिमा आएको परिवर्तन

संसार परिवर्तनशील छ । त्यहीअनुरूप नेपालमा बसोबास गर्ने सबै जातजातिका मानिसहरूमा पनि समय सापेक्ष परिवर्तनहरू आउँदै गएका पाइन्छन् । यहाँ मानव सभ्यताको आदिमकालदेखि नै बसोबास गर्दैआएका आदिवासीहरू, आफ्नै सामाजिक, सांस्कृतिक, भाषिक अपनत्व भएका जनजातिहरू, सङ्ख्याको हिसावले अत्यन्त कम जनसङ्ख्या भएका अल्पसङ्ख्यकहरू, राष्ट्रिय मूलधारमा समेटिन नसकेका सिमान्तकृत अवस्थामा रहेका मानिसहरू, छुवाछूतजन्य समस्याबाट पिडित दलित समुदायका मानिसहरू तथा ब्राह्मण, क्षेत्री, महिला, बालबालिका जस्ता समान हैसियत, क्षमता र अधिकार पाउन सकेका र नसकेका मानिसहरू बसोबास गर्दछन् (विष्ट, २००० ई., पृ. १) । यस्ता विभिन्न समुदायहरूमध्ये चिडिमार जातिका मानिसहरू पनि एक हुन् । नेपालमा बसोबास गर्दैआएका धेरै जातजातिका मानिसहरूमा समयसापेक्ष रूपमा परिवर्तनहरू देखा परिरहेअनुरूप चिडिमार जातिका मानिसहरूमा पनि ढिलै भए पनि एकपछि अर्को गर्दै सुधार र परिवर्तनका सङ्केतहरू देखापर्दै गइरहेका पाइन्छन् । वर्तमान समयमा भएको विश्वव्यापीकरणको प्रभाव, राजनीतिक, सामाजिक क्षेत्रमा भएका परिवर्तनहरू, सञ्चारको क्षेत्रमा भएको सरलीकरण, व्यापारको बिस्तार जस्ता कारणहरूले गर्दा चिडिमार समुदायका मानिसहरूमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसको प्रभावहरू परिरहेको पाइन्छ ।

वर्तमान समयमा चिडिमार जातिको पेसा, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, स्वास्थ्य, आन्तरिक पञ्चायतका क्रियाकलापहरू, खानपान, लवाइखवाई, बानी व्यवहार जस्ता विविध कुराहरूमा परिवर्तन आएको पाइन्छ । राज्यका नीति नियमहरूमा आएका सुधार र परिवर्तनहरूका कारण मात्र नभइ चिडिमार जातिकै छिमेकी समुदायका मानिसहरूसँगको हेलमेल तथा रेडियो, टेलिभिजन, सिनेमा जस्ता सञ्चारका माध्यमहरूले समेत यस जातिका मानिसहरूको जनजीवनमा बिस्तारै प्रभाव पार्दै गइरहेको छ (ऐर, २०६७ वि.सं., पृ. १०६) । यस्ता कारणहरूका अतिरिक्त बाँके जिल्लाका चिडिमार जातिका मानिसहरूको रहनसहन र जीवनपद्धतिमा परिवर्तन ल्याउनमा विभिन्न गैरसरकारी

संस्थाहरूको पनि उतिकै महत्वपूर्ण भूमिका रहेको छ (चिडिमार(मुन्नी २२ फाल्गुण २०७०) । विगत झण्डै बीसवर्षदेखि कुनै न कुनै रूपमा गैरसरकारी संस्थाहरूको चिडिमार समाजको सुधारमा प्रत्येक्ष वा अप्रत्येक्ष सहभागिता रहँदै आएको पाइन्छ । त्यस्ता संघसंस्थाहरूले यस जातिका सामाजिक, आर्थिक, शैक्षिक, भौतिक, सांस्कृतिक आदि क्षेत्रमा कामहरू गर्दै आएको पाइएको छ । तथापि उनीहरूले लक्षअनुरुपको सफलता भने पाउन सकिरहेको देखिदैन । यसो हुनुको कारण चिडिमार जातिका मानिसहरूमा नै सक्रियताको कमी भएको देखिन्छ ।

यस चिडिमार जातिको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र सरसफाई, पिउने पानी, चेतना, प्राविधिक सीपको विकास जस्ता क्षेत्रमा सुधार र परिवर्तन ल्याउने उद्देश्यले १०-१५ वर्षदेखि लगातार प्लान नेपाल, पश्चिम तराई गरिवी निवारण कार्यक्रम, सहकर्मी समाज, सिप्रेड, फरवार्ड, निर्धन उत्थान बैंङ्क, त्रिवेणी विकास समाज, महिला मिलिजुली संस्थाजस्ता संघसंस्थाहरूले लगातार रूपमा सहयोग गर्दै आइरहेका छन् (चिडिमार(देविप्रसाद), १६ भाद्र २०६८) । यसका अतिरिक्त चिडिमार समाजभित्रै पनि आफ्नो समाजको विकास, सुधार र परिवर्तन गर्ने उद्देश्यले सामाजिक विकास केन्द्र, बागेश्वरी टोल विकास संस्था, चिडिमार बस्ती उपभोक्ता समिति, बाटो निर्माण समिति, बहेलिया बालविकास केन्द्र, बाटिका बाल विकास केन्द्र, बहेलिया चिडिमार विकास समाज बाँके, टोल सरसफाई समिति जस्ता संघसंघठनहरू गठन गरिएको पाइन्छ ।

वर्तमान समयमा आएका विभिन्न खालका परिवर्तनहरू र त्यसको देखासिकि गर्ने प्रचलन अन्य समाजमा जस्तै चिडिमार समाजमा पनि हुँदै आएको पाइन्छ । विभिन्न सरकारी र गैह्रसरकारी संघसंस्थाहरूको सक्रियतामा चिडिमार समुदायमा परिवर्तन र सुधार ल्याउने अल्पकालीन र दीर्घकालीन योजनाहरू अहिले पनि कार्यान्वयन हुँदै आइरहेका छन् (चिडिमार(रामलौटन) १७ आश्विन २०७०) । यसले चिडिमार समाजलाई कुनै न कुनै तरिकाले परिवर्तन उन्मुख बनाउदै लगेको पाइन्छ । यस्तो हुँदाहुँदै पनि चिडिमार समुदायमा अपेक्षाकृत रूपमा परिवर्तनहरू भने आउन सकिरहेको देखिदैनन् । त्यसो हुनुको प्रमुख कारण यस जातिको आर्थिक अवस्थामा सुधार ल्याउन नसक्नु नै हो (चिडिमार(जोगि), १९ आश्विन २०७०) । तथापि यस समाजका हरेक क्षेत्रमा कम बेसी रूपमा परिवर्तहरू भने भइनै रहेका पाइन्छन् । कुनकुन क्षेत्रमा के कस्ता परिवर्तनहरू भएका छन् भन्ने विषयबस्तुलाई तिनै शीर्षकहरूका अन्तमा उल्लेख गरिएको हुनाले यहाँ चिडिमार जातिको आर्थिक अवस्थामा आएका परिवर्तनहरूलाई मात्र चर्चा गरिएको छ ।

### ६.११.१ आर्थिक क्षेत्रमा आएका परिवर्तनहरू

आर्थिक क्षेत्रमा आएको फेरबदलले मानिसको समग्र दिनचर्यामा नै प्रभाव पार्ने गर्दछ । पछिल्लो समयमा चिडिमार जातिका मानिसहरूको परम्परागत चरा मार्ने पेसा समग्रमा गुजारामुखी मात्रै बन्दै गएको थियो । जङ्गलको विनास, जनसङ्ख्याको वृद्धि, चराचुरुङ्गीको सङ्ख्यामा आएको कमी, सहज रूपमा जङ्गलमा चराचुरुङ्गी समात्न/मार्नमा आएको कानुनी व्यवधान जस्ता कारणहरूले सङ्कटमा पर्दै गएको यस जातिको परम्परागत पेसा अन्ततः पूर्ण रूपले लोप भएर जाने अवस्थामा पुगेको पाइन्छ । यसरी आफ्नो जातीय परम्परागत पेसा लोप हुने अवस्थामा पुगेपछि अर्को पेसा पूर्ण रूपले नअपनाउँदासम्म यी चिडिमार जातिका मानिसहरूमा पेसागत सङ्क्रमणको अवस्था आएको पनि केही वर्ष वितिसकेको छ । उत्पादनका साधनमाथिको पहुँचको अभावका कारण अहिले यस जातिका मानिसहरूको पेसाको टुङ्गो लागिसकेको छैन । बजारमा पनि सीपको अभावका कारण उनीहरूले सहजै रोजगार पाउन सकिरहेका छैनन् । कतिपयले नेपालमा रोजगार नपाएर भारतमा गएर पनि श्रमजन्य कामहरू गर्न बाध्य भएका छन् (चिडिमार(बुधइ), २० फाल्गुण २०७०) । सहरी क्षेत्रमा बसोबास गर्ने करिव ७० प्रतिशत मानिसहरूसँग घरबासका लागि ५ देखि १० धुर भन्दा बढी जग्गा रहेको पाइदैन । त्यसमा पनि झण्डै ५० प्रतिशत जति लालपूर्जा नभएका तथा ऐलानी जग्गामा बस्दै आएका छन् । तथापि वर्तमान समयमा चिडिमार जातिका आर्थिक क्रियाकलापमा भने केही सकारात्मक परिवर्तनहरू देखापरेका छन् । ती आर्थिक परिवर्तनका विषयबस्तुलाई निम्न बुँदाहरूमा अध्ययन गरिएको छ ।

#### (क) बचत, आयआर्जन र रोजगारिमा आएका परिवर्तन

विगत लामो समयदेखि चिडिमार जातिका मानिसहरूमा आर्थिक अवस्थाप्रति सचेत र सम्यम हुने परम्पराको विकास नै हुन सकेको पाइदैन । घुमन्ते जीवनको अन्त्य भए पनि यस जातिको व्यवहारमा खासै परिवर्तन आउन सकेको थिएन । आर्थिक बचतले मानिसको जीवनमा आइपर्ने समस्यालाई पार गराउदछ भन्ने चेतनाको विकास उनीहरूमा हुन सकेको थिएन । चरा मार्ने व्यवसाय सञ्चालन गरिरहेको समयमा चिडिमार जातिका मानिसहरूसँग जङ्गलबाट चरा समातेर बजारमा लगेर बेचेको समयमा विना लगानी धेरै पैसा आएको महसुस गर्दथे । त्यति बेला घरखर्चीका सामानहरू किनेर बाँकी रहेको पैसा उनीहरूले सबैजसो दिनहुँ जाँड, रक्सी खाएर सिध्याउँदथे । आज

कमाएको आजै सिध्याउने, भोलिको चिन्ता नलिने उनीहरूको स्वभाव थियो (चिडिमार(वसन्ती), २६ फाल्गुण २०७०) । तर अहिले भने चिडिमार समाजमा धेरै परिवर्तन आएको पाइन्छ । उनीहरूमा बचत गर्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको छ । त्रिवेणी विकास समाज, निर्धन उत्थान बैंङ्कजस्ता संस्थाहरूले चिडिमार समाजभित्रैका मानिसहरूलाई परिचालन गरी समूह बनाएर धेरैथोरै नियमित बचत गर्नाले चाडवाडका बेला, दुखविमार परेका बेला आइपर्ने समस्याहरूबाट मुक्त हुन सकिन्छ भन्ने भावनाको विकास हुँदै गएको छ (चिडिमार(हुस्सन), २४ फाल्गुण २०७०) । यस्तो परिवर्तनले चिडिमार जातिका सानातिना समस्याहरू सहज रुपले टर्दा उनीहरू विगतलाई सम्झेर दङ्ग पर्ने गर्दछन् ।

वर्तमान समयमा चिडिमार जातिका मानिसहरूको रोजगारी र आय आर्जनका काममा व्यापक परिवर्तन आएको पाइन्छ । चरा मार्ने/समात्ने व्यवसाय नै प्रमुख आय आर्जनको माध्यम भएका चिडिमार जातिका मानिसहरू अहिले जुन पेसा अपनाउदा बढी आय आर्जन गर्न सकिन्छ, त्यही पेसा अवलम्बन गर्न तत्पर हुँदै गइरहेका छन् (चिडिमार(रिता), प्रश्नोत्तर, ५ चैत्र २०६९) । ग्रामीण क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूले खेतीपाती गर्ने, पशुपालन गर्ने कार्यका अतिरिक्त खेतालाका रूपमा दैनिक ज्यालादारीको काम गर्ने, इँट्टा भट्टा सञ्चालन गर्ने, सानातिना ठेक्कापट्टाका कामहरू गर्ने गर्दछन् । उनीहरूसँग खेती गर्ने पर्याप्त जग्गाजमिन नभएका कारण उनीहरूले गाउँका जमिन्दारको जमिन बटैया (अधियाँ) मा काम गर्ने गर्दछन् । आफूसँग जमिन नभएका केही चिडिमार जातिका मानिसहरूले अर्काको खेत जोत्नका लागि वा अधियाँमा खेती गर्नका लागिसमेत घरमा गोरू पाल्ने गरेका छन् (चिडिमार(दुरपती), १६ फाल्गुण २०६९) । यसका अतिरिक्त भैंसी पालन गरी दूध बेच्ने, भेडा, बाखा पालन गर्ने, खेतिपातिको समयमा अर्काको जमिन ठेक्कामा जोतिदिने जस्ता कामहरूका अतिरिक्त नेपालगन्ज र कोहलपुरको बीच भागमा पर्ने शमशेरगन्जको हवल्दारपुरमा बस्ने केही चिडिमार जातिका मानिसहरूले समेत दिनहुँ बजारमा गएर रिक्सा चलाउने जस्ता कामहरू पनि गर्ने गरेको पाइन्छ ।

सहरी क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरूको रोजगारीको क्षेत्र ग्रामीण क्षेत्रका मानिसहरूको भन्दा केही भिन्न रहेको पाइन्छ । सहरबजारको नजिकमा बस्ने चिडिमार जातिका मानिसहरू कृषि र कृषिजन्य व्यवसायभन्दा बजारमुखी व्यवसायमा बढी आश्रित हुने गरेको पाइन्छ । नेपालगन्ज नगरपालिका वार्ड नं. १ धम्बोझी र वार्ड नं. १६ बेलासपुर क्षेत्रमा बसोबास गर्ने चिडिमार जातिका मानिसहरू उद्योगधन्दामा काम गर्ने, सरकारी तथा व्यक्तिगत कार्यालयहरूमा कार्यालय सहयोगी जस्ता स-साना पदहरूमा रहेर काम गर्ने, रिक्सा चलाउने, अर्काको पसलमा बिक्रेता भएर

काम गर्ने, निर्माणसम्बन्धी कार्यमा ज्यामी र श्रमिकका रूपमा काम गर्ने गर्दछन् (चिडिमार(ननकी), २३ फाल्गुण २०७०) । चिडिमार जातिका मानिसहरू वर्तमान समयमा परिवारका साना-ठूला सबैजसोले केही न केही कामहरू गरिरहेकै पाइन्छन् । १२-१३ वर्षकै उमेरदेखि साइकल तथा मोटरसाइकलका ग्यारेजहरूमा, मासु पसलहरूमा, दाल चामलका मिलहरूमा, सानातिना होटल रेष्टुरेन्टहरूमा काम गरेर आफ्नो खर्च जुटाउने र परिवारलाई समेत सहयोग गर्ने गरेको पाइन्छ । यसका अतिरिक्त सहरी क्षेत्रमा बसोबास गर्ने महिलाहरूले समेत बजारमा गएर श्रमजन्य आय आर्जनका कामहरू गर्ने गर्दछन् । यसरी चिडिमार जातिको परम्परागत व्यवसायमा आएको परिवर्तनसँगै आय आर्जन, बचत र रोजगारिका क्षेत्रमा समेत विभिन्न खालका परिवर्तनहरू देखिदै गएको पाइन्छ ।

### (ख) उपभोग्य संस्कृति र खर्चमा आएको परिवर्तन

समयको परिवर्तनसँगै चिडिमार जातिको उपभोग्य संस्कृति र खर्चको दायरामा पनि निकै परिवर्तनहरू देखापर्दै गइरहेको पाइन्छ । उनीहरूले उपभोग गर्ने बस्तुहरूको मात्रा र खर्चका शीर्षकहरू पनि दिनानुदिन थपिंदै गएका पाइन्छन् । केही समय अगाडिसम्म आफ्नै जातिभित्रका आन्तरिक गतिविधिहरूमा मात्र सिमित रहँदै आएका चिडिमार जातिका मानिसहरूको सम्पर्क अन्य जाति र समुदायका मानिसहरूसँग बढ्दै गएपछि उनीहरूको खर्चको दायरा पनि बढ्न थालेको हो (चिडिमार(रामगुलाम), २३ फाल्गुण २०७०) । अहिले उनीहरूको खानपान र वेशभूषामा पनि निकै परिवर्तनहरू देखा पर्दै गइरहेको पाइन्छ ।

चिडिमार जातिका मानिसहरूमा रेडियो, मोवाइल फोन र टेलिभिजनको प्रयोग गर्ने सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको पाइन्छ । ऋण लिएर वा काममा बढी खटेर भए पनि नवयुवाहरूमा मोवाइल फोनको प्रयोग गर्ने शोख बढ्दै गएको देखिन्छ । मोवाइल फोनको प्रयोगले चिडिमार युवाहरूमा एकातिर सञ्चारको सुविधा बढेको र रोजगारीमा सहजता आएको छ भने अर्कातिर खर्च गर्ने र देखासिकी गर्ने परम्परा वृद्धि भएको पाइन्छ । यस्ता आधुनिक विद्युतीय सामग्रीहरूको प्रयोगको ज्ञानका लागि पनि यी चिडिमार जातिका युवाहरूमा शिक्षाप्रतिको आकर्षण, रूची र अनिवार्यता महसुस हुँदै गएको पाइन्छ । समान उमेरका युवाहरू जसले अङ्ग्रेजी भाषा जान्दैनन् उनीहरूलाई मोवाइल फोनको प्रयोग गर्न पनि कठिन हुने हुनाले बिस्तारै उनीहरूमा हिनताबोध पनि हुँदै गएको र पढ्नु पर्छ भन्ने भावनाको विकास पनि हुँदै गएको छ (चिडिमार(रामकुशेर), २३ फाल्गुण २०७०) ।

यसले चिडिमार समाजमा शिक्षा आर्जनप्रति सकारात्मक प्रभाव पार्दै गएको पाइन्छ । रेडियो त्यति खर्चिलो साधन नभए पनि केवल तारसहितको टेलिभिजन र मोवायल फोनले गर्दा एकातिर उनीहरूको खर्च बढ्नु स्वाभाविक बन्दै गएको छ (चिडिमार(रधवा), प्रश्नोत्तर, २७ फाल्गुण २०६९) । अर्कातिर त्यहीअनुरूपका लवाईखवाईमा पनि भिन्नताहरू देखिदै जानाले अनावश्यक तडक्भडक् र देखासिकीले पनि प्राथमिकता पाउदै गएको पाइन्छ ।

मनोरन्जनका लागि मेलापर्व लाग्ने दिनको पर्खाइमा महिनौसम्म दिन गनेर बस्ने, चाडपर्वका बेला गाउँटोलका मानिसहरू एकापसमा मिलेर आफ्नै संस्कार र संस्कृतिअनुरूपका उत्सवहरू सम्पन्न गर्ने, भोजभतेर खाने चिडिमार जातिका मानिसहरूका परम्पराहरू रहँदै आएका थिए । तर अहिलेको परिवर्तित अवस्थामा आधुनिक प्रविधिको विकास र बिस्तार हुँदै गएका कारण मनोरन्जन प्राप्त गर्ने परम्परागत शैलीमा पनि प्रसस्त फेरबदलहरू आएका पाइन्छन् । चिडिमार जातिका गाउँटोलका युवायुवतीहरू मिलेर भिडियो, सिडीहरू भाडामा वा किनेर ल्याएर रातभर विभिन्न किसिमका सिनेमा हेर्ने प्रचलन बढ्दै गएको छ (चिडिमार(फुलङ्गा), २० फाल्गुण २०७०) । त्यस्ता परिवर्तित कार्यहरूले चिडिमार समाजमा एकातिर खर्चमा वृद्धि हुनु स्वभविकै बनाएको छ भने अर्कातिर रातभर त्यसरी रमाइलो गरेर बस्दा युवायुवतीहरूमा चुरोट, विडी, खैनी, गुड्का, सूर्ती, जाँडरक्सी, धुम्रपान र मद्यपानजन्य बस्तुहरूको सेवन गर्नेहरूको सङ्ख्यामा पनि उतिकै वृद्धि हुँदै गएको छ । त्यस्ता कार्यले चिडिमार समाजमा यौनजन्य विकृतिहरू पनि बढ्न थालेका छन् (चिडिमार(राम सुहावन), २७ फाल्गुण २०७०) । त्यस्ता कार्यले चिडिमार समाजमा खर्च र अनुशासनहिनता दुवै बढ्ने गरेको पाइन्छ ।

चिडिमार समाजमा सूर्ती र सूर्तीजन्य बस्तुहरूको सेवन तथा जाँडरक्सीको सेवन गर्ने धेरै पुरानो परम्परा भए पनि अहिले त्यस्ता बस्तुहरूसँगै पान, गुट्का, सुपारी र सुपारीजन्य वस्तुहरू र अन्य लागूपदार्थहरूको समेत प्रयोग गर्ने प्रचलन युवाहरूमा अत्याधिक विकास हुँदै गएको पाइन्छ । त्यस्ता बस्तुहरूको सेवनमा मात्र एकजना व्यक्तिले सरदर दिनमा १० देखि ५० रूपैयाँसम्म खर्च गर्ने गर्दछन् (चिडिमार(राधाराम), २० फागुण २०७०) । विगतका दिनहरूको तुलनामा चिडिमार समाजमा चाडपर्वहरू मनाउने तौरतरिकामा पनि निकै परिवर्तनहरू देखा परिरहेको पाइन्छ । पाहुनापासाप्रति गरिने व्यवहार, खानपानका बस्तुहरू र खर्चमा पनि निकै परिवर्तनहरू आइरहेका छन् । यस चिडिमार समाजमा माछामासु असाध्यै लोकप्रिय खाना भए पनि पहिलेपहिले त्यस्ता बस्तुहरू जतिबेला खोज्यो त्यतिबेला सहजै उपलब्ध हुँदैनथे । माछामासु खान मन लागेमा वा चाडवाडका बेला गाउँटोलका सबैजना मिलेल सुँगुर वा अन्य खसीबोका काटेर खाने गर्दथे वा जङ्गलमा गएर चराचुरुङ्गी समातेर

ल्याउने गर्दथे । तर अहिले भने बजारमा जतिबेला खोज्यो त्यति बेला माछामासु पाइने हुनाले पाहुना आएका बेला भए घरको पैसाले र नभए सरसापट गरेर भए पनि तुरून्त बजारबाट माछामासु खरिद गरी ल्याउने परम्परा अन्य समुदायका मानिसहरूमा जस्तै चिडिमार समुदायका मानिसहरूमा पनि बढ्दै गएको छ (चिडिमार(अन्जनी), २० फाल्गुण २०७०) । यसरी उपभोग्य संस्कृतिमा आएको परिवर्तनका कारण चिडिमार जातिको खर्चमा पनि उतिकै वृद्धि हुन पुगेको पाइन्छ ।

उपभोग्य बस्तुहरूको प्रयोगकै सन्दर्भमा चिडिमार समाजमा विभिन्न विकृतिजन्य बस्तुहरूको प्रयोग गर्ने परम्परा पनि बढ्दै गएको पाइन्छ । यस चिडिमार जातिका युवाहरूले विभिन्न खालका लागूपदार्थको सेवन गर्ने, तासजुवा खेल्ने, खोपी, गुच्चा, लुडो आदि खेल्दा पनि पैसा बाजी राखेर अस्वस्थ प्रतिस्पर्धा गरेर खेल्ने परम्परा बढ्दै गएका कारण यस समाजमा खर्चको दायरा अझै बढ्दै गएको पाइन्छ । संयुक्त परिवारबाट एकल परिवार प्रणालीमा चिडिमार समाज आकर्षित हुँदै गएको तर उनीहरूसँग परिवार फुटेपछि घर बनाउने घडेरी वा जग्गाको अभाव रहेका कारण धेरै परिवार कि त सरकारी ऐलानी जग्गामा बस्ने कि त घर भाडामा लिएर बस्ने गरेको पाइन्छ । यस्ता कार्यले गर्दा चिडिमार जातिका मानिसहरू दिनानुदिन सुकुम्बासी पनि बन्दै गएका छन् । आफूसँग केही जग्गा हुनेहरूले सानोतिनो उत्पादनमा काम आउने जग्गा पनि घडेरीका रूपमा प्रयोग गर्न थालेपछि कृषि उत्पादनमा निकै ह्रास आएको छ (चिडिमार(जवाहिर), २६ फाल्गुण २०७०) । चिडिमार समाजमा भएका यस्ता खर्च र उपभोग्य संस्कृतिले गर्दा आर्थिक अनियमितता बढ्ने र जातीय पहिचानमा समेत असर पुग्ने गरेको पाइन्छ ।

## ६.१२ **निष्कर्ष**

मानवीय क्रियाकलापलाई व्यवस्थित समुन्नत, मर्यादित, आचरणयुक्त तथा सुसंस्कृत तुल्याउने उद्देश्यले संस्कृतिको विकास गरिएको हुन्छ । मानिसका भिन्न स्थान, वातावरण, सङ्गत आदिका आधारमा सांस्कृतिक भिन्नताहरू हुने गर्दछन् । नेपालमा हिमाली, पहाडी र तराई क्षेत्रमा बस्ने मानिसहरूका संस्कृतिका साथै फरकफरक जातजातिका संस्कृतिमा पनि भिन्नताहरू रहेका छन् । नेपालको मध्य-पश्चिमाञ्चलको तराईलाई प्रमुख बसोबास स्थल बनाउदै आएका चिडिमार जातिका पनि आफ्नै मौलिक संस्कार-संस्कृतिहरू रहेका छन् ।

अवधी भाषा बोल्ने चिडिमार जातिका मानिसहरूले नामकरण, मुण्डन, विवाह, मृत्यु र मृत्युपर्यन्तका संस्कारहरू दिन्दू धर्मअनुरुप नै सम्पन्न गर्ने गर्दछन् । यसका अतिरिक्त चिडिमार

जातिका मानिसहरूले नयाँ वर्ष, अक्षयतृतीया, भौंरी, नागनागिन पूजा, नागपञ्चमी, रक्षाबन्धन, कृष्णअस्टमी, तीज, दसैँ, तिहार, माघी, शीवरात्री, होली, चैतेदसैँ जस्ता चाडपर्वहरू पनि मनाउदछन् । खानपानमा यस जातिका मानिसहरूले दाल, भात, तरकारी, माछामासु, रोटी, जाँडरक्सी प्रमुख रुपमा खाने गर्दछन् । आर्थिक अवस्था सामान्य भएका कारण यस जातिमा यथोचित रुपमा स्वास्थ्य, शिक्षा र जनचेतनाको विकास हुन सकेको छैन । वर्तमान समयमा यस जातिमा नागरिकताको प्रमाणपत्र लिने, सरकारी अड्डाअदालतहरूबाट आवश्यकतानुसारका सहयोग लिने, समाजका अन्य मानिसहरूसँगको सम्बन्धमा वृद्धि गर्ने, बालबालिकाहरूलाई विद्यालय पठाउने, प्रौढ शिक्षामा सहभागी हुने, महिलाप्रतिको व्यवहारमा सुधार गर्ने जस्ता गतिविधिलाई आत्मसात गर्दै गएका छन् । आय आर्जन र बचत गर्ने विषयमा पनि चिडिमार जातिका मानिसहरू सचेत बन्दै गएका छन् ।

नेपालका तराई दलित समुदायका चिडिमार जातिका मानिसहरूले भूतप्रेतमा विश्वास गर्ने, हिन्दू देवदेवीका अतिरिक्त प्रकृति र चरा मार्ने जालको समेत पूजा गर्ने, छोरा र छोरी दुवैको कपाल मुण्डन संस्कार सम्पन्न गर्ने, विवाहका बेला दुलहीका घरबाट दुलहाका घरमा जन्ती लैजाने, विवाहमा चारा समात्ने जाल, नरकुल आदिसमेत दाइजोका रुपमा दिने, मानिसको मृत्यु भएपछि लोग्ने मानिसको दाह्रीकपाल काटीदिने र महिलाको भए कोरीबाटी गरिदिने, नङ्ग काटिदिने, मृतकको एउटा छोराले मात्र काजक्रिया सम्पन्न गर्ने, मृतकलाई गाड्ने बेलामा मुखमा मीठामीठा परिकार राखिदिने, क्रियापुत्रीले भन्दा बाहेक परिवारका अन्य सदस्यहरूले नुन नबार्ने, पितृलाई रक्सी र मासु चढाउने, रामनवमीका दिन भाकलअनुसार जिब्रो छेड्ने जस्ता चिडिमार जातिका मौलिक र अन्य जातजातिका भन्दा भिन्न संस्कारहरू रहेका छन् । यसका आधारमा चिडिमार जाति नेपालको तराईका दलितहरूमध्ये एक भिन्न र मौलिक संस्कार-संस्कृति भएको सीमान्तकृत र अल्पसङ्ख्यक अवस्थामा रहेको जाति भएको देखिन्छ ।